सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

आदेश

०८०-WF-००५६

मुद्दा :- उत्प्रेषणसमेत।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्की---------------------------------१ निवेदक

बिरुद्ध

प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश-------------------------------------------------१

माननीय कोशी प्रदेश प्रमुख, परशुराम खापुङ्ग-------------------------------------------१

कोशी प्रदेशसभाका सभामुख, माननीय अम्बरबहादुर विष्ट---------------------------१

सङ्कल्प प्रस्तावका प्रस्तावक, माननीय रेवतीरमण भण्डारी-----------------------------१ प्रत्यर्थी

सङ्कल्प प्रस्तावका समर्थक, माननीय गणेशप्रसाद उप्रेती-------------------------------१

सङ्कल्प प्रस्तावका समर्थक, माननीय किशोर चन्द्र दुलाल-----------------------------१

कोशी प्रदेश, नेपाल कम्युनिष्ट पार्टी (एमाले) को प्रदेश संसदीय दलका नेता माननीय हिक्मत कुमार कार्की---------------------------------------------------------------१

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर यस प्रकार रहेको छ:

तथ्यगत व्यहोरा

रिट निवेदनको व्यहोरा

१. नेपालको संविधानको धारा १६८ अन्तर्गतको उपधाराहरुमा प्रदेश मन्त्रिपरिषदको गठन सम्बन्धमा गरिएको व्यवस्थाहरु मध्ये ऐ. को उपधारा (१),(२),(३) को व्यवस्थाहरु मार्फत सरकार बनाउन नसकिएको अवस्थामा मध्यावधि निर्वाचनमा जानुपुर्वको अन्तिम विकल्पको रुपमा रहेको ऐ. को धारा १६८(५) बमोजिम मिति २०८०।०६।२५

गतेका दिन ४७ जना सभासदहरुको समर्थन पश्चात मुख्यमन्त्रीको पदमा मेरो नियुक्ति भएको हो। नियुक्ति पश्चात मिति २०८०।०७।०१ गतेका दिन कोशी प्रदेशसभाका ८६ जना माननीय सभासदज्यूहरुबाट मलाई विश्वासको मत प्राप्त भएको थियो। विश्वासको मत प्राप्त गरे पश्चात संविधान, प्रचलित संघीय र प्रदेश कानून बमोजिम देश र प्रदेशको हितको निमित्त लोकप्रिय एवं समग्र विकासको निमित्त आवश्यक कार्य गर्दै आएको छु ।

२. लगभग प्रदेशसभाका अधिकांश सभासद्ज्यूहरुबाट विश्वासको मत प्राप्त गरी निर्माण भएको मेरो नेतृत्वको सरकारलाई कुनै संवैधानिक एवं कानूनी आधार बिना प्रत्यर्थीहरुले चरणबद्ध ढंगबाट राजनैतिक दाउपेचको प्रयोगको रुपमा विपक्षी मध्येका माननीय रेवतीरमण भण्डारी समेतले सरकार परिवर्तन गर्ने संवैधानिक एवं कानूनी आधारको अनुपस्थितिमा प्रदेशसभामा सङ्कल्प प्रस्ताव नाम दिई एक प्रस्ताव दर्ता गरी सो प्रस्ताव उपर २०८१।०१।०७ गतेका दिन बहुमत सदस्यले पारित गरेको भनी मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने भनी प्रदेश प्रमुखलाई जानकारी गराएको रहेछ। उल्लेखित "सङ्कल्प प्रस्ताव" मा मिति २०८१।०१।२५ गतेका दिनसम्म विश्वासको मत नलिए अर्को वैकल्पिक सरकार गठन गरी विपक्षी मध्येका माननीय हिक्मत बहादुर कार्कीलाई मुख्यमन्त्री नियुक्त गरी पाउँ भन्ने व्यहोरा रहेछ। उक्त सङ्कल्प प्रस्ताव र "संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको तीस दिनभित्र प्रदेशसभाबाट मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता हुन नआएको जानकारी प्राप्त भएको" भन्ने व्यहोरा उल्लेख गरी विपक्षी मध्येका माननीय प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८(५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्तिको निमित्त दाबी पेश गर्न मिति २०८१।०१।२६ मा आव्हान गर्नु भएको रहेछ।सो आव्हानको आधारमा दाबी पेश गरेको भनि मिति २०८१।०१।२७ मा विपक्षी मध्येका मा. हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्री नियुक्त गरिएको सूचना प्रेषित गरिएको रहेछ।

३. यसरी संविधानको प्रष्ट व्यवस्था बमोजिम नियुक्त भएको मुख्यमन्त्री पदमुक्त भएको भन्ने सम्मको व्यहोरा समेत उल्लेख गर्न नसकी तथा संविधानको कुनै खास व्यवस्था पनि उल्लेख नगरी आत्मगत ढंगबाट "संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको" भन्ने आधारहिन र संविधानले परिकल्पना पनि नगरेको विषयलाई कपटपूर्ण तवरबाट उल्लेख गरी नयाँ मुख्यमन्त्रीको नियुक्तिको निमित्त दाबी पेश गर्न भएको आव्हान र उक्त आव्हान बमोजिम भएको भनिएको नियुक्ति प्रथम दृष्टीमै गैर-संवैधानिक छ। बहालमा रहेको सरकारको संविधान बमोजिम बहिर्गमन नभई नयाँ सरकार गठनको लागि माननीय प्रदेश प्रमुखज्यूबाट भएको आह्वान असंवैधानिक छ। संसदीय व्यवस्थामा संसदले मात्र सरकारको गठन र अन्त्य गर्न सक्ने हुन्छ। प्रदेश प्रमुखले मिति २०८१।०१।२६ मा गर्नु भएको आव्हान संविधानको अतिक्रमण एवं निज प्रदेश प्रमुखलाई नभएको अधिकार र क्षेत्राधिकार प्रयोग गरी भएको स्पष्ट छ। वैधानिक तवरबाट नियुक्त मुख्यमन्त्री अपदस्त

हेतु विपक्षीहरु बिच भएको मध्यरातको गठमेलको आधारमा गरिएको आव्हान संविधानको प्रतिकुल छ। प्रदेश प्रमुखबाट भएको उक्त आव्हान कार्यकारिणी विषय नभएको कारणबाट निज प्रदेश प्रमुखमा कार्यक्षमता एवं वाञ्छित निश्पक्षता पनि नरहेको प्रष्ट छ। अतः यही कारण पनि निज प्रदेश प्रमुख आफ्नो जिम्मेवारीमा रहन असक्षम भएको कारण निजलाई पदच्यूत गर्न उपयुक्त आदेश जारी हुनुपर्दछ। धारा १६८(५) अन्तर्गतको सरकार कायम रहेको अवस्थामा पुनः सोही धाराको प्रयोग गरी नयाँ सरकार निर्माण हुन सक्ने व्यवस्था हुन सक्दैन। संविधान बमोजिम निर्मित प्रदेश सरकारलाई अन्य अवैधानिक र असंवैधानिक सरकारले प्रतिस्थापन गर्नुपर्ने असंगत व्यहोरा रहेको उल्लेखित "सङ्कल्प प्रस्ताव"लाई आधार लिई प्रदेश प्रमुखबाट भएको निर्णयको कुनै संवैधानिक एवं शास्त्रिय आधार पनि छैन।

४. प्रदेशसभाबाट पारित भएको भनिएको कथित "सङ्कल्प प्रस्ताव"को आधारमा प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गबाट नयाँ सरकार बनाउने गरी गरिएको आव्हान संविधानले परिकल्पना गरेको सरकारको स्थायित्वको प्रष्ट सिद्धान्त प्रतिकुल पनि छ। संविधानको धारा १८८(४) मा उल्लेख भएको अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्थालाई प्रयोजनहिन बनाउने गरी विपक्षीबाट भएको निर्णय र आव्हानले प्रत्यक्ष गर्न नमिल्ने वा राख्न नमिल्ने अविश्वासको प्रस्ताव परोक्ष वा घुमाउरो तवरबाट "सङ्कल्प प्रस्ताव"को संज्ञा दिई माननीय मुख्यमन्त्रीज्यूलाई विश्वासको मत लिन निर्देशन गरिएको स्वतः प्रष्ट छ। उक्त प्रस्तावमा उल्लेख भएको धारा १८८(२) संविधानको धारा १६८(५) अन्तर्गत नियुक्त भएको मुख्यमन्त्रीको हकमा लागु हुन सक्ने पनि होइन। विश्वासको मत लिन आवश्यक भएमा मुख्यमन्त्रीले १८८(१) अन्तर्गत विश्वासको मत लिन सक्ने व्यवस्था संविधानमा रहेकोमा उक्त व्यवस्था अन्तर्गत लिने विश्वासको मत प्रदेशसभाका सांसदको सङ्कल्प प्रस्ताव वा चाहना अनुरुप लिनुपर्ने संविधानको मर्म र प्रावधान पनि होइन। उक्त प्रस्ताव, सो प्रस्तावको आधारमा भए गरेका कार्य र निर्णय पनि समानरुपमा खारेजभागी छ। मुलतः सङ्कल्प प्रस्तावका माध्यमबाट सरकारलाई कुनै नीतिगत विषयमा निर्देशन सम्म गर्न सकिने हुनसक्छ, सरकार परिवर्तन वा गठन गर्न सक्ने संवैधानिक मान्यता सङ्कल्प प्रस्तावको हुन सक्दैन। नेपालको संविधान विरुद्ध सङ्कल्प प्रस्तावको आधारमा निर्णय हुन सक्दैन। त्यस अतिरिक्त विपक्षी प्रदेश प्रमुखको निर्णय र आव्हानमा मैले विश्वासको मत नलिएको भन्ने कारण पनि उल्लेख भएको परिप्रेक्ष्यमा मैले संविधानको कुन व्यवस्था र प्रावधानको अधिनमा रही विश्वासको मत लिन पर्ने हो समेत खुल्न नसकेकोबाट पनि प्रदेश प्रमुखको निर्णय र आव्हान संविधान अनुरुप नभई केवल राजनैतिक दाउँपेचबाट प्रेरित रहेको प्रष्ट छ।

५. संविधानको धारा १६८(५) अन्तर्गत निर्मित सरकारलाई दिएको समर्थन फिर्ता हुन सक्ने व्यवस्था संविधानले पनि परिकल्पना नगरेकोमा सङ्कल्प प्रस्तावको आधारमा विश्वासको

मत नलिएको भन्ने आधार देखाई नयाँ मुख्यमन्त्रीको नियुक्तिको निमित्त दाबी पेश गर्न मिति २०८१।०१।२६ मा प्रदेश प्रमुखले गर्नु भएको आव्हान, निर्णय, पत्राचार एवं सूचना तथा सरकारको निर्माण र अन्त्यको नियमन गर्ने संवैधानिक व्यवस्थालाई निष्प्रभावी बनाउने उद्देश्यको साथ मिति २०८१।०१।०७ मा पारित भएको भनिएको सङ्कल्प प्रस्ताव उत्प्रेषणको आदेशले बदर गरी पाउँ। साथै असंवैधानिक निर्णय र आव्हानको आधारमा मुख्यमन्त्रीमा नियुक्त गरिएको भनिएका माननीय हिक्मत कुमार कार्कीको नियुक्ति बदर गर्न उत्प्रेषणको आदेश जारी गरी पाउँ।

६. संविधान बमोजिम पदमुक्त हुने कुनै पनि व्यवस्था मेरो हकमा लागु हुने अवस्था नरहेको कारणबाट मुख्यमन्त्रीको रुपमा मेरो नियुक्ति निरन्तर रहेको भनी सोही अनुरुपको कार्य गर्नु गराउनु भनि विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाउँ। साथै संविधान बमोजिम सुचारु ढंगबाट सरकार सञ्चालनमा कुनै पनि रोकतोक नगर्न तथा मुख्यमन्त्रीमा मेरो नियुक्ति यथावत राख्न आवश्यक आज्ञा आदेश जारी गरी पाउँ।

७. माथि वर्णन गरिएका संवैधानिक व्यवस्थाको आधारमा म निवेदकलाई पुग्न सक्ने अपुरणिय क्षति, संविधानको निरन्तर उल्लङ्घन एवं सुविधा सन्तुलनको दृष्टीकोणबाट यस बिवादको अन्तिम निरोपण नभए सम्मको लागि विपक्षी प्रदेश प्रमुखले जारी गर्नु भएको मिति २०८१।०१।२६ को आव्हान, सूचना, निर्णय एवं पत्राचार कार्यान्वयन नगर्न नगराउन एवं उक्त असंवैधानिक आव्हानको आधारमा दावी पेश गरेको भनी मुख्यमन्त्रीमा नियुक्त गरिएको भनिएका माननीय हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्रीको जिम्मेवारीमा कुनै काम कारवाही नगर्न नगराउन तथा मलाई यथावतरुपमा आफ्नो जिम्मेवारी बहन गर्न कुनै पनि प्रकारको व्यवधान नगर्न नगराउन सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने बेहोराको मा. केदार कार्कीले मिति २०८१।०१।२७ मा यस अदालतमा पेश गर्नु भएको रिट निवेदन।

कारण देखाउ आदेश

८. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश भएको मितिले (१०) दश दिन भित्र थाम्ने थमाउने म्याद कायम नरहने गरी प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत, प्रत्यर्थी नं. ३ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. ४, ५, ६ र ७ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विषयवस्तुको गाम्भिर्यताका कारण मिति २०८१।०२।०९ को पेशी समेत तोकी सोको जानकारी महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय तथा निवेदनमा उल्लिखित दुवै पक्षलाई दिई नियमानुसार पेश गर्नू।

साथै, निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सम्बन्धमा विचार गर्दा प्रस्तुत निवेदनमा मुलतः निम्न लिखित प्रश्नहरु समाहित भएको देखियोः

- संविधानको धारा १६८(५) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले समर्थन गर्ने दल तथा सदस्यहरुले समर्थन फिर्ता लिएको जानकारी गराएपछि धारा १८८(२) बमोजिमको विश्वासको मत लिनु पर्ने हो वा होइन?
- धारा १६८(५) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीको पद धारा १६९(१) को अवस्था भन्दा वाहेक अन्य तरिकाबाट रिक्त हुन सक्छ वा सक्दैन?
- धारा १६८(५) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले धारा १८८(४) मा उल्लिखित स्पष्टिकरणको सुविधा प्राप्त गर्न सक्छ वा सक्दैन?
- कोशी प्रदेश प्रमुखको मिति २०८१।०१।२६ को विज्ञप्तीको संवैधानिक आधार तथा उक्त विज्ञप्ती भित्र उल्लिखित सङ्कल्प प्रस्तावको संवैधानिक र कानूनी बैधता के कसो हो ?
- प्रदेश सरकार गठन विघटनमा प्रदेश प्रमुख तथा प्रदेशसभाको क्षेत्राधिकारको परिधि र सिमा के कसो हो?

यस निवेदनमा उल्लिखित संविधानको व्याख्याको विषय अन्तर्निहित भएको देखिंदा उक्त विषयहरुको निरुपण पूर्ण सुनुवाईबाट हुनुपर्ने देखिएकोले हाललाई निवेदकको माग बमोजिमको अन्तरिम आदेश जारी गरी रहनु परेन भन्ने व्यहोराको यस अदालतबाट मिति २०८१।०१।२८ मा भएको आदेश।

## प्रत्यर्थीहरुको लिखित जवाफ व्यहोरा

### कोशी प्रदेशसभाका सभामुख, अम्बरबहादुर विष्टको लिखित जवाफ

९. म लिखित जवाफ प्रस्तुतकर्ता अम्बर बहादुर विष्ट २०७९ सालमा सम्पन्न भएको प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट प्रदेशसभा सदस्य पदमा निर्वाचित भएको हुँ। मिति २०८०।०९।२४ मा म कोशी प्रदेशसभाको सभामुखमा निर्वाचित भईसकेपछी मैले आफू आवद्ध रहेको दलको आवद्धतासँग अलग भई नेपालको संविधान तथा कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को अधिनमा रही प्रदेशसभामा सभामुखले निर्वाह गर्नुपर्ने भूमिका निष्पक्ष र तटस्थ रुपले निर्वाह गर्दै आईरहेको छु। नेपालको संविधान बमोजिम मुख्यमन्त्रीको नियुक्ति प्रदेश प्रमुखबाट हुने तथा मुख्यमन्त्रीले विश्वासको मत लिने वा मुख्यमन्त्री उपर अविश्वासको प्रस्ताव सम्बन्धी कारवाहीको परीक्षण नेपालको संविधान, तथा कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ बमोजिम प्रदेशसभाबाट हुने संवैधानिक तथा कानूनी व्यवस्था भएको हुँदा मुख्यमन्त्री नियुक्ति सम्बन्धमा प्रदेशसभाका सभामुखलाई नेपालको संविधान र प्रचलित कानूनले कुनै अधिकार प्रदान गरेको छैन।

१०. कोशी प्रदेशसभाका सभामुखबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हक अधिकारमा असर पर्ने कार्य नगरेको हुँदा निवेदकले निवेदनमा सभामुखको के कुन कार्यबाट वा सभामुखले निर्वाह गरेको भूमिकाबाट निवेदकको संवैधानिक तथा कानूनी हक, अधिकारमा हनन् भएको भनी स्पष्ट रुपमा दावी गर्न सकेको अवस्था छैन। तसर्थ नेपालको संविधान, तथा कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को अधिनमा रही प्रदेशसभामा सभामुखले निर्वाह गरेको कुन कार्यबाट निवेदकको हक, अधिकारमा असर परेको भनी निवेदकले स्पष्ट दावी लिन नसकेको अवस्थामा प्रस्तुत रिट निवेदनमा सभामुखलाई विपक्षी बनाईरहनु पर्ने होईन। प्रदेशसभाका सभामुखको हकमा दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी छ। निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने होईन। निवेदकको कुनै संवैधानिक वा कानूनी हक अधिकार हनन् नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको अम्बरबहादुर विष्ट सभामुख कोशी प्रदेशसभाको लिखित जवाफ।

<u>कोशी प्रदेशका प्रदेश प्रमुख, परशुराम खापुङ्को लिखित जवाफ</u>

११. नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम माननीय केदार कार्कीको नेतृत्वमा मिति २०८०।०६।२७ गते गठन भएको कोशी प्रदेश सरकारलाई कोशी प्रदेशसभाका बहुमत सदस्यहरूको विश्वासको मत प्राप्त भएकोमा मिति २०८०।१२।२६ गते कोशी प्रदेशसभाका ५२ जना सदस्यहरूले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको सम्बन्धी निवेदन पत्र प्राप्त भएको र मिति २०८०।१२।२७ गते कोशी प्रदेशसभाको अधिवेशन आह्वान गर्ने निर्णय बमोजिम मिति २०८१।०१।०७ गते कोशी प्रदेशसभाबाट सङ्कल्प प्रस्ताव बहुमतले पारित भएको जानकारी कोशी प्रदेशसभा सचिवालयको च.नं. ३३५, मिति २०८१।०१।१० गतेको पत्रमार्फत भएको साथै उक्त सचिवालयको च.नं. ३५०, मिति २०८१।०१।२६ गतेको पत्रमार्फत संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको तीस दिनभित्र प्रदेशसभाबाट मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता हुन नआएको जानकारी प्राप्त भएको हुँदा नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकार गठन गर्नका लागि कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने कोशी प्रदेशसभाका कुनै सदस्यलाई मिति २०८१ साल बैशाख २८ गते शुक्रबार अपरान्ह ५:०० बजेभित्र आफ्नो दाबी पेश गर्न मिति २०८१।०१।२६ गते आह्वान गरेकोमा मिति २०८१।०१।२७ गते मुख्यमन्त्री पदमा नियुक्तिका लागि प्रदेशसभा सदस्य हिक्मत कुमार कार्कीले ५२ जना प्रदेशसभा सदस्यहरूको समर्थन रहेको भनी हस्ताक्षरसहित दाबी पेश गरेकोमा सो दाबीकर्ताका समर्थनमा हस्ताक्षर गर्नुभएका सम्पूर्ण प्रदेशसभा सदस्यहरूको मिति २०८१।०१।२७ गते नै सनाखत गराउँदा दाबी कर्ताको पक्षमा ५२ जना प्रदेशसभा सदस्यको सनाखत

भएको र सो संख्या कोशी प्रदेशसभामा तत्काल कायम रहेको ९३ जना सदस्यको स्पष्ट बहुमत रहेको हुनाले मिति २०८१।०१।२७ गते दाबीकर्ता प्रदेशसभा सदस्य माननीय हिक्मत कुमार कार्कीलाई नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त गरेको हुँ।

१२. नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम मुख्यमन्त्रीले प्रदेश सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा तीस दिनभित्र विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्ने व्यवस्था भएको साथै प्रदेश सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा वा प्रदेशसभाका सदस्यले आफ्नो स्वतन्त्र विवेक र बुद्धिमता प्रयोग गरेर समर्थन फिर्ता लिएमा पनि तीस दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्ने सर्वोच्च अदालतद्वारा स्थापित नजीर (०७७- WC-००७१, प्रकरण नं. ८६) बमोजिम कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री केदार कार्कीलाई सो संवैधानिक व्यवस्था र स्थापित नजीर कायम गर्न गराउन संविधान बमोजिम हदम्यादको व्यवस्था भएकोमा सो समयावधिभित्र निजबाट नेपालको संविधानको धारा १६८ को उपधारा (१०), धारा १६९ को उपधारा (१) को खण्ड (क) र धारा १८८ को उपधारा (१) र (२) बमोजिमको संवैधानिक कर्तव्यसमेत बहन नगरेको देखिएको र संवैधानिक सर्वोच्चता र संसदीय सर्वोच्चताको स्थापित मुल्य, मान्यता, अभ्यास र प्रचलनलाई समेत आत्मसाथ नगरेको देखिएको साथै प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरी वैकल्पिक सरकार गठन गर्न सक्ने आधार समेत बहुमत प्रदेशसभा सदस्यबाट दाबी प्रस्तुत हुन आएसँगै सरकार स्पष्ट रूपमा अल्पमतमा परेको सन्दर्भमा संवैधानिक सर्वोच्चता स्थापित गर्न साथै प्रदेशसभा र प्रदेश सरकारको संविधान बमोजिम हुने काम कारवाहीको प्रक्रियालाई जटिलतातर्फ उन्मुख हुन नदिई राजनीतिक स्थिरतासहितको नयाँ वैकल्पिक सरकार गठन गर्न नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेश सरकार गठन गर्न आह्वान र आह्वान बमोजिमको नियुक्तिको निर्णय गरेको हुँ।

१३. मुख्यमन्त्री नियुक्तिका लागि आह्वानको विषय र नियुक्तिको विषयमा मैले संविधान बमोजिम कार्य गरेको हुँ। मैले आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरी निर्णय गरेको अवस्था होईन, छैन। मेरो निर्णयले रिट निवेदकको कानूनी हक हितमा असर पुगेर निजलाई अपुरणीय क्षति पुगेको अवस्था होईन। संविधान र कानूनले तोकेको विधि र प्रक्रिया पालना गरी गरिएको निर्णय उत्प्रेषणको आदेशले बदर हुने होइन। प्रदेश प्रमुख सम्बन्धी व्यवस्था संविधानको धारा १६३ को उपधारा (१) बमोजिम हुने हुनाले संविधान बमोजिम मैले गरेको आह्वान र आह्वान बमोजिमको नियुक्तिको निर्णयलाई प्रदेश प्रमुखको जिम्मेवारीमा रहन गएको असक्षम भएको भनी लिएको जिकिर कपोलकल्पित, झुट्टो र कपटपूर्ण रहेको स्पष्ट छ। संविधान बमोजिम जिम्मेवारी बहन गर्ने सिलसिलामा गरेको निर्णयलाई मेरो कार्यक्षमता र निष्पक्षतामाथि प्रश्न उठाइ पदच्यूत गर्न आदेश माग गर्नु

आफैमा गैरसंवैधानिक छ। उल्लिखित आधार र कारणहरूबाट मलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन स्वत: बदरभागी रहेकोले खारेज गरी पाउँ भन्ने बेहोराको कोशी प्रदेशको प्रदेश प्रमुख परशुराम खापुङ्गको लिखित जवाफ।

सङ्कल्प प्रस्तावकका प्रस्तावक रेवतीरमण भण्डारी समेतको लिखित जवाफ

१४. रिट निवेदकले "कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री" भनेर आफ्नो परिचय दिई निवेदन दर्ता गरेको भए पनि सम्मानित अदालतमा यो निवेदन दर्ता हुनु अघि नै लिखित जवाफवाला मध्येका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भई पद बहाली गरिसकेकोले उहाँको पदीय हैसियतसम्बन्धी दावी गैरकानूनी छ। उहाँको पदीय हैसियत कोशी प्रदेशको प्रदेशसभा सदस्यमात्र हो। उहाँ मुख्यमन्त्री नभई माननीय हिक्मतकुमार कार्की मुख्यमन्त्री भएको उहाँले नै स्वीकार गरी, "मिति २०८१।१।२७ मा विपक्षी मध्येका मा. हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्री नियुक्त गरिएको सूचना प्रेषित गरिएको रहेछ" भनी रिट निवेदनको पृष्ठ २ प्रकरण नं. १ (ख) मा लेखेबाट प्रमाणित छ ।

१५. रिट निवेदकको नेतृत्वमा कोशी प्रदेशको सरकार बनाउन पहिला समर्थन दिइएको थियो। उहाँलाई जुन उद्देश्यका साथ समर्थन गरिएको थियो त्यो उद्देश्य अनुरूप उहाँले केही पनि काम गर्नु भएन। उहाँले पदीय जिम्मेवारी ठीक ढंगले निर्वाह नगरेको, समर्थन दिने दल र माननीय सदस्यहरू प्रति लक्षित गरी अनुचित र अस्वाभाविक अभिव्यक्ति पटक-पटक दिएको, सरकारी रकम अनुचित रूपमा खर्च गर्ने गरेको र प्रादेशिक संरचनाकै प्रतिष्ठामा आँच आउने व्यवहार गर्ने जस्ता गम्भीर र असह्य कार्य गरेकोले निवेदकको नेतृत्वमा सरकार बनाउँदा र मिति २०८०।०७।०१ मा विश्वासको मत लिंदा दिएको समर्थन कायम राखिराख्न सक्ने अवस्था रहेन। त्यसैले मिति २०८०।१२।२६ मा समर्थन फिर्ता लिएको जानकारी निवेदक, प्रदेश प्रमुख तथा कोशी प्रदेशका सभामुखलाई जानकारी दिएका थियौं। कसलाई समर्थन दिने र कहिले समर्थन फिर्ता लिने भन्ने सम्बन्धित दल र सदस्यको निजी निर्णयको विषय हो। एक पटक दिएको समर्थन अमुक समयसम्म फिर्ता लिन मिल्दैन भन्ने हुँदैन। समर्थन गर्ने र फिर्ता लिने स्वविवेकको विषय हो। त्यसैले त्यो विषय न्यायिक परीक्षण बाहिरको विषय हो।

१६. हामीले दिएको समर्थन फिर्ता लिएको भनेर मिति २०८०।१२।२६ मा पत्र दिएपछि धारा १८८ (२) मा वर्णित दोस्रो परिस्थितिको सिर्जना भएकोले निवेदकले नै विश्वासको मतको लागि प्रस्ताव गर्नुपर्नेमा उहाँले विश्वासको मत पनि नलिने र सरकारको नेतृत्व पनि गरिरहने प्रयास गर्नुभयो। धारा १६८ अन्तर्गतका जुनसुकै उपधारा अनुसारका सरकार निर्माण भए पनि त्यसले प्रदेशसभाको बहुमत सदैव कायम राख्नुपर्छ, अन्यथा सरकार अल्पमतमा पर्छ। तर निवेदकले सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएपछि अनिवार्यरूपमा लिनुपर्ने विश्वासको मत नलिई सरकारलाई निरन्तरता दिई गैरसंवैधानिक कार्य गरिरहनु भएको थियो। गैरसंवैधानिक रूपमा उहाँको नेतृत्वको

सरकारलाई निरन्तरता दिन उहाँ उद्धत हुनुभएको रिट निवेदनको दाबीबाट पनि स्थापित छ ।

१७. कोशी प्रदेशसभामा ९३ सदस्य संख्याको छ। सरकारको नेतृत्व गर्नेले ९३ सदस्य संख्याको बहुमत कम्तीमा ४७ सदस्यहरूको बहुमत सदैव कायम राखीरहनु पर्छ। माननीय केदार कार्कीको नेतृत्वलाई नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सबादी लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) का ५२ जना सदस्यहरूले समर्थन फिर्ता लिएपछि स्वतः अल्पमतमा थियो। मिति २०८०।१२।२६ बाट नै अल्पमतमा परेको सरकारले प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेमा विश्वासको मत लिनुको सट्टामा प्रदेशसभाबाट आवश्यक बहुमतको समर्थन नखोजी गैरसंवैधानिक रूपमा सरकारलाई निरन्तरता दिएकोले उहाँलाई प्रदेशसभामा बहुमतको समर्थन हासिल गर्न निर्देशन दिन सङ्कल्प प्रस्ताव पारित गरिएको हो। त्यसको कारक हामी लिखित जवाफवालाहरू नभई निवेदक स्वयं नै हो। हामीले गरेको काम संविधान अनुरुप नै छ।

१८. संविधानको धारा १६८(५) बमोजिम बनेको सरकारले बिश्वासको मत नै प्राप्त गर्नु नपर्ने वा एक पटक प्राप्त गरेको मतले प्रदेशसभाको कार्यकाल रहुन्जेलसम्मको लागि वा मुख्यमन्त्रीको इच्छा वा जीवनकाल रहुन्जेलको लागि निष्कण्टक रहने भन्ने कुनै संवैधानिक वा कानूनका व्यवस्था छैनन्। धारा १६८(५) अनुसार सरकार बन्दा पनि त्यसले प्रदेशसभामा बहुमत कायम राख्नु पर्दैन भन्ने होइन। धारा १६८ का जुनसुकै उपधारा अन्तर्गत बन्ने सरकारले पनि प्रत्येक पल प्रदेशसभाको विश्वास कायम राखिरहनु पर्छ। त्यो कुरा धारा १६८(५) मा प्रयोग भएको "... कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा..." भन्ने संविधानको पाठ (Constitutional text) बाट नै स्पष्ट छ ।

१९. सरकारलाई समर्थन दिने र सरकारमा संलग्न दल सरकारबाट अलग भई समर्थन फिर्ता लिएपछि आफू स्पष्टसँग अल्पमतमा परेपछि उहाँले विश्वासको मतको लागि प्रयास नगर्नु भएकोले प्रदेशसभाबाट उहाँलाई विश्वासको मत हासिल गर्न निर्देशन दिने भनी मिति २०८१।०१।०७ मा सङ्कल्प प्रस्ताव पारित भएको थियो। सङ्कल्प प्रस्तावअनुसार उहाँले विश्वासको मत हासिल गर्नेतर्फ केही कदम नचालेकोले माननीय प्रदेश प्रमुखज्यूले मिति २०८१।०१।२७ मा माननीय हिक्मतकुमार कार्कीलाई कोशी प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्त गर्नुभयो। माननीय हिक्मतकुमार कार्कीले मिति २०८१।०१।३१ गते प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन गरिरहनु भएको छ। उल्लिखित सबै कार्यहरू संविधानसम्मत् भएकोले सम्मानित अदालतले निवेदन मागअनुसार आदेश जारी गर्नुपर्ने आवश्यकता र औचित्य नै बाँकी छैन।

२०. जहाँसम्म सङ्कल्प प्रस्तावको संवैधानिकताको प्रश्न छ त्यस सम्बन्धमा के रहेको छ भने कार्यपालिका वा मुख्यमन्त्री सदैव व्यवस्थापिका (प्रदेश सभा) प्रति जवाफदेही र उत्तरदायी हुन्छ। कार्यपालिकालाई व्यवस्थापिका प्रति उत्तरदायी बनाउने बिभिन्न संवैधानिक संयन्त्रहरु संविधान स्वयं र संसदको (प्रदेश सभा) को नियमावलीमा व्यवस्था गरिएको हुन्छन्। सरकार बनाउने विभिन्न संयन्त्र मध्ये समिति प्रणाली प्रश्नोत्तरको समय र सङ्कल्प प्रस्ताव जस्ता संयन्त्रहरु मार्फत नै कार्यपालिकालाई व्यवस्थापिका प्रति उत्तरदायी बनाईन्छ। यो नै संसदीय व्यवस्थाको आत्मा हो। संसदीय व्यवस्थाका यीनै मूलभूत मुल्य मान्यता र प्रदेशसभाले सङ्कल्प प्रस्ताव पारित गरी निवेदकलाई उत्तरदायी र जवाफदेही बनाउन निर्देशित गरेकोले यस प्रकारको निर्देशनको पालना र सम्मान गर्नु निवेदकको संवैधानिक दायित्व भित्रैको विषय हो। त्यसमा पनि सङ्कल्प प्रस्ताव मार्फत निवेदकलाई केवल विश्वासको मत लिन सम्म आग्रह गरिएको हो। प्रदेशसभाले पारित गरेको सो सङ्कल्प प्रस्तावको पालना नगरी विश्वासको मत नलिने निवेदकको कार्य संवैधानिक नैतिकता समेतको विपरित भएकाले अल्पमतमा परेको निवेदकलाई शासन गर्ने वैधता नरहने हुँदा रिट निवेदन खारेज भागी छ ।

२१. त्यसैगरी प्रदेश सरकारको गठन विघठनमा प्रदेश प्रमुख तथा प्रदेशसभाको भूमिकाको बारेमा के रहेको छ भने नेपालको संविधानको धारा १६६(१) बमोजिम प्रदेश प्रमुखले संविधान बमोजिमको अधिकारको प्रयोग गर्ने हुनाले प्रदेशसभाले पारित गरेको सङ्कल्प प्रस्ताव र प्रदेशसभाका बहुमत माननीय सदस्यहरुले मुख्यमन्त्रीलाई दिएको समर्थन व्यक्तिगत र दलगत रुपमा फिर्ता लिईसकेको अवस्थामा तत्क्षण नै मुख्यमन्त्रीको पद रिक्त भएको अबस्थामा अर्को सरकार गठनका लागि माननिय प्रदेश प्रमुखले गर्नु भएको आह्वान संविधान सम्मत र प्रदेश प्रमुखको स्वविवेकीय अधिकार भित्र पर्ने भएकाले Doctrine of Political Question को आधारमा यस्तो विषयमा न्यायिक पुनरावलोकन हुन नसक्ने भएको हुँदा रिट निवेदन खारेज गरी पाँउ भन्ने सङ्कल्प प्रस्तावका प्रस्तावक रेवतीरमण भण्डारी समेतको लिखित जवाफ।

प्रत्यर्थी हिक्मत कुमार कार्कीको लिखित जवाफ

२२. म लिखितजवाफवाला संलग्न रहेको दलले निवेदकलाई दिएको समर्थन फिर्ता लिएको भनेर ३९ जना प्रदेशसभाका सदस्यहरूले हस्ताक्षर गरी मिति २०८०।१२।२६ मा नै पत्र दिइसकिएको थियो। लिखितजवाफवालाको दलमात्र नभई पहिला समर्थन गर्ने अन्य दलले पनि निवेदकलाई दिएको समर्थन फिर्ता लिई सक्नु भएको थियो। यसको अतिरिक्त निजलाई विश्वासको मत दिने प्रदेशसभाका ४७ जना सदस्य मध्ये ३ जना सदस्यले विश्वासको मत फिर्ता लिनु भएको थियो। यो तथ्यलाई निवेदनमा कहीं पनि उल्लेख गरिएको छैन। उहाँले आफूलाई दिएको समर्थन फिर्ता लिएको वा नलिएको भन्ने केही पनि उल्लेख नगरी त्यसभन्दा पछिको सङ्कल्प प्रस्तावको मात्र उल्लेख गर्नुभएकोले

निवेदकले मूल कारक तथ्य नै लुकाउनु भएको छ। निवेदकको सरकार कायम नरहनुको कारण मिति २०८१।०१।०७ मा प्रदेशसभाबाट पारित सङ्कल्प प्रस्ताव नभई त्यसभन्दा अघि निजलाई समर्थन गर्ने ४७ मध्ये ३९ जनाले मिति २०८०।१२।२६ मा विश्वासको मत फिर्ता लिएको कारणबाट सङ्कल्प प्रस्ताव राख्नु पर्ने र त्यो पारित हुने कारण समर्थन फिर्ता र समर्थन फिर्ता भइसकेपछि निवेदकले पूरा गर्नुपर्ने संवैधानिक कर्तव्य पूरा नगर्नुको परिणति मात्र हो। अतः मूल तथ्य नै लुकाएर सम्मानित अदालत प्रवेश गर्ने कार्य मुख्यमन्त्री भइसकेको व्यक्तिको लागि पटक्कै शोभनीय छैन। यस्तो क्रियाले केही अनुकरणीय पद्धति बसाउन सहयोग गर्दैन बरु सत्ताभोगको लालचामात्र देखाउँछ। मूल तथ्य लुकाएर प्रवेश गर्नेलाई अदालतले मद्दत गर्न सक्दैन भन्ने रिट निवेदनको सिद्धान्त, त्यही सिद्धान्तमा आधारित भएर यस सम्मानित अदालतबाट मागअनुसार आदेश जारी हुन सक्दैन।

२३. निवेदकको दावी प्रदेश प्रमुखलाई "अक्षम" भएको भन्ने निवेदककै आरोपको आधारमा पदमुक्त गर्नको लागि हो कि मलाई मुख्यमन्त्री नियुक्त गरिएको विरुद्धको हो भन्ने पनि अस्पष्ट छ। निवेदनको प्रकरण नं. १ (ग) मा, अन्य कुराका अतिरिक्त, "... प्रदेश प्रमुखबाट भएको उक्त आह्वान कार्यकारिणी विषय नभएको कारणबाट निज प्रदेश प्रमुखमा कार्यक्षमता एवं वाञ्छित निश्पक्षता पनि नरहेको प्रष्ट छ। अतः यही कारण पनि निज प्रदेश प्रमुख आफ्नो जिम्मेवारीमा रहन असक्षम भएको कारण निजलाई पदच्यूत गर्न उपयुक्त आदेश जारी हुनुपर्दछ भनेर माग गर्नुभएको छ भने अर्कोतर्फ कोशी प्रदेशसभाबाट मिति २०८१।०१।०७ मा पारित भएको सङ्कल्प प्रस्ताव, मिति २०८१।०१।२६ मा प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्तिको लागि दावी पेश गर्न गर्नुभएको आह्वान, मुख्यमन्त्री पदमा म लिखित जवाफवालालाई मिति २०८१।०१।२७ मा गरिएको नियुक्ति बदर माग गर्दै निवेदकको मुख्यमन्त्रीको पद कायमै रहेको घोषणा गरी सोही अनुरूपको काम गराउन आदेश माग गर्नुभएको छ । उल्लिखितानुसार निवेदकको माग नै अन्तर्द्वन्द्वी र अस्पष्ट हुँदा निवेदकले कुन कुराचाहिँ मागेको होला भनेर अदालत आफैंले छानेर आदेश जारी गर्न मिल्दैन।

२४. म लिखित जवाफवालाको दलले र निजलाई विश्वासको मत दिने प्रदेशसभा सदस्यहरुले निवेदकको नेतृत्वमा गठन भएको सरकारलाई दिएको समर्थन मिति २०८०।१२।२६ मा फिर्ता लिइसकेको छ। सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेशसभामा निवेदकको सरकारको बहुमत कायम रहन नसक्ने विषयमा निवेदकले केही विवाद गर्नुभएको छैन। त्यसैले ती तथ्यहरू स्वयंसिद्ध र निर्विवाद तथ्यको रूपमा स्थापित छन्। धारा १६८ (५) बमोजिम बनेको सरकारले विश्वासको मत नै प्राप्त गर्नु नपर्ने वा एक पटक प्राप्त गरेको मतले प्रदेशसभाको कार्यकाल रहुन्जेलसम्मको लागि वा मुख्य मन्त्रीको इच्छा वा जीवनकाल रहुन्जेलको लागि निष्कण्टक रहने भन्ने कुनै संवैधानिक र/वा

कानूनका व्यवस्था छैनन्। धारा १६८ (५) अनुसार सरकार बन्दा पनि त्यसले प्रदेशसभामा बहुमत कायम राख्नु पर्दैन भन्ने होइन। धारा १६८ का जुनसुकै उपधाराअन्तर्गत बन्ने सरकारले पनि प्रत्येक पल प्रदेशसभाको विश्वास कायम राखीरहनु पर्छ। त्यो कुरा धारा १६८ (५) मा प्रयोग भएको "... कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा..." भन्ने वाक्यांशबाट संविधानको पाठ (Constitutional text) बाट नै स्पष्ट छ। २०८० चैत्र २६ गते समर्थन फिर्ता भइसकेपछि निवेदकको सरकार सोही मितिदेखि नै अल्पमतमा परिसकेको तथ्यको आधारमा विपक्षीको रिट खारेजभागी छ।

२५. विश्वासको मतको सम्बन्धमा संविधानको धारा १८८ मा ३ किसिमका व्यवस्थाहरू छन्। पहिलो, मुख्यमन्त्री स्वयंले आवश्यकता ठानेर आफूलाई प्रदेशसभाको विश्वास छ भनेर सिद्ध गर्नको लागि प्रस्ताव गर्ने, दोस्रो, आफूले प्रतिनिधित्व गरेको दल विभाजन भए पनि आफूले अझै प्रदेशसभाको बहुमतको विश्वासको प्रतिनिधित्व गरिरहेको छु भनेर प्रमाणित गर्ने र तेस्रो, पहिला समर्थन गर्ने दलले आफ्नो समर्थन फिर्ता लिए पनि विश्वासको मत लिनुपर्छ। पहिलो मुख्य मन्त्रीको स्वेच्छामा निर्भर गर्छ भने पछिल्ला दुईवटा परिस्थिति सिर्जना भएमा मुख्यमन्त्रीले धारा १८८ (२) अनुसार अनिवार्य रूपमा विश्वासको मत लिनुपर्छ। निवेदकले पद गुमाउनुको कारण उहाँलाई समर्थन गर्ने दल र प्रदेशसभा सदस्यले समर्थन फिर्ता लिएपछि पनि सरकारलाई प्रदेशसभाको बहुमतको समर्थन छ भनेर १८८(२), १६८(५) र (६) अनुसार सिद्ध गर्न नसकेको र संविधानका अनिवार्य व्यवस्थाहरू छल्न खोजेको कारणले सिर्जित भएको हो।

२६. माननीय प्रदेश प्रमुखज्यूले २०८१।०१।२६ गते मुख्यमन्त्री नियुक्तिको लागि दावी पेश गर्न आह्वान गरेको भन्ने निवेदनमा नै उल्लेख छ। यदि उक्त आह्वान गैरसंवैधानिक थियो वा निवेदकसँग त्यति बेलासम्म पनि प्रदेशसभाका बहुमत सदस्यको समर्थन कायमै छ भन्ने निवेदकमा विश्वास भएको भए सोही कुरा जनाई प्रदेश प्रमुखज्यूलाई जानकारी दिई सो प्रक्रिया रोक्न अनुरोध गर्न सकिन्थ्यो। तर निवेदकले त्यस्तो केही पनि नगरेको र म लिखितजवाफवालाले नियुक्ति लिएको मितिले म्यादैभित्र विश्वासको मतको लागि प्रस्ताव गरी ९३ सदस्यीय प्रदेशसभा सदस्य मध्ये ५७ जनाको विश्वासको मतसमेत हासिल गरिसकेकोले निवेदकको दावीको औचित्य समाप्त भईसकेको छ। मैले मुख्यमन्त्रीमा नियुक्ति पाई विश्वासको मतसमेत हासिल गरिसकेको अवस्था अर्थात् प्रदेशसभाका बहुमत सदस्यहरूको विश्वास हासिल गरिसकेको अवस्थामा निवेदकको मागअनुसार आदेश जारी गर्दा संविधानको घोर उल्लंघन हुन्छ। यो पक्षबाट पनि निवेदनको औचित्य सिद्धिएको छ।

२७. निवेदकले आफूलाई नै मुख्यमन्त्री भई काम गर्न दिन माग गरेर निवेदन दिनुभएको छ। तर आफूलाई प्रदेशसभाका कति सदस्यहरूको समर्थन छ भनेर केही लेख्नु भएको छैन।

नयाँ सरकार बनाउने, भइरहेको सरकारलाई दिएको विश्वासको मत कायम राख्ने वा फिर्ता लिने, अविश्वासको प्रस्ताव राख्नेजस्ता काम प्रदेशसभाका सदस्यहरूमा अन्तर्निहित राजनीतिक एवम् संवैधानिक काम हुन्। त्यस्ता कामहरू न्यायिक छानबिनको विषय बन्दैनन्। सरकार गठन र अन्त्य गर्ने कार्य संसदीय कार्य हुन् भनेर निवेदकले स्वीकार गर्दै "संसदीय व्यवस्थामा संसदले मात्र सरकारको गठन र अन्त्य गर्न सक्ने हुन्छ" भनेर लेखु भएको छ। निवेदकको त्यो कथनसँग मेरो पनि सहमति छ। मेरो नेतृत्वमा गठन भएको वर्तमान सरकार प्रदेशसभाकै सदस्यहरूकै प्रस्ताव र समर्थनमा गठन गरेको हो। निवेदकको नेतृत्वमा ३९ जना सदस्यको समर्थनमा मिति २०८०।०६।२५ मा गठन भएको सरकारलाई मिति २०८०।०७।११ मा दिएको विश्वास कायम नरहेकोले समर्थन फिर्ता लिने मिति २०८०।१२।२६ को कार्य प्रदेशसभाका सदस्यहरूबाटै भएको हो र यो मुल विषय निवेदकले रिट निवेदनमा उल्लेख गर्नु भएको छैन। निवेदकले चुनौती दिनुभएको मिति २०८१।०१।०७ मा पारित भएको सङ्कल्प प्रस्ताव प्रदेशसभाबाट नै पारित भएको हो। प्रदेशसभाले नै मेरो नेतृत्वको सरकारप्रति विश्वास छ भनेर २०८१।०१।३१ मा विश्वासको मत दिएको छ। त्यो पनि प्रदेशसभाले नै गरेको हो। त्यसैले रिट निवेदककै उद्धृत कथनबाट पनि विपक्षी निवेदक पदमुक्त भई मेरो नियुक्ति संविधान र कानून अनुरुप भई पूर्ण रुपमा वैध छ भन्ने पुष्टि भएको छ।

२८. निवेदकले दावी गर्नुभएको धारा १८८(४) को व्यवस्था र धारा १८८(२) का व्यवस्थाहरू एकै होइनन्। तिनीहरूको परिणाम कतिपय अवस्थामा एकै हुन सक्छ तर प्रयोजन एकै होइन। निवेदकले प्रदेशसभामा आफ्नो बहुमत कायम नरहे पनि आफू पदमा रहिरहन पाउनुपर्छ भन्ने समर्थनमा "संविधानको धारा १६८(५) अन्तर्गत निर्मित सरकारलाई दिएको समर्थन फिर्ता हुन सक्ने व्यवस्था संविधानले पनि परिकल्पना नगरेको..." भनेर लेखुभएको छ। तर धारा १६८(५) बमोजिम बनेको सरकारले एक पटक विश्वासको मत प्राप्त गरेपछि मुख्यमन्त्रीको इच्छाअनुसार वा मुख्यमन्त्रीको जीवनकालभर वा प्रदेशसभाको कार्यकालभरी मुख्यमन्त्री रहने व्यवस्था संविधानमा छैन। प्रदेशसभाका सदस्यहरूले धारा १८८(२) अनुसारको समर्थन फिर्ता लिने अधिकार प्रयोग गर्न पाउँदैनन् भन्ने प्रतिबन्ध संविधान, कानून वा संसदीय परम्परामा कहाँ छ भन्ने रिट निवेदनमा उल्लेख गर्नुभएको छैन। त्यसैले निवेदकको माग असल संवैधानिक- संसदीय अभ्यास अनुरूपको नभई नितान्त निजी स्वार्थ रक्षाको लागि भएको स्थापित छ। यदि निवेदकले दावी गरेजस्तो हुने हो भने धारा ७४, १६८ (५), १६९ (१) (ख), १८८ (२) र (३) समेतका धाराहरू निष्प्राणप्रायः हुन्छन्। संविधानका धारा नै निष्प्राण हुने गरी कुनै पनि आदेश जारी हुन सक्दैनन्। संसदीय व्यवस्थामा सरकार निर्माण त्यसलाई जवाफदेही बनाउने तथा त्यसको अन्त्य गर्ने कार्य संघीय संसद् वा प्रदेशसभाको काम हुन्। संसदको अन्तर्निहित यो अधिकारको पुनरावलोकन गर्न निवेदकले संविधानको धारा

१ विपरीतको कार्य भयो भनी न्यायिक पुनरावलोकन गर्ने माग गर्ने अवस्था भएको हो। संसदको अन्तरनिहित अधिकारको पुनरावलोकन हुन नसक्ने भएकाले रिट निवेदन खारेज भागी छ।

२९. निवेदकले सङ्कल्प प्रस्तावको प्रयोगको सम्बन्धमा प्रश्न उठाउनु भएको रहेछ। मिति २०८०।१२।२६ मा निवेदकलाई सरकार निर्माणको लागि दिएको समर्थन फिर्ता गरिसकेपछि धारा १८८ (२) बमोजिम निजले विश्वासको मतको लागि प्रदेशसभामा प्रस्ताव राखेर विश्वासको मत लिनु पर्नेमा विश्वासको मत नपाई/नलिई आफू अल्पमतमा परी धारा १८८ (३) अनुसार पदमुक्त हुने निश्चित भएपछि उहाँले धारा १८८(२) अनुसार बाध्यात्मक रूपमा पालना गर्नुपर्ने संवैधानिक दायित्व र कर्तव्य पालना नगरेकोले उहाँलाई तोकिएको अवधिभित्र संविधानअनुसार कार्य गर्न निर्देशन दिन सङ्कल्प प्रस्ताव प्रदेशसभाले पारित गरेको हो। उहाँले धारा १८८ (२) अनुसारको आफ्नो संवैधानिक दायित्व र कर्तव्य पालना गरेको भए त्यो अवस्था सिर्जना नै हुने थिएन। त्यसैले आफैले संवैधानिक दायित्व पुरा नगरी अटेरीपन देखाई उत्पन्न भएको परिस्थितिलाई लिएर अहिले सम्मानित अदालतमा प्रश्न उठाउने अधिकार निवेदकले राख्नु हुन्न। अतः माथि उल्लिखित आधारहरुमा निवेदकको माग नेपालको संविधान, संसदीय प्रणाली र लोकतन्त्रकै विपरित भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको कोशी प्रदेशको मुख्यमन्त्री हिक्मतकुमार कार्कीको लिखित जवाफ।

## अन्य प्रक्रियागत आदेश

३०. यसमा निवेदक केदार कार्कीले मिति २०८०।०६।२५ गतेका दिन ४७ जना सभासदहरुको समर्थन पश्चात मुख्य मन्त्रीको पदमा भएको नियुक्ति सम्बन्धी फाइल र नियुक्ति पश्चात मिति २०८०।०७।०१ गतेका दिन कोशी प्रदेशसभाका ८६ जना माननीय सभासदबाट प्राप्त विश्वासको मत सम्बन्धी सक्कल फाइल महान्याधिवक्ताको कार्यालय मार्फत प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेशबाट शिघ्रातिशिघ्र मगाई सुनुवाईको लागि मिति २०८१।०२।१६ गतेको पेशी तोकी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०८१।०२।०९ मा भएको आदेश।

## पुर्ण इजलास समक्ष पेश गर्ने आदेश

३१. यसमा प्रस्तुत रिट निवेदनमा रिट निवेदकले उठाउनु भएको विषयवस्तुलाई हेर्दा वहाँ नेपालको संविधानको धारा १६८(५) बमोजिम मिति २०८०।०६।२५ मा मुख्यमन्त्रीको पदमा नियुक्ति हुनुभएको र प्रदेशसभामा ८६ जना सदस्यहरुबाट विश्वासको मत प्राप्त गरी काम काज गरी आएकोमा आफूलाई पदमुक्त नगरी नेपालको संविधानको धारा १६८(५) बमोजिम कोशी प्रदेशको अर्को मुख्यमन्त्री नियुक्तिको निमित्त दावी पेश

गर्न भनी प्रदेश प्रमुखबाट मिति २०८१।०१।२६ मा आव्हान गर्नु भएको र मिति २०८१।०१।२७ मा विपक्षी हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्रीमा नियुक्ति गर्नु भएको हुँदा मुख्यमन्त्री नियुक्तिका लागि गरिएको आव्हान र सोही आधारमा विपक्षी हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्रीमा नियुक्ति गर्ने निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी मुख्यमन्त्रीमा आफ्नै नियुक्तिलाई यथावत कायम राख्न उपयुक्त आज्ञा आदेश जारी गरी पाउँन मागदाबी लिनु भएको देखिन्छ।

३२. प्रस्तुत रिट निवेदनका सन्दर्भमा एकपटक नेपालको संविधानको धारा १६८(५) बमोजिम मुख्यमन्त्री नियुक्तिको प्रक्रिया अवलम्बन गरेकोमा पुनः सोही धारा १६८ (५) को अधिकार प्रयोग गरी अर्को मुख्यमन्त्री नियुक्त गर्न मिल्ने वा नमिल्ने, मुख्यमन्त्री पदमा वहाल रहेका एकजना मुख्यमन्त्रीलाई पदबाट नहटाई अर्को मुख्यमन्त्री नियुक्ति गर्न सकिने वा नमिल्ने र धारा १६८(५) बमोजिम नियुक्त मुख्यमन्त्री नै भएपनि निजलाई समर्थन गर्ने प्रदेशसभा सदस्यहरुले समर्थन फिर्ता लिएको अवस्थामा विश्वासको मत लिनु पर्ने वा नपर्ने जस्ता जटिल संवैधानिक र कानूनी प्रश्नहरु उपस्थित भएको देखिएको र यी प्रश्नहरुको निरुपण पूर्ण इजलासबाट हुन उपयुक्त लागेकोले प्रस्तुत रिट निवेदनको संयुक्त इजलासको लगत कट्टा गरी प्रस्तुत निवेदनको सुनुवाइलाई अग्राधिकार दिई मिति २०८१।०२।२७ गते सुनुवाइको मिति तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०८१।०२।२३ मा भएको आदेश।

## यस अदालतको ठहर आदेश

३३. प्रस्तुत रिट निवेदनमा मिति २०८१।०२।३१ गते सुनुवाई प्रारम्भ भई मिति २०८१।०३।०९, मिति २०८१।०३।१० र मिति २०८१।०३।११ गते समेत भएको छलफलका क्रममा रिट निवेदक केदार कार्की तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु तथा विद्वान अधिवक्ताहरु तथा विद्वान नायब महान्यायाधिवक्ता, विद्वान सहन्यायाधिवक्ता र विद्वान उपन्यायाधिवक्ताहरुले गर्नुभएको बहसको संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छ।

### निवेदक केदार कार्कीका तर्फबाट

#### वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल

नेपालको संविधान, २०७२ को धारा १८८(२) मा प्रदेश सरकारमा सहभागि दलले आफ्नो समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने भन्ने संवैधानिक व्यवस्था रहेको तर यहाँ प्रदेश सरकारमा सहभागि दलले समर्थन फिर्ता लिएको छैन। दलले समर्थन फिर्ता नलिई व्यक्तिले समर्थन फिर्ता लिएको अवस्था हुँदा धारा १८८(२) बमोजिम विश्वासको मत लिनु पर्ने अवस्था छैन। संविधानको धारा १६८(५) बमोजिम

गठन भई विश्वासको मत लिई सकेको सरकारलाई संविधानको धारा १८८(४) को अविश्वासको प्रस्तावमा रहेको शर्त बन्देज छल्नको लागि पुनः विश्वासको मत लिन वाध्य गराउन मिल्दैन। संविधानको धारा १६८(५) बमोजम गठित सरकारलाई धारा १८८(२) लागु हुदैन।

वरिष्ठ अधिवक्ता श्री बद्री बहादुर कार्की

सङ्कल्प प्रस्ताव पास गरेर सरकार हटाउने अधिकार प्रदेश प्रमुखलाई संविधानतः नभएपनि सो अधिकार प्रदेश प्रमुखबाट प्रयोग गरिएको छ। संविधानको धारा १६८(५) को व्यवस्था प्रदेश मन्त्रिपरिषद गठनका लागि अन्तिम भएकोले त्यो बाटोबाट पुनः अर्को बाटोमा जान मिल्दैन। धारा १६८(५) को सरकार दलको सरकार होइन। दलको समर्थन छैन। दलिय ह्विप नलाग्ने गरी प्रदेशसभाका सदस्यहरुले दिएको समर्थन हो। संविधानको धारा १६६ मा प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको र सो धारा अनुसार मुख्यमन्त्रीलाई पदबाट हटाउने, पदमुक्त गर्ने अधिकार प्रदेश प्रमुखलाई छैन। धारा १६९(१) अनुसार मुख्यमन्त्रीको पद रिक्त हुने चार अवस्थाहरु समेत निवेदकको हकमा विद्यमान नरहेको अवस्थामा नयाँ सरकार निर्माणका लागि गरिएको आव्हानको आधारमा माननीय हिकमत कुमार कार्कीलाई मुख्यमन्त्री नियुक्ति गर्ने कार्य असंवैधानिक रहेको छ। संविधानको धारा १६८(५) र धारा ७६(५) को सरकार Last Resort को सरकार हो ।प्रदेश प्रमुखले मुख्यमन्त्रीलाई पदमुक्त गर्न घोषणा गर्ने अधिकार संविधानले दिएको छैन।

वरिष्ठ अधिवक्ता श्री शम्भु कुमार थापा

संविधानको धारा १६८(५) बमोजिम सरकार गठन भईरहेको अवस्थामा अर्को सरकार गठनको आव्हान गर्ने अधिकार संविधानमा छैन। धारा १६९(१) मा रहेका चार अवस्थामा बाहेक अन्य अवस्थाबाट मुख्यमन्त्रीको पद रिक्त हुने अवस्था छैन। सङ्कल्प प्रस्तावको आधारबाट सरकार जाँदैन। सङ्कल्प प्रस्ताव सदनको सङ्कल्प हो । यो प्रस्ताव नीतिगत र सरकारलाई दिशा निर्देशन गर्न हुन्छ। धारा १६८(५) को सरकार रहँदा रहँदै १६८(५) कै सरकार बन्न सक्दैन। संविधानको धारा १६९ मा मुख्यमन्त्रीको पद रिक्त हुने स्पष्ट व्यवस्था रहेकोमा कुन आधारमा मुख्यमन्त्रीको पद रिक्त भयो र सरकारप्रति हाम्रो विश्वास छैन भनी सङ्कल्प प्रस्तावमा भनेको छैन। यदि सङ्कल्प प्रस्ताव नै अविश्वासको प्रस्ताव हो भने पारित मितिबाटै लागु हुनुपर्नेमा किन एक महिनासम्म पर्खिनु पर्ने र विश्वासको मत लिनुपर्ने भन्ने प्रश्नहरु अनुत्तरित छन्।तसर्थ, सङ्कल्प प्रस्तावबाट सरकार हट्न सक्दैन। संविधानको व्यवस्था विपरित भए गरेका कार्यहरु बदरका लागि निवेदन माग बमोजिम आदेश जारी हुनु पर्छ।

वरिष्ठ अधिवक्ता श्री सतिश कृष्ण खरेल

संविधानको धारा १८८(२) ले मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजन भएमा वा प्रदेश सरकारमा सहभागि दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिन भित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्ने भन्ने व्यवस्था गरेको छ। धारा १८८(२) ले समर्थन फिर्ता लिन दललाई नै भन्दछ। प्रदेश प्रमुखको विज्ञप्तीमा दल नै उल्लेख छैन। दलले समर्थन फिर्ता नलिएको अवस्थामा धारा १८८(२) मा जानु नै पर्दैन।

वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल

सङ्कल्प प्रस्ताव र अविश्वासको प्रस्ताव फरक फरक विषय हुन्। संविधानको धारा १६८(५) बमोजिम मुख्यमन्त्री नियुक्त भएका निवेदक केदार कार्कीले विश्वासको मत लिनु अनिवार्यता छैन। धारा १६८(५) बमोजिमको सरकारलाई धारा १८८(२) पनि लाग्दैन। धारा १६८(५) बमोजिम गठित सरकारका विरुद्ध धारा १८८(४) बमोजिम दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नसकेको अवस्थामा घुमाउरो बाटोबाट सङ्कल्प प्रस्तावको माध्यमबाट सरकार हटाउने काम भएको छ। उक्त कार्य असंवैधानिक भएकोले निवेदन माग बमोजिम आदेश जारी हुनु पर्दछ।

वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे

सरकारले स्थायीत्व प्राप्त गरोस् भनेर धारा १६८(५) को व्यवस्था गरिएको हो। धारा १६८(५) बमोजिम गठित सरकार धारा १८८(२) मा जानै पर्दैन। धारा १६८(५) को सरकारलाई हटाउन धारा १८८(४) बमोजिम आउनु पर्नेमा फरक बाटोबाट आएको अवस्था छ। धारा १८८(४) प्रयोजनहिन प्रावधान होइन। उक्त प्रावधानलाई छलेर सङ्कल्प प्रस्ताव ल्याईएको छ । सङ्कल्प प्रस्ताव अविश्वासको प्रस्तावको विकल्प होइन र हुन पनि सक्दैन।

वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल

नेपालको संविधानको धारा १६८ अन्तर्गत गठित कुनैपनि सरकारले विश्वासको मत प्राप्त गरी सकेपछि धारा १८८(४) को प्रतिवन्धात्मक वाक्यांशको समयसिमा दुई वर्ष अघि समर्थन फिर्ता लिन पाइदैन किनकी संविधानले दुई वर्षसम्म स्थायी सरकार खोजेको हो। अविश्वासको प्रस्ताव दुई वर्ष पछि मात्र राख्न पाउने तर सरकारलाई दिएको समर्थन जहिलेसुकै विना कारण फिर्ता लिन पाउने हो भने १८८(४) को सिमा निस्प्रयोजित हुन्छ। संविधान निर्माण गर्दा नै सरकारको स्थिरतालाई ध्यान दिएको पाइन्छ। मुख्यमन्त्री नियुक्त भएको दुई वर्ष नपुग्दै सङ्कल्प प्रस्तावको माध्यमबाट अर्को सरकार निर्माण गर्ने कार्य असंवैधानिक हो।

अधिवक्ता श्री ललित वहादुर बस्नेत

नेपालको संविधानको धारा १६८(५) बमोजिम गठन भएको सरकारलाई दिएको समर्थन फिर्ता लिन २ वर्षसम्म संवैधानिक बिबन्धनको सिद्धान्त लागु हुन्छ। २ वर्ष अगाडि नै समर्थन फिर्ता लिन मिल्दैन। धारा १८८(४) को संवैधानिक व्यवस्था यो संविधानमा अपवादको रुपमा ल्याइएको Basic structure हो। प्रदेशसभाबाट पारित सङ्कल्प प्रस्तावसंग प्रदेश प्रमुखको कुनै सरोकार हुदैन। सङ्कल्प प्रस्ताव बाध्यकारी पनि होइन। प्रदेश प्रमुखले विश्वासको मत लिन सचेत गराउन वा सुझाव दिन सक्छ। तर त्यसो गरिएको छैन। व्यक्तिले दिएको समर्थन दलको आधारमा फिर्ता हुन सक्दैन। दलले समर्थन लिएकै आधारमा सङ्कल्प प्रस्तावको माध्यमबाट सरकारलाई हटाउन मिल्दैन।

अधिवक्तात्रय श्री विकास भट्टराई, श्री रुपेश कोइराला र श्री किर्तीनाथ शर्मा पौडेल

कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम ७९ मा प्रदेशसभाबाट स्वीकृत गरिएको सङ्कल्प प्रस्ताव मन्त्रिपरिषदलाई सम्बन्धित मन्त्रीलाई पठाउने भनेको छ। प्रदेश प्रमुखलाई पठाउने भनिएको छैन। प्रदेश प्रमुखलाई पठाएको भए उक्त कार्य कानून विपरित हुन्छ। तर प्रदेश प्रमुखले विज्ञप्ति निकाल्दा सङ्कल्प प्रस्तावको हवाला दिई विज्ञप्ति निकालिएको छ। जुन कार्य संविधान विपरित छ।

अधिवक्ता श्री अपुर्व खतिवडा

नेपालको संविधानको धारा १६८(५) अन्तर्गतको सरकार कायम रहेकै अवस्थामा पुनः सोही धाराको प्रयोग गरी नयाँ सरकार निर्माण हुन सक्दैन। धारा १६८(५) को सरकारले विश्वासको मत प्राप्त गरी सकेपछि धारा १८८(४) बमोजिमको २ वर्षको अवधि पुरा हुन नदिई हटाउन मिल्दैन। धारा १६८(५) बमोजिम गठन भएको सरकार धारा १८८(४) बमोजिम मात्र हट्न सक्छ। १८८(३) बमोजिम जान सक्दैन। अवधारणामा सङ्कल्प प्रस्ताव भने तापनि धारा १८८(४) लाई छल्न ल्याईएको कपटपुर्ण प्रस्ताव हो। संविधानमा धारा १६८(५) बमोजिम गठन भएको सरकारलाई विश्वासको मत ल्याउन वा अविश्वासको प्रस्ताव पेश गर्नुपर्ने बाध्यात्मक अवस्था नहुँदा विपक्षीहरुले सो कुरालाई स्वीकार गरेरै सङ्कल्प प्रस्ताव पेश गरेको हो। प्रदेश प्रमुखले Suo moto मा सरकार बनाउने र हटाउने अधिकार राख्दैन।

प्रदेश प्रमुख पर्शुराम खापुङका तर्फबाट

नायव महान्यायधिवक्ता श्री टेक बहादुर घिमिरे

निवेदकलाई समर्थन गरेका ५२ जना सांसदहरुले दिएको समर्थन फिर्ता लिई सकेपछि धारा १८८(२) को अवस्था सृजना भईसकेको देखिदा देखिदै पनि निवेदकले ३० दिन भित्र विश्वासको मत लिनु भएको छैन। सरकार गठन गर्दा समर्थन गरेका सांसदले समर्थन फिर्ता लिएको अवस्थामा धारा १८८(२) लागु हुनेमा सो तर्फ तत्कालीन

मुख्यमन्त्री जानु भएको देखिँदैन। मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता पछि मुख्यमन्त्रीले राजिनामा पनि नदिने र विश्वासको मतसमेत नलिएपछि संविधानको पालना गर्नुपर्ने कर्तव्य बमोजिम प्रदेश प्रमुखबाट निर्णय लिईएको हो। जुन विन्दुबाट संविधान अवरुद्ध भएको छ त्यही बिन्दुबाट संविधानको कार्यान्वयन अघि बढाउनु पर्छ भनिए बमोजिम प्रदेश प्रमुखले १६८(५) बमोजिम सरकार गठनका लागि आव्हान गर्नु भएको हो। प्रदेशसभाको विश्वास नभएसम्म सरकार गठन हुन सक्दैन। बहुमत सदस्यले समर्थन फिर्ता लिएपछि १८८(२) बमोजिम विश्वासको मतको प्रकृयामा जानु पर्ने र त्यसरी जाँदा विश्वासको मत पाएको वा नपाएको जे छ त्यसको परिणाम बमोजिम प्रकृया अगाडि बढ्न सक्थ्यो। तर १८८(२) प्रयोग नै नगरेकाले पुनः १६८(५) कै प्रकृया अवलम्बन गर्नुको विकल्प नदेखिएकोले प्रदेश प्रमुखबाट भएको कार्य संविधान बमोजिम नै रहेको छ।

सहन्यायाधिवक्ता श्री सुर्यराज दाहाल

प्रदेशसभा सांसदको सिफारिश अनुसार सरकार गठन हुने र त्यसरी गठन भएको सरकार प्रति एक चौथाईले पटक पटक अविश्वास प्रस्ताव राख्न नपाउन् भनेर संविधानमा धारा १८८(४) को व्यवस्था गरिएको हो। तर बहुमत गुमाएको मुख्यमन्त्री पदमा रहि रहन सक्दैनन् भनेर धारा १८८(२) को व्यवस्था गरिएको हो। प्रदेशसभा प्रति जवाफदेही हुन् भनी सङ्कल्प प्रस्तावले मुख्यमन्त्रीलाई अवसर दिएकोमा सो को पालना निवेदकले गरेको देखिंदैन। पहिला समर्थन गरेका सांसदले समर्थन फिर्ता लिएको अवस्थामा निवेदकले बहुमत संसदको समर्थन देखाउन नसकेकोले प्रदेश प्रमुखले सरकार गठनको आव्हान गर्नु भएको हो। कुनै पनि बहानामा सभामा बहुमत गुमाएको मुख्यमन्त्रीले निरन्तरता पाउने परिकल्पना संविधानले गरेको छैन।

सहन्यायाधिवक्ता श्री गोबिन्द खनाल तथा उपन्यायधिवक्ता श्री युवराज महत

जसको समर्थनमा निवेदक मुख्यमन्त्री बन्नु भएको थियो ति सबैले समर्थन फिर्ता लिएपछि पुनः विश्वासको मत लिनु पर्नेमा निवेदकले विश्वासको मत नलिनु भएको र संसदप्रति जवाफदेही पनि नहुनु भएको अवस्था रहन गयो। बहुमत गुमाएको सरकारको स्थायित्वको कल्पना गर्न सकिदैन। संविधानको धारा १६८(५) Isolated धारा होइन, Inter-connected हो। अहिलेको सरकारले प्रदेश सभाबाट विश्वासको मत लिई नीति तथा कार्यक्रम र बजेटसमेत पारित गरीसकेको अवस्था हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनु पर्ने होइन।

सभामुख अम्बर बहादुर विष्टका तर्फबाट

मुख्य न्यायाधिवक्ता श्री नारायण वस्ती र उपन्यायाधिवक्ता श्री राजेन्द्र बहादुर बस्नेत

तत्कालिन मुख्यमन्त्रीलाई सङ्कल्प प्रस्ताव सम्बन्धी जानकारी रहेको थियो। संसदको कार्यव्यवस्था समितिले राय लिई हाउसमा पेश भएको सङ्कल्प प्रस्तावको जवाफ मुख्यमन्त्रीले दिनु भएको भन्ने प्रदेश सभाको Reading Paper मा प्रष्ट उल्लेख छ।

प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १३ ले कुनै सङ्कल्प प्रस्ताव योग्य छ छैन भनी हेर्ने अधिकार सभामुखलाई दिएको छ। सरकारलाई निर्देशन दिने गरी सङ्कल्प प्रस्ताव आएको हो। सभामुखले हाउसभित्र गरेको काम कारवाही संसदको विशेषाधिकार हो। सङ्कल्प प्रस्ताव पास हुनासाथ गलत भएको भए निवेदक अदालत प्रवेश गर्नु पर्नेमा सो नगरी ३० दिन पछि अदालत प्रवेश गर्नु भएको छ। मिति २०८१।०१।०७ को कोशी प्रदेशसभाबाट पारित सङ्कल्प प्रस्ताव प्रदेश प्रमुखलाई समेत पठाउनु पर्ने प्रकृतिको देखिएकोले Good faith ले प्रदेश प्रमुख कँहा पठाएको हो। प्रदेश सभामुखबाट भएका काम कारवाहीहरु संविधान सम्मत छन्।

अधिवक्ता श्री राम प्रसाद ओझा

सार्वजनिक महत्वको कुनै विषयमा कुनै सन्देश वा निर्देशन दिन सङ्कल्प प्रस्ताव पेश गर्न सकिने व्यवस्था प्रदेशसभा नियमावली, २०७४ को नियम ७० मा रहेको छ। सोही व्यवस्था अनुसार सङ्कल्प प्रस्ताव प्रदेशसभामा पेश भई निर्णय भएको हुँदा सभामुखबाट भएको कार्यलाई गैरसंवैधानिक भन्न मिल्दैन।

वहालवाला मुख्यमन्त्री हिक्मत कुमार कार्कीसमेतका तर्फबाट

वरिष्ठ अधिवक्ता श्री प्रकाश बहादुर के.सी.

जबसम्म विकल्प रहन्छ तबसम्म विकल्प खोज्नु पर्दछ। धारा १६८ (७) बमोजिम जब प्रदेशसभाबाट सरकार बन्न सक्दैन तबमात्र निर्वाचनमा जानु पर्दछ।प्रदेशसभाको बहुमतको अभावमा समेत स्थिर सरकार रहन वा टिक्न सक्छ भन्ने तर्कलाई संविधानको धारा १८८(१) र १८८(२) ले स्वीकार गरेको छैन।१८८(४) बमोजिम अविश्वासको प्रस्ताव प्रतिपक्षले दर्ता गर्ने हो। समर्थन फिर्ता नलिदासम्म सत्ता पक्ष हो। समर्थन फिर्ता लिएपछि सक्रिय हुने धारा १८८(२) नै हो। सङ्कल्प प्रस्तावले तीनवटा दायित्व दिएकोमा मुख्यमन्त्रीले कुनै पनि पुरा नगर्नु भएकोले यो अवस्था आएको हो। निवेदकले संकट सृजना गर्नु भएकोले संवैधानिक संकट (Constitutinol Crisis) लाई रोक्न प्रदेशसभाको भावना निर्णय बमोजिम प्रदेश प्रमुखले निर्णय लिई मा. हिकमत कुमार कार्कीलाई संविधान बमोजिम मुख्यमन्त्री नियुक्त गर्नु भएको हो।

वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारी

संविधानको धारा १८८(२) विश्वासको प्रस्ताव भएको र यो सरकार निर्माणको समयमा प्रयोग हुन्छ भने १८८(४) अविश्वास प्रस्ताव भएको र यो सरकार हटाउन प्रयोग गरिने धारा हो।अविश्वासको प्रस्ताव प्रतिपक्षले प्रयोग गर्ने बाटो हो। अविश्वासको मत नियमित रुपमा देखाउनु पर्ने होइन। यो अपवाद हो। विश्वासको मत सरकारको कर्तव्य हो। यो बाध्यात्मक रुपमा लिईरहनु पर्छ। संसदको विशेषाधिकार भित्रको निर्णयबाट मुख्यमन्त्रीलाई निर्देश गरिएको छ। धारा १८८(२) मा प्रतिबन्धात्मक वाक्यांश नराखेपछि १८८(४) मा भएको प्रतिबन्धात्मक वाक्यांशलाई १८८(२) मा राखेर हेर्न मिल्दैन।

१८८(४) प्रतिपक्षीको हातमा रहेको हुँदा यो गर वा नगर भन्न सरकार/ मुख्यमन्त्रीले मिल्दैन। धारा १८८(२) सरकार/मुख्यमन्त्रीले पालना गर्नु पर्ने दायित्व हो। धारा १८८(२) सरकार बनाउन र १८८(४) सरकार हटाउन हो । विश्वास नभएपछि स्वतः धारा १६९(१) (ख) अवस्था सिर्जना भई सो लागु हुन्छ।

<u>वरिष्ठ अधिवक्ता श्री राम नारायण विडारी</u>

प्रदेशसभा सार्वभौमसत्ताको प्रयोग गर्ने थलो हो। सङ्कल्प प्रस्ताव पास गर्दा नै प्रदेश प्रमुखलाई नयाँ सरकार गठन गर्ने सन्देश दिइएको हो। संसदको निर्देशन मुख्यमन्त्रीले मान्नु पर्नेमा मानेको देखिँदैन। विश्वासको मत लिन नमानेपछि सङ्कल्प प्रस्ताव ल्याईएको हो। सङ्कल्प प्रस्तावका बारेमा अदालतमा प्रश्न उठाउन पाइदैन। धारा १६९(१) (ख) को कर्तव्यको पालना मुख्यमन्त्रीले नगरेको हुँदा सङ्कल्प प्रस्ताव ल्याउनु परेको र सो प्रस्तावबाट मुख्यमन्त्रीसंग बहुमत नरहेको प्रष्ट भएको कारण प्रदेश प्रमुखले नयाँ गठन सरकारको प्रकृया थालेको हो। १६८ (५) को सरकारलाई समेत धारा १८८(२) बाध्यात्मक रुपमा लागू हुन्छ। धारा१६८ (५) को सरकार दोहोरिन सक्छ।

<u>वरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई</u>

सङ्कल्प प्रस्ताव मुख्यमन्त्रीलाई हटाउने उद्देश्यले ल्याएको होइन। संकल्प प्रस्तावबाट तीन विकल्प दिईएको थियो। विश्वासको मत लिनु, नलिएमा वा प्राप्त नगरेमा मार्ग प्रशस्त गर्नु र सो नगरेमा यो सभा नयाँ विकल्प दिन सक्षम छ भनिएको छ। संकल्प प्रस्ताव मुख्यमन्त्रीलाई संसद प्रति जवाफदेही बनाउन आएको हो। सङ्कल्प प्रस्तावको जानकारी प्रदेश प्रमुखलाई मुख्यमन्त्री स्वयंले दिएको देखिन्छ। सङ्कल्प प्रस्ताव उत्प्रेषणको आदेशले बदर गर्न मागेको तर प्रदेशसभाले पास गरेको प्रस्तावको अन्तरवस्तुमा न्यायिक पुनरावलोकनको विषय बन्न सक्दैन। प्रदेशसभामा मुख्यमन्त्रीको बहुमत छैन भन्ने अभिलेख सङ्कल्प प्रस्तावबाट पुष्टी भएको छ।

<u>वरिष्ठ अधिवक्ता श्री कृष्णभक्त पोखरेल</u>

अविश्वासको प्रस्ताव एक चौथाईले समेत ल्याउन सक्ने हुँदा सोलाई कम्तीमा २ वर्षसम्म रोक्नका लागि १८८(४) राखिएको हो। मुख्यमन्त्रीले आफुसँग सभाको विश्वास छैन भन्ने देख्नसाथ १८८(१) बमोजिम विश्वासको मत लिनु पर्नेमा लिएको अवस्था छैन। तसर्थ धारा १६९(१) (ख) अवस्था सिर्जना भईसकेको छ। सङ्कल्प प्रस्तावले निदाएको व्यक्तिलाई व्युझाएको मात्र हो। वर्तमान मुख्यमन्त्रीले मिति २०८१।०१।३१ मा विश्वासको मतसमेत प्राप्त गरेको देखिन्छ। विश्वासको प्रश्न उठ्छ भने तत्काल विश्वासको मत लिनुपर्ने संवैधानिक नैतिकताको संस्कृति हो। निवेदकबाट संवैधानिक नैतिकता देखाउने कार्य नभएको हुँदा रिट निवेदन खारेज हुनु पर्छ ।

**बरिष्ठ अधिवक्ता श्री रमेश कुमार बडाल**

संविधानको धारा १६८(५) बमोजिमको प्रदेश सरकार धारा ७६(५) बमोजिमको केन्द्र सरकार गठन सरहको व्यवस्था हो। यसको व्याख्याको लागि शेर बहादुर देउवाको मुद्दामा संवैधानिक इजलासले ०७७-WC-००७१ गरेको व्याख्याको प्रकरण ८६ लाई जोडेर हेरिनु पर्दछ। व्यक्ति र दललाई एकै ठाउँमा राखिएको छ। दल वा व्यक्ति सांसदले समर्थन फिर्ता लिएपछि धारा १८८(२) मा नै जानु पर्दछ। संविधानको धारा ७४ ले संसदीय शासन प्रणाली नै भन्दछ र संसदीय शासन प्रणालीको आत्मा भनेकै बहुमतको सरकार हो।

**बरिष्ठ अधिवक्ता श्री रमण कुमार श्रेष्ठ**

अल्पमतमा परेको व्यक्तिले शासन गर्न सक्दैन भन्ने सिद्दान्त संसदीय व्यवस्थाको आधार स्तम्भ (Basic structure) हो। बहुमतको सरकार यो संविधानको आधारभुत सिद्दान्त हो। धारा १८८(२) मा विश्वासको मत लिनु पर्छ भनिएको छ। यो बाध्यात्मक व्यवस्था हो। कोशी प्रदेशसभा नियमावलीको नियम ७९ बमोजिम स्वीकृत भएको सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्नुपर्ने हुँदा सो बमोजिम निवेदकले आफ्नो जिम्मेवारी पुरा नगरे पछि संविधान बमोजिम प्रदेश प्रमुखबाट चालिएका कदमहरु संविधानसम्मत रहेका छन्।

**अधिवक्ता श्री हर्क बहादुर रावल**

संविधानको धारा १८८(२) र १८८(४) दुवैको महत्व रहेको र एकले अर्कालाई समाप्त गर्न सक्दैनन्। आफुलाई समर्थन गर्ने दल र सांसदले समर्थन फिर्ता लिएपछि ३० दिन भित्र आफ्नो बहुमत देखाउन निवेदकले नसकेको कारण Principle of waiver लागु हुन्छ। धारा १८८(२) बमोजिम विश्वासको मत लिने अवसर निवेदकले परित्याग गर्नु भएको देखिन्छ।

**अधिवक्ता श्री माधव कुमार बस्नेत**

मिति २०८०।१२।२६ मा समर्थन फिर्ता लिएपछि धारा १८८(२) आकर्षित हुनेमा सो बमोजिम निवेदकले काम गरेको देखिदैन। मिति २०८१।०१।२५ सम्म विश्वासको मत लिनु भन्ने सङ्कल्प प्रस्तावमा उल्लेख छ। हाम्रो संविधानले बहुमत नभएको सरकारलाई जम्मा ३० दिनको समय दिएको छ। ३० दिन भित्र बहुमत नलिएमा स्वतः काम चलाउने अवस्थामा पुग्छ। सरकार सङ्कल्प प्रस्तावबाट हटेको होइन। सभाले विश्वासको मत लिन निर्देश दिएपछि पनि विश्वासको मत नलिएकोले विश्वासको मत पारित नभएसरह १६९(१)(ख) को अवस्था देखिए बमोजिम सरकार काम चलाउ हुन गएको र तदनुरुप नयाँ सरकारको गठन प्रकृया शुरु भएको हो। प्रदेशसभा भित्र हुने गतिविधिमा अदालतले हात हाल्न मिल्दैन। संविधानको धारा १६८(५) र (६) को व्याख्या गर्दा १६८(१०) को उत्तरदायित्वलाई साथै हेरिनु पर्छ। मुख्यमन्त्री र मन्त्रीको प्रदेशसभा

प्रतिको उत्तरदायित्व सिमित तुल्याउन हुदैन। यो असिमित छ। समर्थन दलले फिर्ता गरेपनि सदस्यले फिर्ता गरेपनि परिणाम एउटै हुन्छ। अहिले संविधान अनुरुप विश्वासको मत लिने, बजेट नीति तथा कार्यक्रम पारित गर्ने कार्यसमेत भै सकेको छ।

अधिवक्ता डा. श्री भीमार्जुन आचार्य

संविधान बमोजिम गठित सरकारको Heirarchy/protocol हुदैन। सबै सरकारको संवैधानिक हैसियत एउटै हुन्छ। धारा १६८ को अन्य उपधारा अन्तर्गत नियूक्त मुख्यमन्त्रीको हकमा धारा १८८(२) आकर्षित हुने धारा १६८(५) अन्तर्गतको मुख्यमन्त्रीमा नहुने भन्ने हुदैन। विश्वासको मत निशर्त र स्थायी भन्ने हुदैन। विश्वासको मत सधै Conditional हुन्छ। सरकारको निर्माण हुँदाको वैधताको लागि तत्काल विश्वासको मत लिनु पर्ने १६८(४) र १६८(६) अन्तर्गत हो भने सरकारको निरन्तरताको वैधताको लागि १८८(१) र १८८(२) अन्तर्गत हो। १८८(२) मा वाध्यात्मक शब्दको प्रयोग भएको छ। धारा १८८(१), १८८(२) र १८८(३) को व्यवस्था १६८(५) अन्तर्गत नियुक्त मुख्यमन्त्रीका लागिसमेत वाध्यात्मक हो। धारा १८८(४) को प्रावधानको यो मुद्दासंग कुनै सरोकार राख्दैन। १८८(२) को अवस्था सृजना भई सकेको हुँदा १८८(४) मा जाने अवस्था नै छैन। १६८(५) को मुख्यमन्त्रीलाई विश्वासको मत दिने समर्थन दिनेले समर्थन फिर्ता लिएपछि ३० दिन भित्र विश्वासको मत नलिएमा स्वतः काम चलाउ हुन्छ। संसद माथि सरकार हावी हुने अवस्थालाई रोक्न १८८(४) अगाडि नै १८८(२) राखिएको हो। वैकल्पिक सरकार को सम्भावना भएसम्म सोही बमोजिम सरकार गठन गर्नु पर्छ।

अधिवक्ता श्री राजेन्द्र घिमिरे

बहुमत गुमाएको अवस्थामा पनि पदमा बसिरहनु भनेको Constitutional Morality (संवैधानिक नैतिकता) विपरित हो। निवेदकले बहुमत गुमाएको देख्दा देख्दै पनि पदमा बसेर संवैधानिक नैतिकता विपरितको कार्य गर्नु भएको हो। संविधानलाई समग्रतामा हेर्नै हो संविधानको धारा १६८(५) ले विश्वासको मत लिनु पर्छ भनी भनेको छैन भन्न मिल्दैन। अल्पमतमा परेर पनि मार्ग प्रशस्त नगरेकोले सङ्कल्प प्रस्ताव आएको हो । कुनै धाराले तोकेको छैन भन्दैमा संवैधानिक नैतिकताबाट उन्मुक्ति पाईदैन।

विपक्षी सङ्कल्प प्रस्तावका प्रस्तावक स्वयं अधिवक्ता श्री रेवतीरमण भण्डारी

संसदको समर्थनबाट मुख्यमन्त्री बनेका निवेदकलाई सो संसदको बहुमतको समर्थन छैन भनी लिखित सूचना दिई सकेपछि बहुमत देखाउनु पर्ने वा राजिनामा दिनुपर्ने हुन्छ। विश्वासको मत पनि लिन्न राजिनामा पनि दिन्न भन्नु संविधानको सपथ खाएको पदाधिकारीका लागि सुहाउने विषय होइन। संविधानले मुख्यमन्त्री जस्तो जिम्मेवार पदमा बसेको व्यक्तिले आफुलाई समर्थन गर्ने दलले समर्थन फिर्ता लिएपछि पनि विश्वासको मत नलिने वा लिन नपर्ने भनी जिकिर लिन्छ भनी संविधानले परिकल्पना गरेको छैन। संवैधानिक उच्च पदमा रहेका व्यक्तिले संवैधानिक दायित्व निर्वाह गर्दछन् भन्ने

मानिन्छ। संविधानको धारा १६८(५) को मुख्यमन्त्रीले समेत १६८(४) बमोजिम नै विश्वासको मत लिने तर समर्थन फिर्ता पछि १६८(२) बमोजिम विश्वासको मत लिन्न भन्न मिल्दैन। निवेदक सङ्कल्प प्रस्तावको प्रकृयामा सहभागि भई जवाफ समेत दिएको सङ्कल्प प्रस्तावमा चित्त नबुझे आधार कारण सहित सभामा पुनः छलफल समेत हुन सक्ने तर्फ निवेदक गएको नदेखिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ।

३४. रिट निवेदनमा उठाईएका विषयहरुमा विवेचना गर्नु अगाडि मिसिल संलग्न कागजातहरुको आधारमा विवादित विषयहरुसँग जोडिएको घटनाहरुका बारेमा संक्षिप्तमा उल्लेख गर्नु आवश्यक हुने देखियो। जुन निम्नबमोजिम रहेका देखिन्छन्:-

(क) मिति २०८०।०६।२० मा कोशी प्रदेश प्रमुखबाट नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले पेश गर्नु भएको राजिनामा स्वीकृत गरी संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकार गठन गर्नका लागि कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने कोशी प्रदेशसभाका कुनै सदस्यलाई मिति २०८०।०६।२६ गते शुक्रबार अपरान्ह ५:०० बजेभित्र आफ्नो दावी पेश गर्न आव्हान गर्ने निर्णय भएको देखिन्छ।

(ख) कोशी प्रदेश प्रमुखको मिति २०८०।०६।२० को आव्हान बमोजिम रिट निवेदक प्रदेश सांसद माननीय केदार कार्की र अर्का प्रदेश सांसद माननीय इन्द्र बहादुर आङ्बोले मुख्यमन्त्री पदमा नियुक्तिका लागि ४७/४७ जना सदस्यहरुको समर्थन रहेको भनी हस्ताक्षरसहित दावी पेश गरेको अवस्थामा विश्वसनीय आधारसहित दिगो सरकार गठनको लागि मिति २०८०।०६।२७ गते शनिबार बिहान ८:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म दुबै दावीकर्ताका समर्थनमा हस्ताक्षर गर्नु भएका सम्पूर्ण प्रदेशसभा सदस्यहरुलाई प्रदेश प्रमुखको कार्यालयको सभा हलमा प्रदेशसभाको सदस्यको परिचय खुल्ने परिचय-पत्रसाथ उपस्थित भई सनाखत गरिदिने प्रयोजनका लागि उपस्थित गराउने गरी प्रदेश प्रमुखबाट मिति २०८०।०६।२६ मा निर्णय भएको देखिन्छ।

(ग) नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्ति गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नका लागि सम्वत् २०८० असोज २६ गते शुक्रबारभित्र दावी पेश गर्न आव्हान भएकोमा तोकिएको समय सिमाभित्रै प्रदेशसभाका सदस्यहरुको समर्थनसहित पेश भएको दावी पत्रहरु मध्ये माननीय सदस्य श्री केदार कार्कीको समर्थनमा रहनु भएका कोशी प्रदेशसभाका ४७ (सत्चालिस) जना माननीय सदस्यहरु उपस्थित भई आज मिति २०८०।०६।२७ गते सनाखतसमेत गरी दिनु भएकोले उक्त सदस्य संख्या कोशी प्रदेशसभामा कायम रहेको ९३ (त्रियानब्बे) सदस्य संख्याको बहुमत संख्या

रहेकोले नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशसभाका माननीय सदस्य श्री केदार कार्कीलाई कोशी प्रदेशको मुख्यमन्त्री पदमा गर्ने निर्णय गरेको छु भनी कोशी प्रदेशका प्रदेश प्रमुखबाट मिति २०८०।०६।२७ मा निर्णय भएको देखिन्छ। सोहीबमोजिम माननीय केदार कार्कीबाट मिति २०८०।०६।२८ मा मुख्यमन्त्री पदको शपथ लिनु भएको देखिन्छ।

(घ) कोशी प्रदेशका माननीय मुख्यमन्त्री केदार कार्कीले प्रदेशसभाको चालु चौथो अधिवेशको मिति २०८०।०७।०१ गते बसेको तेस्रो बैठकमा नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम राख्नु भएको विश्वासको मतको "हुन्छ" भन्ने पक्षमा ८६ मत, "हुन्न" भन्ने पक्षमा ५ मत र मत दिन्नमा ०(शून्य) मत परेकोले विश्वासको मत बहुमतबाट स्वीकृत भएको व्यहोरा कोशी प्रदेशको प्रदेशसभा नियमावलीबमोजिम कोशी प्रदेशसभाका उप-सभामुखले प्रदेश प्रमखलाई मिति २०८०।०७।०१ मा जानकारी गराउनु भएको देखिन्छ।

(ङ) नेपाल सरकार, प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेशबाट प्राप्त प्रदेश प्रमुखको निर्णय सम्बन्धी कागजात हेर्दा मिति २०८०।१२।२६ मा सो कार्यालयमा कोशी प्रदेशसभा सदस्यहरुबाट आफ्नो हस्ताक्षरसहित विभिन्न ४ वटा निवेदन दर्ता भई सो निवेदनहरुमा आवश्यक कारवाही गर्न कोशी प्रदेशका प्रदेश प्रमुखबाट आदेश भएको देखिन्छ। जुन निम्नबमोजिमका छन्:-

i. प्रदेशसभाका ५२ जना सदस्यहरुबाट हस्ताक्षर भई माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी "अधिवेशन वा बैठक बोलाई पाउँ" भन्ने विषय राखी कोशी प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम कोशी प्रदेश सरकारका मुख्यमन्त्रीज्यू र प्रदेश सरकारका विभिन्न पदाधिकारीलाई सकल्प प्रस्तावमार्फत् आवश्यक निर्देशन दिन तथा अन्य प्रदेश सरकारी अंग तथा निकायलाई समेत निर्देशन वा सन्देश दिन तत्काल प्रदेशसभाको अधिवेशन वा बैठक बोलाउन अत्यन्त आवश्यक देखिएको हुँदा माननीयज्यूबाट नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम यथासिघ्र प्रदेशसभाको अधिवेशन वा बैठक बस्ने मिति र समय तोकि पाउँन लिखित निवेदन पेश भएको देखिन्छ।

ii. प्रदेशसभाका ३९ जना सदस्यहबाट हस्ताक्षर भई माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी माननीय मुख्यमन्त्री र माननीय सभामुखलाई बोधार्थ दिइएको "मुख्यमन्त्रीलाई दिएको समर्नथ फिर्ता लिएको सम्बन्धमा" भन्ने पत्रमा मुख्यमन्त्रीले गरेका काम कारबाहीहरु सन्तोषजनक नरहेको महसुस गरी भनी विभिन्न चारवटा कारणसमेत खोली नेपाल कम्युनिष्ट पार्टी (एमाले)

संसदीय दलका ३९ जना प्रदेशसभा सदस्यले नियुक्तिका लागि मिति २०८०।०६।२५, मिति २०८०।०६।२७ मा र विश्वासको मतका लागि मिति २०८०।०७।०१ मा माननीय मुख्यमन्त्री केदार कार्कीलाई दिएको समर्थन नेपालको संविधान र रिट निवेदक शेर बहादुर देउवासमेत भएको ०७७-WC-००७१ मुद्दामा मिति २०७८।०३।२८ मा श्री सर्वोच्च अदालतको उत्प्रेषण/परमादेशको फैसलाको बुँदा नम्बर ८६ बमोजिम आजैका मितिबाट फिर्ता लिएको व्यहोरा अनुरोध छ भनिएको देखिन्छ।

iii. माननीय सभामुख, कोशी प्रदेशसभा सचिवालयलाई सम्बोधन गरी माननीय प्रदेश प्रमुख र माननीय मुख्यमन्त्रीलाई बोधार्थ दिइएको "समर्थन फिर्ता लिएको सम्बन्धमा" भन्ने अर्को पत्रको व्यहोरामा, "मिति २०८०।०६।२७ गते कोशी प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त हुनु भएका माननीय केदार कार्कीज्यूलाई मुख्यमन्त्रीमा नियुक्त हुन र सरकारमा सहभागी हुने प्रयोजनका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का ३९ जना प्रदेशसभा सदस्यहरुले दिएको समर्थन माननीय प्रदेश प्रमुखज्यू समक्ष फिर्ता लिएको निवेदन दर्ता भइसकेको छ भने हामी तपसिल बमोजिमका राजनीतिक दल सम्बद्ध प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्री माननीय केदार कार्कीज्यूलाई मिति २०८०।०७।०१ मा प्रदेश सरकारमा सहभागी हुन समेत विश्वासको मत मार्फत् दिएको समर्थन हामी प्रदेशसभाको बहुमत सदस्यले समेत आजैका मितिबाट फिर्ता लिएको व्यहोरा माननीयज्यू समक्ष अनुरोध छ" भनी ५२ जना प्रदेशसभाका सदस्यहरुले हस्ताक्षर गरेको देखिन्छ।

iv. माननीय प्रदेश प्रमुख, कोशी प्रदेशलाई सम्बोधन गरिएको "अर्को वैकल्पिक सरकारको गठन सम्बन्धमा" भन्ने ५२ जना प्रदेशसभा सदस्यहरुबाट हस्ताक्षरित पत्रमा मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको व्यहोरा उल्लेख गरी "प्रदेशसभाका बहुमत सदस्यले दिएको विश्वासको मतको समर्थन पनि माननीय सभामुखज्यू समक्ष निवेदन दिई फिर्ता भएको बिद्यमान परिस्थितिमा मुख्यमन्त्रीज्यू प्रदेशसभामा स्वतः बहुमतको विश्वास गुमाई अल्पमतमा परिसक्नु भएको तथ्य स्पष्टै भै सकेको छ।" भनिएको छ। त्यसको अलावा उक्त पत्रमा "श्री सर्वोच्च अदालतको मिति २०७८।०३।२८ गते भएको संवैधानिक इजलासको फैसलाले नेपालको संविधानको धारा ७६ को उपधारा (१) देखि (७) सम्मका प्रावधानहरुको उल्लेख गर्दै संघीय सरकारको गठन विघटनको बारेमा व्याख्या गरेको छ। संविधानको धारा ७६ र सो धाराका उपधाराहरु प्रदेश सरकारको गठन तथा विघटन सम्बन्धी व्यवस्था हुबहु जस्ताको तस्तै मिल्दोजुल्दो छ, अर्थात् धारा

७६ को व्याख्या गर्दा जे जस्ता सिद्धान्त प्रतिपादन भए सो सिद्धान्त धारा १६८ मा पनि जस्ताको तस्तै लागू हुने भएकाले सर्वोच्च अदालत, संवैधानिक इजलासको मिति २०७८।०३।२८ गतेको ०७७-WC-००७१ माननीय शेर बहादुर देउवा समेत रिट निवेदक सम्मानित राष्ट्रपतिको कार्यालय समेत प्रत्यर्थी भएको उत्प्रेषण/परमादेशको रिट निवेदनमा भएको फैसलाको बुँदा नं.६७ को व्याख्या एवं नेपालको संविधान बमोजिम माननीय मुख्यमन्त्री केदार कार्कीज्यूले बहुमत सदस्यको विश्वास गुमाई सकेकोले कोशी प्रदेशका हामी बहुमत सदस्यहरु नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रदेशसभा संसदीय दलका नेता हिक्मत कुमार कार्कीज्यूलाई अर्को वैकल्पिक सरकारको नेतृत्व गर्न कोशी प्रदेश सरकार मुख्यमन्त्री पदमा नियुक्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन माननीय प्रदेश प्रमुखज्यू समक्ष दावी प्रस्तुतीका साथ अनुरोध गर्दछौं" भनिएको समेत देखिन्छ।

(च) कोशी प्रदेशसभाको अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिपाउन कोशी प्रदेशसभाका प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्य माननीय हिक्मत कुमार कार्की समेत ५२ जना प्रदेशसभा सदस्यहरुले मिति २०८०।१२।२६ गते लिखित अनुरोध गरेको हुँदा नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम सम्बत् २०८१।०१।०६ गते विहीबार दिनको १:०० बजे कोशी प्रदेशसभा हल बिराटनगरमा कोशी प्रदेशसभाको अधिवेशन आव्हान गर्ने निर्णय गरेको छु भनी प्रदेश प्रमुखबाट मिति २०८०।१२।२८ मा निर्णय भएको देखिन्छ।

(छ) कोशी प्रदेशसभाका सदस्य माननीय रेवती रमण भण्डारी प्रस्तावक र माननीय गणेश प्रसाद उप्रेती तथा माननीय किशोर चन्द्र दुलाल समर्थक रहेको "संकल्प प्रस्ताव" मिति २०८१।०१।०३ मा कोशी प्रदेशसभा सचिवालयमा दर्ता भई कार्य व्यवस्था परामर्श समितिको मिति २०८१।०१।०४ को बैठकको परामर्श समेतका आधारमा उक्त प्रस्ताव परिमार्जन गरी मिति २०८१।०१।०५ मा दर्ता गरिएको देखिन्छ। संकल्प प्रस्तावको व्यहोरा निम्नलिखित रहेको देखिन्छ, "माननीय मुख्यमन्त्री केदार कार्कीज्यूलाई २०८०।०६।२७ मा मुख्यमन्त्रीमा नियुक्त हुन र सरकारमा सहभागी हुन दिएको समर्थन साथै २०८०।०७।०१ गते सरकारमा सहभागी हुन समेत मुख्यमन्त्रीज्यूलाई दिएको विश्वासको मत समेत दिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट सहभागी हुनुभएका मन्त्री माननीय राम बहादुर मगरले २०८०।०७।१८ मा र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट सरकारमा सहभागी मन्त्रीहरु क्रमशः माननीय गणेश प्रसाद उप्रेती, माननीय राजेन्द्र कार्की, माननीय नारायण बहादुर मगरले मिति २०८०।१२।२६ गते मन्त्री पदबाट राजीनामा दिई सरकारबाट फिर्ता भई

सक्नुभएको छ। मन्त्रीबाट फिर्ता भएका दलका तर्फबाट मुख्यमन्त्रीलाई दिएको समर्थनका साथै दिएको विश्वासको मत समेत फिर्ता भएको व्यहोरा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ५२(बाउन्न) जना प्रदेशसभाका माननीय सदस्यले लिखित निवेदन २०८० चैत्र २६ गते नै माननीय प्रदेश प्रमुखज्यू र माननीय सभामुखज्यू समक्ष पेश भइसकेको हुँदा कुल ९३ जना प्रदेशसभा सदस्य मध्ये ५२ जना अर्थात् बहुमत सदस्यको समर्थन गुमाई सकेको विद्यमान परिस्थितिलाई ख्याल गर्दै,

माननीय मुख्यमन्त्रीज्यको नेतृत्वमा रहेको कोशी प्रदेश सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का तर्फबाट सहभागी माननीय मन्त्रीहरुले राजीनामा दिई सरकारबाट फिर्ता भै सकेको र बहुमत प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको अवस्थामा समर्थन फिर्ता लिएको मिति २०८०।१२।२६ को मितिले संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाको बैठकबाट आफु माथि विश्वास छ भन्ने प्रस्ताव राखी विश्वासको मत लिन प्रदेशसभाको बैठकमा माननीय मुख्यमन्त्रीलाई निर्देशन गरियोस्। मुख्यमन्त्रीज्यूलाई दिएको बहुमत सदस्यको समर्थन फिर्ता भइसकेको परिस्थितिमा सरकारको नियमित कार्यबाहेक दीर्घकालीन महत्वका कुनै निर्णय नगर्न नगराउन प्रदेश सरकार र सरकार सम्बद्ध अधिकारीलाई प्रदेशसभाको यो बैठकबाट निर्देशन गरियोस्। नेपालको संविधानको धारा १८८(२) बमोजिम मुख्यमन्त्रीज्यूले वैकल्पिक सरकारका लागि मार्ग प्रशस्त नगरेमा, विश्वासको मत नलिएमा वा विश्वासको मत प्राप्त नगरेमा त्यसपछिका दिनमा सरकारको वैधानिकता समाप्त हुने हुँदा स्वभाविक ढङ्गले माननीय कोशी प्रदेश प्रमुखज्यूबाट नेपालको संविधान बमोजिम नयाँ सरकार गठनको प्रक्रिया प्रारम्भ हुने नै हुँदा यो प्रदेशसभा वैकल्पिक सरकार गठन गर्न सक्षम रहेको व्यहोरा सम्बन्धित निकायमा सूचना प्रवाह गर्न कोशी प्रदेशसभा सचिवालयलाई निर्देशन गरियोस्।"

(ज) माननीय कोशी प्रदेशका प्रदेश प्रमुखले नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम मिति २०८१ बैशाख ६ गते बिहीबार १:०० बजे बस्ने भनी मिति २०८०।१२।२८ मा अधिवेशन आव्हान भएकोमा कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम माननीय सदस्य रेवती रमण भण्डारी प्रस्तावक तथा माननीय सदस्यहरु गणेश प्रसाद उप्रेती र किशोर चन्द्र दुलाल समर्थक रहनु भई मिति २०८१।०१।०३ मा कोशी प्रदेशसभा सचिवालयमा दर्ता गरिएको संकल्प प्रस्ताव कोशी प्रदेशसभा कार्य व्यवस्था परामर्श समितिको सुझाव/परामर्शको आधारमा परिमार्जन गरी

२०८०।०१।०५ मा पेश भएकोमा ऐ. नियमावली, २०७४ को नियम ७३ को उपनियम (३) बमोजिम संशोधन भई मिति २०८०।०१।०६ को प्रदेशसभा बैठकमा पेश भई २ दिनसम्म छलफल भएको देखिन्छ। कोशी प्रदेशसभा अधिवेशन माननीय सभामुखको रिडिङ्ग पेपर २०८१।०१।०७ (दोस्रो बैठक) अध्ययन गरी हेर्दा, संकल्प प्रस्ताव माथि १२ जना प्रदेशसभा सदस्यहरुले आफ्नो भनाई राख्नु भएपछि, माननीय सभामुखले, "अब म कोशी प्रदेशका मुख्यमन्त्री माननीय केदार कार्कीलाई छलफलका क्रममा माननीय सदस्यज्यूहरुले उठाउनु भएका प्रश्न तथा जिज्ञाशाहरुको जवाफ दिन अनुमति दिन्छु" भनेपछि माननीय मुख्यमन्त्रीले जवाफ दिनु भएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

(झ) माननीय मुख्यमन्त्रीबाट जवाफ दिने काम सम्पन्न भएपछि माननीय सभामुखले निम्नलिखित व्यहोराको संकल्प प्रस्ताव निर्णयार्थ पेश भएको देखिन्छ, "कोशी प्रदेशसभाका बहुमत प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्री माननीय केदार कार्कीलाई दिएको समर्थन मिति २०८०।१२।२६ मा फिर्ता लिएको अवस्था हुँदा सो मितिबाट नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाको बैठकबाट विश्वासको मत लिन, सरकारको नियमित कार्यबाहेक दिर्घकालीन महत्वका कुनै निर्णय नगर्न नगराउन मुख्यमन्त्री/प्रदेश सरकारलाई कोशी प्रदेशसभाको यो बैठक निर्देश गर्दछ। साथै नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिमको समय सिमाभित्र विश्वासको मत नलिएमा, विश्वासको मत प्राप्त नगरेमा वा मुख्यमन्त्रीले मार्ग प्रशस्त नगरेमा नेपालको संविधानको धारा १६८ बमोजिम नयाँ सरकार गठन गर्न यो प्रदेशसभा सक्षम रहेको जानकारी सम्बन्धित निकाय तथा पदाधिकारीलाई सूचना प्रवाह गर्न कोशी प्रदेशसभा सचिवालयलाई निर्देश गर्दछ।" यो व्यहोराको संकल्प प्रस्ताव माननीय सभामुखबाट निर्णयार्थ प्रस्तुत गर्दा "हुन्छ भन्ने माननीय सदस्यहरुको संख्या ५२, हुन्न भन्ने माननीयहरुले उठेर गणनामा सामेल हुन नचाहनु भएको, मत दिन्न भन्ने माननीयहरुको संख्या ३ भएकाले कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम २७ को उपनियम (२) बमोजिमको निर्णय भएको व्यहोरा निश्चय भएको हुँदा उक्त संकल्प प्रस्ताव बहुमतले पारित भएको सुनिश्चित गर्दछु।" भनिएको देखिन्छ। मिति २०८१।०१।१० को च.नं.३३५ कोशी प्रदेशसभा सचिवालयको पत्रबाट माननीय प्रदेश प्रमुख समक्ष "पारित संकल्प प्रस्ताव पठाएको सम्बन्धमा" भनी जानकारी पठाइएको समेत देखिन्छ।

(ञ) मिति २०८१।०१।२६ मा "जानकारी गराई पाउँ" भन्ने विषय राखी हिक्मत कुमार कार्की, नेता, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र इन्द्र बहादुर आङ्बो नेता, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले माननीय सभामुख, कोशी प्रदेश

सभालाई पत्र लेखी "माननीय प्रदेश प्रमुखज्यूबाट सम्बत् २०८१ साल बैशाख ६ गतेका लागि संविधानको धारा १८३ को (३) बमोजिम आव्हान भएको कोशी प्रदेशसभाको अधिवेशनको बैठक २०८१ साल बैशाख ६ र ७ गते बसी उक्त बैठकले मुख्यमन्त्री केदार कार्कीले बहुमत प्रदेशसभा सदस्यको समर्थन गुमाई अल्पमत पर्नु भएकोले २०८० साल चैत्र २६ गतेका मितिले नेपालको संविधानको धारा १८८(२) बमोजिमको अवधिभित्र प्रदेशसभाबाट विश्वासको मत लिन निर्देशन दिने संकल्प प्रस्ताव पारित भएको र सो अधिवेशनमा मुख्यमन्त्रीज्यूले विश्वासको मत लिन कुनै प्रस्ताव सभा समक्ष पेश नगर्नु भएको तथा बैशाख ७ गते नै अधिवेशन समाप्त भएको र अधिवेशनमा भएका निर्णयहरुको कार्यान्वयन भए नभएको जानकारी माननीय प्रदेश प्रमुखज्यू समक्ष पठाई सोको जानकारी हामी निवेदक समेतलाई उपलब्ध गराइदिन हुन अनुरोध गर्दछौं" भनी जानकारी माग भएको देखिन्छ। जानकारी माग गर्ने मननीय सदस्यहरुको नाममा कोशी प्रदेशसभा सचिबालयले मिति २०८१।०१।२६ मा नै "जानकारी सम्बन्धमा" भन्ने पत्र लेखि, "मिति २०८१।०१।२६ यहाँहरुले माननीय सभामुखलाई सम्बोधन गरी जानकारी माग गर्नुभएको निवेदनका सम्बन्धमा कोशी प्रदेशसभाबाट मिति २०८१।०१।०७ मा पारित संकल्प प्रस्ताव कोशी प्रदेश नियमावली, २०७४ को नियम ७९ बमोजिम यस सचिबालयको च.नं.३३४ मिति २०८१।०१।१० को पत्रबाट माननीय मुख्यमन्त्रीज्यू र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमा पठाइएकोमा संकल्प प्रस्तावमा उल्लेखित अवधिभित्र ऐ. नियमावलीको नियम १२८ बमोजिम मुख्यमन्त्रीको तर्फबाट विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव यस सचिवालयमा दर्ता हुन नआएको व्यहोरा जानकारीका लागि आदेशानुसार अनुरोध छ" भनी यो पत्रको बोधार्थ प्रदेश प्रमुखको कार्यालयमा पठाइएकोमा प्रदेश प्रमुखको कार्यालयमा सोही मितिको दर्ता नं.४४८ बाट दर्ता भएको देखिन्छ।

(ट) मिति २०८१।०१।२६ मा कोशी प्रदेशका प्रदेश प्रमुखबाट नयाँ प्रदेश सरकार गठनको आव्हान गर्ने निर्णय भएको देखिन्छ। निर्णयमा भनिएको छ, "नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम माननीय केदार कार्कीको नेतृत्वमा मिति २०८०।०६।०७ गते गठन भएको कोशी प्रदेश सरकारलाई कोशी प्रदेश सभाका बहुमत सदस्यहरुको विश्वासको मत प्राप्त भएकोमा मिति २०८०।१२।२६ गते कोशी प्रदेशसभाका ५२ जना सदस्यहरुले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको सम्बन्धी निवेदन प्राप्त भएको र कोशी प्रदेशसभा सचिवालयको च.नं.३३५ मिति २०८१।०१।१० गतेको पत्रमार्फत् कोशी प्रदेशसभामा पेश भएको संकल्प प्रस्ताव बहुमतले पारित भएको साथै उक्त

सचिवालय को च.नं.३५० मिति २०८१।०१।२६ गतेको पत्रमार्फत् संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको तीस दिनभित्र प्रदेशसभाबाट मुख्यन्त्रीले विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता हुन नआएको जानकारी प्राप्त भएको हुँदा नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकार गठन गर्नको लागि कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने कोशी प्रदेशसभाका कुनै सदस्यलाई मिति २०८१ साल बैशाख २८ गते शुक्रबार अपरान्ह ५:०० बजेसम्म आफ्नो दावी पेश गर्न आव्हान गर्ने निर्णय गर्दछु।"

(ठ) "माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०८१।०१।२६ गतेका दिन नेपालको संविधानको धारा १६८(५) बमोजिम कोशी प्रदेश सरकार गठन प्रयोजनका लागि कुल प्रदेशसभा सदस्य संख्याको बहुमत सदस्यहरुको समर्थन रहेको दावीसहित सरकार गठन गर्ने सन्दर्भमा भएको आव्हान भए अनुसार कोशी प्रदेश सरकार गठन गर्न तोकिएको म्यादभित्रै झापा जिल्ला निर्वाचन क्षेत्र नं.५(१) बाट निर्वाचित प्रदेशसभा सदस्य माननीय हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि तपसिल बमोजिमका हामी बहुमत सदस्यहरुले समर्थन गरेका छौं।" भनी ५२ जना प्रदेशसभा सदस्यहरुले हस्ताक्षरसहित माननीय प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालयमा मिति २०८१।०१।२७ गते निवेदन दर्ता भएको र सोही समर्थनलाई आधार मानी हिक्मत कुमार कार्कीबाट सोही मितिमा कोशी प्रदेश सरकारको नेतृत्वको दावी पेश गरेको निवेदन प्रदेश प्रमुखको कार्यालयमा दर्ता भएको देखिन्छ।

(ड) मिति २०८१।०१।२७ गते प्रदेश प्रमुख, कोशी प्रदेशबाट "आज मिति २०८१।०१।२७ गते बिहीबार दिनको ११:३५ बजे कोशी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्तिका लागि प्रदेशसभा सदस्य हिक्मत कुमार कार्कीले ५२ जना प्रदेशसभा सदस्यहरुको समर्थन रहेको भनी हस्ताक्षरसहित दावी पेश गरेको अवस्थामा विश्वसनिय आधारसहित दिगो सरकार गठनका लागि आज मिति २०८१।०१।२७ गते बिहीबार दिनको १२:३० बजे दावीकर्ताको समर्थनमा हस्ताक्षर गर्नुभएका सम्पूर्ण प्रदेशसभा सदस्यहरुलाई प्रदेश प्रमुखको कार्यालयको सभा हलमा प्रदेशसभा सदस्यको परिचय खुल्ने परिचय-पत्रसाथ उपस्थित भई हाम्रो समक्ष सनाखत गरिदिने प्रयोजनका लागि उपस्थित गराउने निर्णय गरेको छु।" भन्ने व्यहोराको निर्णय भएको देखिन्छ। सो निर्णय बमोजिम "५२ (बाउन्न) जना माननीय सदस्यहरु उपस्थित भई आज मिति २०८१।०१।२७ गते सनाखत समेत गरिदिनु भएकोले उक्त सदस्य संख्या कोशी प्रदेशसभामा कायम रहेको ९३ (त्रियानब्बे) सदस्य संख्याको बहुमत संख्या रहेकोले नेपालको संविधानको धारा

१६८ को उपारा (५) बमोजिम कोशी प्रदेशसभाका माननीय सदस्य हिक्मत कुमार कार्कीलाई कोशी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्न निर्णय गरेको छु।" भनी प्रदेश प्रमुखबाट नयाँ मुख्यमन्त्री नियुक्त भएको देखिन्छ।

(ढ) कोशी प्रदेशसभाका सभामुखले हस्ताक्षर गर्नुएको मिति २०८१।०१।३१ को माननीय प्रदेश प्रमुखलाई लेखिएको जानकारी सम्बन्धी पत्रमा कोशी प्रदेशसभाको पाँचौं अधिवेशन मिति २०८१।०१।३१ मा बसेको पहिलो बैठकमा कोशी प्रदेशका माननीय मुख्यमन्त्री श्री हिक्मत कुमार कार्कीले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम राख्नु भएको विश्वासको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा ५७ (सन्ताउन्न) मत, "हुन्न" भन्ने पक्षमा ० (शून्य) मत र "मत दिन्न" भन्ने पक्षमा अर्थात् तटस्थ माननीय सदस्यहरुको जम्मा ५ (पाँच) मत परेकोमा विश्वासको मतका पक्षमा परेको ५७ (सन्ताउन्न) मत कोशी प्रदेशसभामा तत्काल कायम रहेको ९३ जना प्रदेशसभा सदस्य संख्याको बहुमत भएकाले प्रस्ताव स्वीकृत भएको व्यहोरा उल्लेख भएको देखिन्छ।

३५. रिट निवेदनको विषयवस्तु तथा यसमा उठाइएका मागदावी सहितका संवैधानिक प्रश्नहरु, लिखित जवाफ तथा दुवै पक्षका विद्वान् कानून व्यवसायीहरुले गर्नुभएको बहसको आधारमा हेर्दा प्रस्तुत निवेदनमा निम्नलिखित प्रश्नहरु विचारणीय रहेको देखियो:-

(क) नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीको हकमा धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मत लिनुपर्ने प्रावधान आकर्षित हुन्छ वा हुँदैन?

(ख) धारा १८८ को उपधारा (४) बमोजिमको अविश्वासको प्रस्तावको विकल्पमा प्रदेशसभाबाट संकल्प प्रस्ताव पास गरी धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री परिवर्तन गर्न मिल्छ वा मिल्दैन?

(ग) धारा १६८ को उपधारा (५) बमोजिमको सरकार कायम रहेको अवस्थामा पुनः सोही उपधारा बमोजिम अर्को सरकार गठन हुन सक्छ वा सक्दैन?

(घ) कोशी प्रदेशका प्रदेश प्रमुखले मिति २०८१।०१।२६ मा नयाँ सरकार गठनका लागि गरिएको आव्हान र सो बमोजिम गरिएको मुख्यमन्त्रीको नियुक्ति संविधान सम्मत छ वा छैन?

(ङ) रिट निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्छ वा सक्दैन?

३६. सर्वप्रथम उल्लिखित विचारणीय प्रश्नहरुको संविधान सम्मत जवाफ खोज्न संविधानको व्याख्या एवं संसदीय शासन प्रणालीसँग सम्बन्धित केही सैद्धान्तिक अवधारणाका बारे विवेचना गर्नु सान्दर्भिक हुने देखियो। शासन संचालनको लागि अनुभवबाट राज्यको शक्ति एउटै व्यक्ति वा संस्थामा केन्द्रिकृत हुंदा देखिएको स्वेच्छाचारिता र त्यसबाट जन्मिएको निरंकुशताको विरुद्धमा शक्ति पृथकिकरणको सिद्धान्तको जन्म भई आजको विश्वका

लोकतान्त्रिक शासन प्रणालीको आधारभूत मूल्यको रुपमा यो स्थापित भइसकेको छ। शक्ति पृथकिकरणको सामान्य र सरल परिभाषा गर्दा राज्य संचालन गर्दा कानून बनाउने, त्यसलाई लागू गर्ने र कानून बमोजिम शासन संचालन भए नभएको निर्णय गर्ने तीनवटै अधिकार एउटै व्यक्ति वा संस्थालाई दिइएमा निरंकुशता जन्मने भएकाले राज्यको शक्ति विभाजन गरिनु पर्दछ र राज्य संचालनमा अधिकारको बाँडफाँडसँगै नियन्त्रण र सन्तुलनसमेत कायम गरी स्वस्थ ढंगले शासन संचालन गरिनु पर्दछ भन्ने नै रहेको पाइन्छ। फलस्वरुप राज्यका प्रमुख तीन अंग व्यवस्थापिकाले कानून बनाउने, कार्यपालिकाले त्यसको कार्यान्वयन गरी देशको दैनिक शासन प्रशासन चलाउने र न्यायपालिकाले व्यवस्थापिकाले बनाएको कानून बमोजिम कार्यपालिकाबाट काम कारबाही भए नभएकोमा आवश्यक आदेश/निर्णय गर्ने गरी शासन व्यवस्थाको व्यवस्थापन गरिन्छ। यसैमा लिखित संविधान भएको अवस्थामा देशको मूल कानून संविधान हुने भएकाले राज्यका सबै अंगले संविधानले दिएको अधिकारको आधारमा काम कारवाही गर्नुपर्ने गरी संवैधानिक सर्वोच्चता शासन व्यवस्थाको मुलभूत आधारस्तभ हुन पुग्दछ। व्यवस्थापिकाले संविधानमा रहेको व्यवस्था/प्रावधान विपरीत कानून बनाउन सक्दैन। संविधानले तोकेको अधिकारको परिधिभित्र रहेर वा संविधानले कुनै विषयमा के हुने भन्ने तोकिदिएको अवस्थामा त्यसको प्रतिकूल नहुने गरी अथवा त्यसको प्राप्तिलाई समेत सहजिकरण गर्ने गरी व्यवस्थापिकाले आवश्यक कानून बनाउन सक्छ। नेपालको संविधानको धारा १ को उपधारा (१) ले यसै सिद्धातलाई संस्थागत गर्दै, "यो संविधान नेपालको मूल कानून हो। यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" भन्ने व्यवस्था गरेको छ। लिखित संविधान भएको लोकतान्त्रिक देशमा न्यापालिकाको निर्णायक भूमिका यसै र यस्तै संविधानको प्रावधानको कार्यान्वयनका लागि अनिवार्य भएर जान्छ किनकी यो संविधानको प्रावधानमा उल्लेख भएबमोजिम संविधानसँग बाझिने कानून बाझिएको हदसम्म बदर वा अमान्य घोषणा न्यायपालिकाले गर्नुपर्ने हुन्छ। नेपालको संविधानको धारा १३३ र धारा १३७ ले यो जिम्मेवारी नेपालको सर्वोच्च अदालतलाई प्रदान गरेको छ। न्यायपालिकाले न्याय सम्बन्धी अधिकारको प्रयोग गर्दा संविधानको धारा १२६ को उपधारा (१) बमोजिम "यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम" गरिने छ भन्ने व्यवस्थाले नेपालको अदालत तथा न्यायिक निकायलाई सम्बन्धित विवादित प्रश्नको निरोपण गर्दा नेपालको संविधान र कानूनको अलावा विश्वमा स्थापित न्यायका मान्य सिद्धान्त समेतका आधारमा निष्कर्षमा पुग्नु पर्ने संवैधानिक निर्देशन रहेको स्थितिलाई हेर्दा, संविधानले फराकिलो न्यायिक दृष्टिकोणतर्फ इंगित गरेको प्रष्ट हुन्छ।नेपालको संविधानको धारा १२६ को उपधारा (१) को भावना अनुरुप धारा ७४ ले किटानी गरेको शासकीय स्वरुपको रुपमा रहेको संसदीय शासन प्रणालीको आधारभूत सिद्धान्तहरुको आधारमा संविधानमा रहेका प्रदेश सरकार गठन वा

विगठन सम्बन्धमा रहेको व्यवस्थाको विवेचना गर्दा संविधान व्याख्याका सान्दर्भिक सिद्धान्तहरुको बारेमा सारशंमा चर्चा गर्नुपर्ने देखियो।

३७. सर्वोच्च अदालतले संविधानको व्याख्या गर्दा, संविधानको विस्तार हुने भएकाले यो अत्यन्तै संवेदनशील विषय हो। संविधानसँग जोडिएको विवाद सर्वोच्च अदालत सामू आएपछि संविधानले त्यसको समाधान कसरी दिएको छ भन्ने प्रक्रियामा अथवा संविधानले दिएको सही उत्तरको खोजी गर्दा संविधानको व्याख्या गर्नुपर्ने हुन्छ। अर्को शब्दमा भन्दा संविधानसँग जोडिएको प्रश्नको सहि उत्तरको खोजी गर्दा संविधानको व्याख्या हुन जान्छ। संविधानले सामान्य लेखपढ गर्न सक्ने व्यक्तिले समेत बुझ्ने गरी स्पष्ट शब्दमा भनी दिइएको विषयको विवाद अदालतसम्म आई नपुग्न सक्छ वा आएमा जवाफको खोजी त्यति कठिन नहुन सक्छ। तर स्पष्ट नभएमा वा दुई अर्थ लाग्न सक्ने देखिएमा वा संविधानमा रिक्तता देखिएमा प्रश्नको सही उत्तरको खोजीका लागि संविधान व्याख्याका स्थापित सिद्धान्तहरुको साहारा लिनुपर्ने हुन्छ र यसको औपचारिक स्वीकारोक्ति नेपालको संविधानको धारा १२६ को उपधारा (१) ले नेपालका अदालत र न्यायिक निकायलाई प्रदान गरेको छ।

३८. न्यायिक निकायलाई प्रदान गरिएको उक्त अधिकारबाट अदालतले गर्ने संविधान र अन्य कानूनको व्याख्याको असरका सम्बन्धमा समेत मौलिक भिन्नता रहेको हुन्छ। अदालतले गर्ने संविधान र कानूनको व्याख्याको पालना सबैले गर्नुपर्ने हुँदा संविधानको व्याख्याबाट भएको संविधानको विस्तारका सम्बन्धमा सरकार वा व्यवस्थापिकालाई चित्त नबुझेमा त्यसको निराकरण संसदको दुई तिहाई बहुमतबाट संविधान संशोधन गरेर मात्र हुन सक्छ भने अन्य कानूनको व्याख्याका सम्बन्धमा संसदको सामान्य बहुमतबाट परिणाम निस्कन सक्छ। यो कारणबाट समेत हेर्दा संविधानको व्याख्या निकै नै संवेदनशील र अदालतलाई सुम्पिईएको गम्भीर जिम्मेवारी भएकाले अदालतले असाध्यै गम्भिरतापूर्वक संविधानका प्रावधानहरुको व्याख्याको प्रश्नलाई लिएको छ।

३९. संविधान व्याख्याको सम्बन्धमा विश्वमा महत्वपूर्ण सिद्धान्तहरुको विकास भएको पाइन्छ। यसरी विकास भएका मध्ये Textulism, Originalism, Stare decisis र structuralism लाई संविधान व्याख्यामा बढी नै अनुशरण गर्ने गरेको समेत पाइन्छ।[1] संविधान व्याख्याका सम्बन्धमा धेरै विद्वान् प्राध्यापक, कानूनविद् र न्यायाधीशहरुले अनुशरण गरी विकसित गरेका यी अलग अलग सैद्धान्तिक अवधारणाहरुमा समेत संविधानको व्याख्या गर्दा संविधानको पाठ (Text) लाई पहिलो प्राथमिकतामा राखिनु पर्दछ भन्नेमा एकरुपता रहेको पाइन्छ। संविधानको पाठ आफैमा स्पष्ट छ र सामान्य लेखपढ गर्ने सामान्य समझ

[1] हेर्नुहोस्". Interpreting Constitutions", A Comparative study, Jeffrey Goldsworthy edit, Oxford Unversity Press(2007); Michael J.Gerhardit, Thomos D. Rowe Jr, Rebecca L. Brown, Girardeau A. spann, "constitutional theory: Arguments and perspectives", Lexis Publishing (2000); "Modes of constitutional Interpretations", congressional research Service, Updated

भएको व्यक्तिले समेत त्यसको शाब्दिक अर्थ निकाल सक्छ भने त्यस सम्बन्धमा व्याख्याबाट थप गर्नुपर्ने कुनै आवश्यकता रहदैन। यसको अर्थ संविधानको प्रावधानमा लेखिएको शब्दको दोहोरो अर्थ आउने वा अस्पष्ट देखिने स्थिति नरही एउटै अर्थ र स्पष्ट भनाई आएको स्थितिमा त्यहि अर्थलाई आधिकारिक मानिनु पर्दछ। संविधानमा लेखिएका शब्दहरु हेरिनु पर्दछ र लेखिएका शब्दबाट सोही बमोजिमको व्याख्याको शुरुवात् गरिनु पर्दछ। यसलाई Plain Words Approach पनि भनिन्छ। जे शब्द छ त्यसको सामान्य सबैले बुझ्ने अर्थलाई नस्वीकार्ने हो भने सर्वसाधारणका लागि आफ्नै मूल कानूनले सुरक्षित महशुस नगराउन सक्छ। सबैले बुझ्ने संविधान भनेकै लेखिएका शब्दको सबैले बुझ्ने सामान्य अर्थ मानिनु पर्दछ। यो व्याख्याको सफलताको सिमा सरल, दोहोरो अर्थ नआउने, स्पष्ट संवैधानिक प्रावधान रहेको मानिन्छ। यदि यो अवस्था नरहेर संविधानमा प्रयुक्त शब्दहरुको अर्थ स्पष्ट नभएमा एकभन्दा बढी अर्थ निस्किएमा वा निस्किने सम्भावना देखिएमा वा अगाडि आएको समस्या समाधान गर्न संविधानको प्रावधानमा रिक्तता देखिएमा संविधानको प्रावधान वा संविधानले गरेको व्यवस्थाको भावार्थ बुझ्नका लागि संविधानका शब्द भन्दा बाहिर गई व्याख्याको अन्य विधि खोजिनु पर्ने हुन्छ। कतिपय संबिधान निर्माण हुँदा राखिएका शब्दको तात्कालीन अर्थमा समयको अन्तरालमा परिवर्तन आएको हुनसक्छ र वर्तमानको समस्यालाई शाब्दिक अर्थ वा शाब्दिक व्याख्याले (Textualism) सम्बोधन नगर्न सक्ने अवस्था/स्थितिमा अन्य व्याख्याका बाटाहरुको खोजी गरिनु पर्दछ।

४०. संविधानको व्याख्या गर्दा शाब्दिक व्याख्यासँग मिल्दोजुल्दो तर शब्दको भाव वा मनसाय खोजिने व्याख्याको सिद्धान्तलाई मौलिकता (Originalism) वा Intentionalist approach भन्ने गरिन्छ।[2] संविधान निर्माताहरुले के सोचेर चाहना राखेर कुनै संविधानको प्रावधान राखेका थिए भन्ने पत्ता लगाएर सोही बमोजिम संविधानको व्याख्या गरिनु पर्दछ भन्ने मौलिकतावादको दृष्टिकोण रहेको छ। संविधानका शब्दहरु पढ्दा त्यो आफैमा स्पष्ट भएमा संविधान निर्माताको चाहना/मनसाय वा भावना बुझ्ने प्रयास गर्न जरुरी पर्दैन। तर अस्पष्ट भएमा वा समयको अन्तरालमा लेखिएको प्रावधानको स्पष्ट वा सहज अर्थ निस्कन कठिनाई भएमा संविधान निर्माणको समयमा त्यो प्रावधानको के अर्थ थियो र संविधान निर्माताहरुले के सोचेर त्यो प्रावधान वा ति शब्दहरु राखेका थिए भन्ने पत्ता लगाई त्यसैको आधारमा विवादको समाधान गरिनु पर्दछ भन्ने यो सिद्धान्तको मान्यता रहेको पाइन्छ। यो व्याख्याको सिद्धान्तले पनि शाब्दिक व्याख्याको सिद्धान्त सरह न्यायाधीशलाई self restrain (आत्म संयमता) अपनाउन मद्दत गर्दछ। आफ्नो धारणा वा विचारभन्दा संविधानका शब्द वा संविधान निर्माताको चाहना/भावना बुझेर संविधानको व्याख्या गर्दा संविधान माथि बढी न्याय हुन जान्छ भन्ने यसका पक्षधरको मान्यता रहेको पाइन्छ। तर

[2] Ibid

संविधान निर्माताहरुको सामूहिक मनसाय बुझ्न कठिन पर्न पनि सक्छ किनकी संविधानका धेरै प्रावधानहरु सम्झौता (give and take) को आधारमा राखिएका हुन्छन। यस्तोमा कुन संविधान निर्माताको के मनसाय थियो भन्ने सत्यवोध गर्न कठिन पर्न सक्छ। त्यो सँगै संविधान निर्माणपछि लामो समयको अन्तरालमा व्याख्या गर्नु पर्दा त्यहि शब्द वा प्रावधानले साविक अर्थ र आजको सन्दर्भमा वुझिने अर्थमा फरक पर्न सक्छ। उदाहरणको लागि जनवरी १, १८६३ मा अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले अमेरिकामा दास प्रथाको अन्त्यको घोषणा गरी १८६५ को अमेरिकी संविधानको १३ औं संशोधानले दासता विरुद्धको हकलाई मौलिक हकमा राखी अमेरिकी संविधानको १४औं संशोधनले सन् १८६८ मा (Right to equality) समानताको हकलाई समेत मौलिक हक मान्दा पनि त्यो हकले काला जातिका मानिसलाई पूर्ण रुपले समेटेको थिएन। त्यस बखत काला जातिका मानिसलाई स्वतन्त्र मानव नमानेर व्यक्तिको सम्पत्ति मानिने सन् १८६३ अघिको व्यवहारको अन्त्य भएको थिएन। १४ औं संशोधानले गोरा र काला जातिका मानिस बिच समानताको सुनिश्चितता गरेपनि दुई समूह बिच देखिने रंग, छाला (color and skin) को देखिने फरकपनलाई समाप्त नपारेको हुँदा दुबै जातिका मानिसका लागि समान सुविधा सहित अलग अलग (equal but different) स्थान तोक्ने व्यवस्था गर्ने निर्णय अमेरिकी सर्वोच्च अदालतले Plessy Vs Ferguson (१८९६) को मुद्दामा गरेको पाइन्छ। समानताको हकको यो संकिर्ण व्याख्यालाई Brown Vs Board of education को मुद्दामा अमेरिकी सर्वोच्च अदालतबाट १९५४ मा खारेज गरी काला जातिका मानिस माथि रहेको असमानताका सम्पूर्ण अवरोधलाई असंवैधानिक घोषणा गरियो। अमेरिकी संविधानमा मौलिक हकको रुपमा सन् १८६८ देखि Right to equality मा त्यही शब्द उल्लेख थियो तर त्यसले पूर्णता पाउन ८६ वर्ष लागेको देखिन्छ। यसरी उही संवैधानिक प्रावधान समयको अन्तरालसँगै सर्वोच्च अदालतको व्याख्याबाट उदार हुँदै गएको देखिन्छ। त्यसैले कतिपय अवस्थामा संविधान निर्माताले राख्न खोजेको शब्दको तत्कालिन अर्थमात्र खोज्दा समाजको विकास सँगै संविधानले स्थापना गर्न खोजेको समाज निर्माणको लक्ष्य भेट्न नसक्ने अवस्थातर्फ समेत ध्यान दिनु पर्ने देखिन्छ।

४१. अदालतको व्याख्या विश्लेषणको आधारमा विकसित भएको कमन ल (Common Law System) प्रणालीमा *Stare decisis* को पालना गरी उस्तै मुद्दाहरु (Similar cases) वा उस्तै समस्याहरुको समाधान भएको उदाहरण हेरेर हाल जारी मुद्दा/समस्याको निर्णय हुनुपर्दछ भन्ने मान्यताले वैधानिक स्वरुप प्राप्त गरेको पाइन्छ।[३] यसै अवधारणाबाट विकसित नजिर (Precedent) को पालनाको ठूलो आकर्षण भनेको संविधान व्याख्यामा यो प्रक्रियालाई स्वीकारिएमा कानूनमा सुनिश्चितता र पूर्वानुमानलाई बल पुग्छ। विगतमा यस्तो प्रश्नमा यस्तो व्याख्या भई यसरी समस्याको समाधान निस्किएको हुँदा यसमा समेत त्यस्तै नहुनु

[३] Idib.

पर्ने कुनै नयाँ वा फरक कारण छैन भने त्यस्तै हुन्छ भन्ने आम पूर्वानुमान बमोजिम व्याख्या गरिएमा यसले कानूनको शासनलाई बल पुग्ने गरी कानूनको सुनिश्चितता, पूर्वानुमान र स्थिरताले स्वामित्व प्राप्त गर्न सक्छ। त्यो सँगै न्यायाधीशको स्वविवेक माथि समेत यसले नियन्त्रण गर्दछ। नजिर न्यायाधीहरुले गर्ने कानूनको व्याख्याबाट सिर्जना हुने भएकाले संविधान आफैमा के छ भनेर निष्कर्ष निकाल्नु नै उपयुक्त हुने हुँदा संविधानको व्याख्यामा नजिरलाई धेरै महत्व दिनु हुँदैन भन्ने धारणा समेत रहेको पाइए पनि फरक अवस्था र तथ्यको हकमा नजिर आकर्षित नहुने हुँदा न्यायिक अनुशासनका लागि समेत समान अवस्थामा नजिरको पालनाले कानूनको शासनलाई मजबुत पार्न मद्दत गर्ने स्थापित मान्यतालाई अन्यथा मान्न सकिन्न।

४२. संविधान व्याख्याको अर्को अत्यन्तै महत्वपूर्ण सिद्धान्त Structuralism (संरचनावाद), वा Structural analysis (संरचनात्मक विश्लेषण) वा Structural Interpretation (संरचनात्मक व्याख्या) लाई मान्ने गरिन्छ।[4] संविधानमा शक्ति पृथकिकरण भन्ने शब्द हुँदैन तर त्यसो नभने पनि संविधानभित्र रहेका संरचनाहरुले त्यसलाई इंगित गरेको हुन्छ। तसर्थ पुरा संविधान हेरेर संविधानको व्याख्या गरिनु पर्दछ। यसको अर्थ कुनै प्रावधानको व्याख्या गर्दा त्यसका शब्द मात्र हेरेर व्याख्या नगरी त्यो प्रावधान संविधानको कुन स्थानमा राखिएको छ र त्यसको संविधानसँगको सम्बन्ध के हो भन्ने समेतलाई ध्यानमा राखी व्याख्या गरिनु पर्दछ। व्याख्याको प्रश्न सामान्य लेखपढ गर्न जान्ने व्यक्तिले समेत बुझ्ने गरी रहेको प्रावधानको हकमा आवश्यकता नै नपर्ने भएकाले जहाँ अस्पष्टता, द्विविधा वा अपुरा वा अधुरा प्रावधान वा अवस्थामा आकर्षित हुने हुँदा त्यस्तो अवस्थामा संविधानको सम्पूर्ण संरचनागत विशेषतालाई समातेर सही उत्तरको खोजी गर्न संचरनागत व्याख्या महत्वपूर्ण हुने देखिन्छ। संविधानको सम्पूर्ण अध्ययनले संविधानमा नदेखिएका वा नलेखिएको संविधानको भित्री पक्षहरु देख वा बुझ्न समेत सहयोग पुऱ्याउँछ। मुलतः हक, अधिकार र स्वतन्त्रताको रक्षाको लागि संविधानले सुसंगित र विस्तृत रुपमा कसरी सार्वभौम अधिकारको प्रयोग कसले र कसरी प्रयोग गर्न पाउँछ र कुन उद्देश्यका लागि कुन तरिकाबाट अधिकारको प्रयोग गर्नु पर्दछ भन्ने समेत व्यवस्था गरिएको हुन्छ।

४३. संविधानमा लेखिएको विषयमा लेखिएकै बिन्दुबाट समग्रतालाई हेरेर संविधानको व्याख्या गर्नुपर्दछ भने संविधानका शब्दले रिक्तता पुरा गर्न नसकेको स्थितिमा संविधानले अंगिकार गरेको शासन प्रणालीका स्थापित मान्य सिद्धान्तहरुको आधारमा निष्कर्ष निकाल्नु पर्ने हुन्छ। जस्तो संसदीय शासन प्रणाली अंगालेको संविधानको अलिखित पक्ष जति संसदीय प्रणालीका सिद्धान्तहरुबाट पूर्णत दिइनु पर्दछ। यद्यपि यस्ता सिद्धान्तसमेत व्याख्या वा अभ्यासबाट परिमार्जन नहुने भन्ने हुदैन। स्थापित सिद्धान्तलाई स्वीकारेपछि प्रणालीले

[4] हेर्नुहोस्- Ibid; See also- The mode of constitutional Analysis, Structuralism (part 7), congressional Research service January 13, 2022, Antonina scalia " Forward: The Importance of structure in constitutional Interpretation, " Notre Dame Law revive, s-1, 2008.

स्थिरता प्राप्त गर्न सक्छ। लिखित संविधान भएको मुलुकमा संविधानको सर्वोच्चता रहने र हाम्रो देशले लिखित संविधानको सिमाभित्रको संसदीय सर्वोच्चतालाई स्वीकारको हुँदा त्यो सिमाको मर्यादा कायम राख्ने संविधानको अभिभावकत्वको जिम्मेवारी संविधानले नै सर्वोच्च अदालतलाई दिएको हुँदा संविधानमा अस्पष्टता वा रिक्तता देखिएमा त्यसको पूर्ति या संविधानको संशोधनबाट गरिनु पर्दछ, अन्यथा त्यो जिम्मेवारी संसदीय शासन प्रणालिका मूल्य मान्यताको आधारमा व्याख्याद्वारा सर्वोच्च अदालतले गर्नु पर्दछ। सर्वोच्च अदालतले संविधानको व्याख्या गर्नेसक्ने मान्यताको सुरुवात अमेरिकी संविधान लागु भएको केही वर्ष पछाडि Marvery V. Medision(१७८७) को मुद्दामा अमेरिकाको सर्वोच्च अदालतले शुभारम्भ गरेको उदाहरण विश्वव्यापी रुपमा सुप्रसिद्ध रहेको छ। यसै क्रममा पछिल्लो चरणमा संविधानको संरचनागत व्याख्याबाट संविधानको उद्देश्यहरु बमोजिम संविधानले स्थापना गरेको संस्थाहरु र तिनीहरु बिचको सम्बन्ध, काम कारवाही, गतिविधि र स्वीकारिएका परम्पराको आधारमा संवैधानिक शासनलाई मजबुत ढंगले स्थापना गर्ने गरिएको छ।

४४. प्रत्येक संविधानले स्थापना गरेका संस्थाहरु र तिनीहरुको आपसी सम्बन्धको आधारमा संविधानले स्थापना गर्न खोजेको संवैधानिक सिद्धान्तहरुको निचोड निकाली त्यसको आधारमा संविधानको व्याख्या गरिएमा त्यो उत्तम व्याख्या हुनसक्छ। यसरी संविधानले बनाएको राज्यका संरचना/सरकारको संरचनाको आधारमा त्यसको एक आपसमा पर्ने असर र परिणामबारे निचोड निकाली सो निचोडको आधारमा सिर्जना भएका सिद्धान्तहरुलाई त्यो संविधानको आधारभूत र सांगठनिक संवैधानिक सिद्धान्त मान्नु पर्ने हुन्छ र संविधानका यि आधारभूत सिद्धान्त के हुन भन्ने आधारमा तोकिएको शासन प्रणालीको स्वरुपको समेत जानकारी प्राप्त हुन्छ। संवैधानिक संरचनाहरुको व्यवस्थापन गर्दा समेत आधारभूत संवैधानिक सिद्धान्तहरुको आधारमा संविधानका मान्यताहरु लेखिएका हुने भएकाले संविधानले स्थापना गरेका राष्ट्रपति, प्रधानमन्त्री, प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख लगायतका संस्थाहरुको कार्यगत व्यवस्थापन, हक, अधिकारको दायरा र सीमा संविधानले अंगिकार गरेको सिद्धातहरुको आधारमा परिभाषित गरिनु पर्दछ। यसो गर्दा संविधान निर्माणको ऐतिहासिक दृष्टिकोणलाई ध्यानमा राख्नु पर्दछ, तर ऐतिहासिक दृष्टिकोणले संविधानको प्रारम्भिक र शुरुको अर्थलाई धेरै महत्व दिने भएकाले त्यतिले मात्र संविधानको व्याख्याले पूर्णता पाउँदैन। ऐतिहासिक दृष्टिकोणसँग संरचनागत व्याख्यालाई जोडिएमा त्यसले संविधानको मूल्य मान्यता समेतलाई समेटेर परिस्कृत र समग्रतामा जवाफ दिन सक्छ। संविधानलाई विपरीत र असंगत धाराहरुको संगालो मानिनु हुन्न, एक अर्काका परिपूरक मानी समग्रतामा निष्कर्ष निकाल्नु पर्दछ भन्ने मान्यतालाई संरचनागत व्याख्या/विश्लेषणको सिद्धान्तले जोड दिएको पाइन्छ। तसर्थ, निचोडमा भन्नुपर्दा संविधानले खडा गरेको संवैधानिक संरचनाको आधारमा संविधानको

व्याख्या गरिनु पर्दछ र संविधानमा रिक्तता रहेको वा राखिएको स्थानहरु वा संविधानले सम्बोधन नगरेका वा नगरेको देखिएका स्थानहरुलाई संविधानको संरचनागत स्वरुपको आधारमा पूर्णता दिनु पर्दछ।

४५. संविधान व्याख्याका मूलभूत सिद्धान्तहरुको संक्षिप्त चर्चा गरिसकेपछि अब, नेपालको संविधानले कस्तो शासन प्रणाली अंगिकार गरेको छ भन्ने विषयमा विवेचना गर्न जरुरी हुने देखियो। नेपालको संविधानको धारा ७४ मा "नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ" भनिएको छ। यो प्रावधानले नेपालको समग्र राजनीतिक र प्रशासनिक स्वरुप समेतलाई समेट्दै शासन प्रणालीको हकमा संसदीय प्रणाली रहने तथ्यलाई स्पष्ट शब्दमा स्वीकारेको छ। नेपालको राजनीतिक र प्रशासनिक ढाँचा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक रहेको तथ्यलाई समेत साथै राखी सो ढाँचा भित्रको शासन प्रणाली बहुलवादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणाली हो भन्ने स्पष्ट देखिन्छ। यस भित्र अझ छुट्टाएर हेर्दा नेपालको शासन व्यवस्था शान्तिपूर्वक विभिन्न आस्था, विचार, सिद्धान्त र कार्ययोजना बोकेको राजनीतिक दलहरुले प्रतिस्पर्धा गरी जनताको अभिमत प्राप्त गरी शासन सञ्चालन गर्ने राजनीतिक व्यवस्था हो र यसरी प्रतिस्पर्धा गर्ने शासकीय स्वरुप राष्ट्रपतीय वा मिश्रित शासन प्रणाली नभएर संसदीय शासन प्रणाली हो भन्ने निश्चितता नेपालको संविधानको धारा ७४ को प्रावधानले गरेको छ। यसरी नेपालको संविधानले देशको शासन व्यवस्था संसदीय शासन प्रणालीमा आधारित हुने भन्ने व्यवस्था गरेको परिप्रेक्ष्यमा संसदीय शासन प्रणालीको विकास तथा यसको सर्वस्वीकार्य मूल्य, मान्यताहरु र सिद्धान्तको बारेमा केही चर्चा गर्नु उपयुक्त हुने देखियो।

४६. संसदीय शासन प्रणालीको विकास बेलायतबाट भएको हो। बेलायतबाट विकसित भएको संसदीय शासन प्रणालीका केही मूलभूत आधार स्तम्भहरु रहेका छन्। बेलायतमा हाम्रो जस्तो संविधानको एउटै दस्तावेज नभए पनि झण्डै एक हजार वर्ष अगाडिदेखि राजसंस्था र जनताबीचको संघर्ष, मन्थन र सम्झौताबाट प्रथा परम्परा स्थापित भएको शासन प्रणालीमा बेलायतको सार्वभौमसत्ता बेलायतको संसदमा निहित छ भन्ने तथ्य निर्विवाद रुपमा स्थापित भएको छ।[5] संसदका दुई सदन मध्येको प्रतिनिधिसभा (House of Commans) जनताबाट प्रत्यक्ष निर्वाचित सभा भएकाले कार्यकारी प्रमुख प्रधानमन्त्री यसै सभाबाट बहुमत प्राप्त सांसद हुने भएकाले र क्रमिक रुपमा माथिल्लो सदन House of Lords को अधिकारमा संकुचन हुँदै महत्वपूर्ण कानून निर्माणमा House of Commons को निर्णायक अधिकार स्थापित भएको पाइन्छ। बेलायतको संवैधानिक परम्परा अनुसार बेलायतको संसदले पास गरेको कुनै पनि ऐनलाई कसैले खारेज गर्न सक्दैन। संसदीय

[5] हेर्नुहोस, A.V Dicey, " An Introduction to the study of the law of the constitution, Tenth Edition, Unversal Law Publishing Co.Pvt. Ltd(1958), " Review of the UK constitution" Institute for Government, Bennett Institute for public policy, combridge (2022)

सर्वोच्चता भएका कारण शासन सञ्चालनसँग जोडिएका सबै संवैधानिक कानून बेलायतको संसदको सामान्य बहुमतले पास गर्ने हुँदा एउटै विषयमा पछिल्लो कानून अघिल्लो कानूनसँग बाझिएमा पछिल्लो कानून लागु हुन्छ र अदालतले समेत त्यसैलाई कार्यान्वियन गर्दछ।[6] संसदले बनाएको कानून बमोजिम राज्यका अंगहरु सञ्चालित छन वा छैनन् भन्ने विषयमा न्यायिक पुनरावलोकन हुन सक्छ तर संसदले बनाएको कानून नै खारेज गर्ने गरी बेलायतको सर्वोच्च अदालतले अहिलेसम्म निर्णय गरेको उदाहरण भेटिंदैन। बेलायती संसदले पास गरेको मानव अधिकार ऐन, १९९८ (Human Rights Act 1998) को दफा ४ ले संसदले बनाएको कुनै कानून European Convention on Human Rights ले सुनिश्चितता गरेको मानव अधिकारसंग असंगत (Incompatible) देखिएमा नमिलेको देखिएको भनी बेलायतको सर्वोच्च अदालतले घोषणासम्म गर्नसक्ने व्यवस्था गरेपनि त्यसरी नमिल्दो प्रावधानलाई खारेज गर्ने अधिकार भने उसंग रहेको पाइदैन। बेलायत युरोपियन युनियनबाट बाहिरि सकेपछि यो प्रावधानको प्रभावकारिता वा प्रयोगमासमेत प्रश्न उठेको देखिन्छ। त्यसको अलावा बेलायत युरोपियन यूनियनको सदस्य हुँदासम्म यूरोपियन यूनियनको संसदले पास गरेका अन्य कानून विपरीत बेलायती संसद आफैले कानून निर्माण नगर्ने अभ्यास गर्ने गरेको पाइए पनि बेलायतको संसदीय सर्वोच्चताको प्रयोग गरी स्पष्ट शब्दमा सो व्यहोरा राखी यूरोपियन यूनियनले बनाएको कानूनसँग समेत बाँझिने गरि कुनै कानून पास गरेमा त्यसलाई खारेज गर्ने हैसियत बेलायतको सर्वोच्च अदालतलाई समेत छैन भन्ने मान्यता आजसम्म स्थापित भइरहेको पाइन्छ।

४७. बेलायतमा नेपालमा जस्तो संवैधानिक कानूनहरुको मूलभूत विषय समेटेर एउटै पुस्तकमा लेखिएको संविधान नभएपनि छरिएर रहेका संवैधानिक कानूनका प्रथा, परम्परा, सम्झौता, घोषणा, ऐन तथा बेलायती अदालतहरुले लामो समयदेखि संरक्षण गरेको कमन ल प्रणाली (Common Law System ) को रुपमा बिकसित कानूनहरुको समूहगत संगालोको रुपमा रहेको बेलायतको संविधानले संसदको सर्वोच्चतालाई आफ्नो शासन प्रणालीको मेरुदण्डको रुपमा स्वीकारेको छ। तिनै संसदीय सर्वोच्चताको आदेश, सिद्धान्त, मूल्य र मान्यतालाई एउटै लिखित दस्तावेजमा देशको मूल कानूनको रुपमा राखी देशको शासन व्यवस्था सञ्चालन गरेका क्यानडा, अष्ट्रेलिया, भारत र हाम्रो नेपाल जस्ता देशका लागि संवैधानिक सर्वोच्चता भित्रको संसदीय शासन प्रणाली शासन संचालनका मेरुदण्ड रहेको छ। संसदीय सर्वोच्चता रहेको बेलायत होस् वा संवैधानिक सर्वोच्चता भित्रको संसदीय शासन भएको देशहरुमा होस् देशको शासन संचालन गर्ने कार्यकारिणीसँग संसदको जननिर्वाचित सभा House of Commons वा जनप्रतिनिधि सभाको बहुमत अनिवार्य रुपमा रहन पर्ने तथ्यमा द्विविधारहित एकरुपता रहेको छ। संसदीय शासन प्रणाली रहेका देशमा केन्द्रको शासन होस् वा राज्य वा प्रदेशको शासन संचालनमा होस् एउटै संवैधानिक विधि र प्रक्रिया रहेको

[6] Alison young," Constitutional entrenchment and parliamentary Sovereignty", Institute for Government, Bennett Institute for public policy, Cambridge (2022)

देखिएको हुँदा जनप्रतिनिधि सभाको बहुमतको विश्वास सदासर्वदा कायम रहने व्यक्तिमात्र सरकारको प्रमुख रहने मान्यता वा विशेषता संसदीय शासन प्रणालीको आधारभूत सिद्धान्त रहेको र नेपालको संविधानले समेत यो आधारभूत सिद्धान्तलाई केन्द्र सरकार गठन र प्रदेश सरकार गठनका हकमा स्वीकार गरी संविधानका विभिन्न प्रावधानमा यसलाई राखेको पाइन्छ।

४८. संसदीय शासन प्रणालीका केही सर्वस्वीकार्य मूल्य र मान्यताहरु छन् जसलाई संसदीय शासन प्रणालीलाई स्वीकारेका प्रायः सबै देशहरुले अंगिकार गरेको पाइन्छ। संसदीय शासन प्रणालीमा राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा कार्यपालिकाको गठन व्यवस्थापिकाबाट हुन्छ। दुई सदनात्मक व्यवस्थापिकामा जनप्रतिनिधिमूलक सभामा बहुमत रहेको दलको संसदीय दलको नेता सरकारको प्रमुख हुन्छ र सरकार हरदम आफ्नो निर्माता जनप्रतिनिधिमूलक सभाप्रति जवाफदेही हुन्छ। सरकार संचालनका लागि आवश्यक कानूनी तथा बजेट जनप्रतिनिधिमूलक सभाले बहुमतबाट स्वीकृत (अपवादमा अनुमोदन) गरे बमोजिम हुन्छ। यसको अर्थ सरकार संसदको माध्यमबाट जनताप्रति हरदम उत्तरदायी र जवाफदेही हुनुपर्दछ। संसदको बहुमतले दिएको आदेश, निर्देशको उल्लंघन गर्ने वा त्यसको विपरीतमा सरकार जान सक्दैन किनकी सरकारको अस्तित्व नै जनप्रतिनिधिमूलक सभा नेपालको हकमा केन्द्रमा प्रतिनिधिसभा र प्रदेशमा प्रदेशसभाको बहुमतको समर्थनमा अडिएको हुन्छ। यसबाट संसदीय शासन प्रणालीले राष्ट्रपतीय प्रणालीमा रहेको सरकारको स्थायित्वलाई भन्दा बढी सरकारको जनप्रतिनिधि संस्था प्रति जवाफदेहितालाई प्राथमिकतामा राखेको प्रष्ट हुन्छ। जवाफदेहितालाई प्राथमिकता दिएका कारण सरकारसँग संसदको बहुमतको समर्थन छ छैन भन्ने प्रश्नमा छ भन्ने जवाफ सरकारसँग रहिरहनु पर्दछ भन्ने सर्वस्विकार्य मान्यतालाई हाम्रो संविधानले समेत स्वीकारेको छ। बहुमत प्राप्त दलको सरकार रहेको अवस्थामा वा मिलीजुली सरकार संचालन गर्ने परम्पराको विकास भइसकेको स्थितिमा जवाफदेहितासँगै स्थायित्वको सुनिश्चिता समेत संसदीय व्यवस्थामा हुन सक्ने र यसले देशका हरेक क्षेत्र र वर्गको प्रतिनिधित्व गराउने सक्षमता राख्ने हुँदा कानूनको शासनको जननी मानिने बेलायतले आज पर्यन्त संसदीय शासन प्रणालीबाट नै जवाफदेहितापूर्ण र स्थायित्व सहितको सरकार दिन सकेकोलाई विश्वका अधिकांश देशहरुले कतिपय विषयमा आफ्नो मौलिकताका केही विशेषता समेतलाई समेटेर अनुशरण गरेको पाइन्छ। नेपालको संविधानले समेत आफ्नो अनुभवको आधारमा केही मौलिक विशेषताहरुलाई संसदीय शासन प्रणालीको ढाँचाभित्र समेटेको भन्ने सन्दर्भमा राज्यको शासन प्रणालीको ढाँचालाई स्थिरता प्रदान गर्न प्रदेश सरकारको हकमा नेपालको संविधानमा धारा १६८ को उपधारा (५) र धारा १८८ को उपधारा (४) व्यवस्था र संघीय सरकारको हकमा धारा ७६ को

उपधारा (५) र धारा १०० को उपधारा (४) राखिएको भन्ने समेत तर्क गरिएको पाइन्छ।

४९. रिट निवेदकले उठाएको विवादका सम्बन्धमा हेर्दा, रिट निवेदकले आफ्नो रिट निवेदनमा मुलतः नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीको निरन्तरता र पदमुक्तिका सम्बन्धमा संविधानमा केही विशेष व्यवस्थाहरु रहेको र त्यसको उल्लंघन हुने गरी कोशी प्रदेशका प्रदेश प्रमुखबाट निर्णयहरु भई नयाँ मुख्यमन्त्री नियुक्त भएको जिकीर लिनु भएको छ। धारा १६८ को उपधारा (५) बमोजिम गठन भएको आफ्नो सरकार कायम नै रहेको अवस्थमा पुनः सोही उपधाराको प्रयोग गरी नयाँ सरकार निर्णय हुन नसक्ने, यो प्रावधानबमोजिम नियुक्त मुख्यमन्त्रीलाई पदमुक्त गर्न धारा १८८ को उपधारा (४) बमोजिम अविश्वासको प्रस्तावबाट मात्र सम्भव हुनेमा सो मार्ग अवलम्बन नगरी सरकार परिवर्तनका लागि आकर्षित नै नहुने प्रदेशसभाबाट पास भएको भनिएको संकल्प प्रस्तावको सहारा लिइएको कार्य संविधान विपरीत रहेको र धारा १६८ को उपधारा (५) बमोजिम  नियुक्त मुख्यमन्त्रीको हकमा धारा १८८ को उपधारा (२) को विश्वासको मत लिनुपर्ने प्रावधान आकर्षित नै नहुनेमा सो समेतको उल्लंघन गरी नयाँ मुख्यमन्त्री नियुक्तिको लागि प्रदेश प्रमुखबाट मिति २०८१।०१।२६ मा गरिएको आव्हान र सो बमोजिम मिति २०८१।०१।२७ मा भएको नयाँ मुख्यमन्त्रीको नियुक्ति संविधान प्रतिकूल रहेकाले बदर गरी आफ्नो नियुक्तिलाई निरन्तरता हुने आदेश जारी गरी पाउँ भन्ने रहेको छ।

५०. अब, माथिका प्रकरणहरुमा विवेचित पृष्ठभूमिहरुको आधारमा रिट निवेदनमा विचारणीय रहेको **पहिलो प्रश्न** नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीको हकमा धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मत लिनुपर्ने प्रावधान आकर्षित हुन्छ वा हुँदैन ? भन्ने विषयमा विश्लेषण गर्दा, नेपालको संविधानले प्रदेश सरकार गठनका सम्बन्धमा के कस्ता संवैधानिक प्रावधान राखी के कस्ता सरकार गठन हुन सक्ने व्यवस्था गरेको छ भनी हेर्नुपर्ने देखियो। संविधानको धारा १६८ मा "प्रदेश मन्त्रिपरिषद्को गठन" शिर्षक राखी उपधारा (१) मा संविधानले पहिलो प्राथमिकता दिएको सरकारको गठन सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार, "प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ" भनिएको छ। उपधारा (१) बमोजिमको सरकार बन्न नसकेको स्थितिमा दोस्रो प्राथमिकताको सरकारको व्यवस्था ऐ. धाराको उपधारा (२) मा गरिएको छ। जसअनुसार, "प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ" भन्ने व्यवस्था गरेको छ। प्रदेशसभाको निर्वाचन भएको ३० दिनभित्र उपधारा (२) बमोजिमको मुख्यमन्त्री नियुक्त हुन नसकेमा वा त्यसरी

नियुक्त मुख्यमन्त्रीले ऐ.धाराको उपधारा (४) बमोजिम प्रदेशसभाबाट ३० दिनभित्र विश्वासको मत लिन नसकेमा तेस्रो प्राथमिकताको मुख्यमन्त्रीको नियुक्तिको व्यवस्था ऐ. धाराको उपधारा (३) मा गरिएको छ। जसअनुसार, "प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ।" यसरी उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले समेत उपधारा (४) बमोजिम ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनु पर्नेछ। सो हुन नसकेमा चौथो प्राथमिकताको मुख्यमन्त्री नियुक्तिको ऐ.धारा १६८ को उपधारा (५) को संवैधानिक व्यवस्था सक्रिय हुनेछ। संविधानको धारा १६८ को उपधारा (५) मा निम्न व्यवस्था रहेको छ "उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नेछ।" यो उपधारा बमोजिम नियुक्त मुख्यमन्त्रीले समेत ऐ. धारा को उपधारा (६) मा लेखिए बमोजिम उपधारा (४) को व्यवस्था बमोजिम ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनु पर्नेछ।

५१. नेपालको संविधानको धारा १६८ अन्तर्गत नियुक्त मुख्यमन्त्रीका सम्बन्धमा बहुमत प्राप्त संसदीय दलको नेताको हकमा बाहेक अन्य अवस्था बमोजिम नियुक्त सबै मुख्यमन्त्रीको हकमा मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनु पर्नेछ भन्ने बाध्यात्मक संवैधानिक व्यवस्था समान रुपमा आकर्षित हुने देखिन्छ। बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्री नियुक्त भएको अवस्थामा यस्तो मुख्यमन्त्रीसँग प्रदेशसभामा बहुमत रहेको छ वा छैन भन्ने प्रश्न आकर्षित नै नहुने भएकाले नियुक्तपछि ३० दिनभित्र बहुमत प्रमाणित गर्नुपर्ने स्थिति नरहने भएकाले सोही बमोजिमको संवैधानिक व्यवस्था गरिएको देखिन्छ। तर यस्तो मुख्यमन्त्रीको हकमा समेत निजले प्रतिनिधित्व गर्ने दल विभाजित भएको कुनै पनि समयमा सोको ३० दिनभित्र यस्तो मुख्यमन्त्रीले समेत संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभामा विश्वासको मत प्रमाणित गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ। यसबाट समेत बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्री भएको अवस्था होस् वा अन्य कुनै अवस्थाबाट नियुक्त मुख्यमन्त्रीको हकमा होस् प्रदेशसभाका बहुमत सभासदको समर्थन सदासर्वदा रहेको अवस्थामा मात्र मुख्यमन्त्री आफ्नो पदमा रहन सक्ने र निजको नेतृत्वमा प्रदेश मन्त्रिमण्डल क्रियाशील हुनसक्ने व्यवस्था नेपालको संविधानले गरेको देखिन्छ।

५२. नेपालको संविधानले प्रदेश सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत (Vote of Confidence) लिनुपर्ने दुई अलग अलग अवस्था सम्बन्धी बाध्यात्मक व्यवस्था गरेको पाइन्छ। धारा १६८ को उपधारा (१) बमोजिम बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्रीले नियुक्तिपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान

संविधानमा नरहेको अवस्थाबाहेक ऐ. धाराको उपधारा (२), उपधारा (३) र उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले नियुक्ति भएको ३० दिनभित्र उपधारा (४) बमोजिम प्रदेशसभाबाट विश्वासको मत अनिवार्य रुपमा लिनु पर्दछ। नियुक्तिपछि मुख्यमन्त्रीलाई आफूले विश्वास गुमाएको महशुस भएमा वा विश्वासको मत प्राप्त गरेको मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वास गुमाएको अर्थात् बहुमत गुमाएको अवस्था सिर्जना भएमा संविधानको धारा १८८ को उपधारा उपधारा (१) वा उपधारा (२) बमोजिम विश्वासको मत लिन सक्ने वा लिनु पर्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। धारा १६८ को उपधारा (१) बमोजिम नियुक्त मुख्यमन्त्रीको हकमा समेत अन्य उपधारा बमोजिम नियुक्त मुख्यमन्त्रीले सरह उपधारा (४) बमोजिम प्रदेशसभाबाट ३० दिनभित्र विश्वासको मत लिनुपर्ने अवस्था नरहे पनि कुनै कारणले कुनै पनि बखत आफू माथि प्रदेशसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था धारा १८८ को उपधारा (१) मा गरिएको छ।संविधानको धारा १६८ को उपधारा (१) बमोजिमको मुख्यमन्त्री होस् वा उपधारा (२), उपधारा (३) वा उपधारा (५) बमोजिमको मुख्यमन्त्री किन नहोस्, त्यस्तो मुख्यमन्त्रीले प्रदेशसभाको विश्वास आफूउपर कायम छ र आफूले गरेका निर्णय वा गतिविधिमा प्रदेशसभाको बहुमत सदस्यको विश्वास र समर्थनमा भइरहेको छ भन्ने देखाउनु पर्ने भएमा वा देखाउन चाहेमा मुख्यमन्त्रीले आफ्नो स्वेच्छाले विश्वासको मतको प्रस्ताव राख्न सक्ने प्रावधान धारा १८८ को उपधारा (१) मा गरेको छ। तर यो भन्दा फरक बाध्यात्मक संवैधानिक व्यवस्था धारा १८८ को उपधारा (२) मा रहेको छ।

५३. नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुई भन्दा बढी दलको समर्थनमा नियुक्त मुख्यमन्त्री वा उपधारा (३) बमोजिम प्रदेशसभामा सबभन्दा बढी प्रदेशसभा सदस्य रहेको संसदीय दलको नेता मुख्यमन्त्री वा उपधारा (५) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएका कारण नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम नियुक्त भएको मितिले ३० दिनभित्र विश्वासको मत प्राप्त गरी सकेपछि "मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा" सोको ३० दिनभित्र मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत लिनु पर्ने बाध्यात्मक संवैधानिक व्यवस्था धारा १८८ को उपधारा (२) मा गरिएको छ। यो बमोजिम विश्वासको मत लिन नसकेमा धारा १८८ को उपधारा (३) बमोजिम यस्तो मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ। धारा १८८ को उपधारा (२) को "मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा" भन्ने प्रावधान धारा १६८ को उपधारा (१) अन्तर्गत नियुक्त बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्रीको हकमा समेत लागु हुने देखिन्छ भने सो सहित धारा १८८ को उपधारा (२) को "वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा" भन्ने प्रावधान धारा १६८ को

उपधारा (२) र उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीको हकमा लागु हुनेमा कुनै विवाद रहेको देखिँदैन। धारा १८८ को उपधारा (२) को प्रावधान धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीको हकमा समेत लागु हुन्छ भन्ने प्रत्यर्थीहरुको लिखित जवाफ र सो तर्फबाट बहस गर्नु हुने विद्वान कानून व्यवसायीहरुको तर्कसँग रिट निवेदक र रिट निवेदका तर्फबाट बहस गर्नु हुने विद्वान् कानून व्यवसायीहरुको गंभीर असहमति रहको देखिन्छ। धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री, मुख्यमन्त्री नियुक्तका सम्बन्धमा धारा १६८ मा रहेका अन्य व्यवस्था असफल भएपछि आकर्षित हुने अवस्था रहेको र धारा १८८ को उपधारा (२) मा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएको भन्ने प्रावधान धारा १६८ को उपधारा (२) र उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीको हकमा मात्र आकर्षित हुने भन्ने निवेदक तथा रिट निवेदकतर्फबाट बहस गर्नु हुने केही विद्वान् कानून व्यवसायीहरुको तर्क रहेको देखिन्छ।

५४. नेपालको संविधानको पहिलो वाक्य "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता" भन्ने रहेको छ। संविधानको प्रस्तावना यहि वाक्यबाट प्रारम्भ भई हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले "संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं" भन्ने वाक्यबाट प्रस्तावनाको अन्त्य भएबाट नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको र नेपाली जनताले संविधान सभाको माध्यमबाट नेपालमा दिगो शान्ति स्थापना गरी सुशासन, विकास र समृद्धिको आफ्नो आंकाक्षा पुरा गर्न यो संविधान जारी गरेको व्यहोरा समेत संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको छ। नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको र यसको प्रयोग संविधानमा व्यवस्था भए बमोजिम हुनेछ भन्ने व्यहोरा संविधानको धारा २ मा उल्लेख गरिएबाट सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको कार्यकारी अधिकार नेपालको संविधानमा व्यवस्था भएबमोजिम निजहरुबाट निर्वाचित जनप्रतिनिधिहरु मध्येको बहुमत प्राप्त व्यक्तिले नेतृत्व गरेको संघीय वा प्रदेश मन्त्रिमण्डलबाट मात्र प्रयोग हुन सक्ने व्यवस्था संविधानका प्रावधानहरुमा रहेको छ भन्नेमा मतैक्य नै रहेको छ। प्रदेश सरकार गठनको सम्बन्धमा धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री सामान्य प्रक्रियाबाट सरकार गठन हुन नसकेको अवस्थामा अपवादात्मक स्थितिमा प्रदेशसभाले बहुमत जुटाउन सक्ने जो कोही प्रदेशसभाको सदस्यको हकमा आकर्षित हुने भएकाले उपधारा (१), (२) वा (३) अन्तर्गत नियुक्त मुख्यमन्त्रीको हकमा आकर्षित हुने धारा १८८ को उपधारा (२) को व्यवस्था निजको हकमा आकर्षित हुँदैन भन्नका लागि संविधानमा नै स्पष्ट भाषामा त्यस्तो अपवादात्मक व्यवस्था राखिएको हुनुपर्दछ। संसदीय व्यवस्थामा सरकार सदासर्वदा संसदको निगरानी र नियन्त्रणमा रहने हुँदा संसदमा (जनप्रतिनिधिमूलक सभा/प्रतिनिधि सभा) बहुमत कायम नरहेको मुख्यमन्त्री वा सरकारले आफ्नो वैधता वा कार्य सञ्चालन

गर्ने सामर्थता गुमाउन पुग्दछ। संविधानको धारा १६८ को उपधारा (१) वा उपधारा (२) वा उपधारा (३) बमोजिमको सरकारसँग प्रदेशसभामा सदासर्वदा बहुमत कायम रहनपर्ने र उपधारा (५) बमोजिम गठन भएको सरकारसँग सोही बमोजिम बहुमत कायम रहन नपर्ने व्यवस्था संविधानले गरेको पाइदैन। ऐ. धाराको उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री र उनको नेतृत्वमा गठित प्रदेश सरकारले समेत उपधारा (१) वा (२) वा (३) बमोजिम नियुक्त मुख्यमन्त्री वा गठित सरकारले सरह सदनमा वार्षिक बजेट पेश गरी पास गराउन बहुमत कायम राख्नु पर्दछ। विधेयकहरु, धन्यवादको प्रस्ताव लगायत अन्य कतिपय संसदीय काम कारबाहीमा (सरकार विरुद्ध पेश हुने वा सचेत गराउने प्रस्ताव आफ्नो पक्षमा हुने गरी पास गर्न वा असफल गराउन) समेत निरन्तर बहुमत कायम रहनु पर्दछ। बहुमत कायम हुन नसकेमा त्यस्तो सरकारले संसदको सामना गर्न नसकी संसदको प्रक्रिया बाहिर गई अध्यादेशको सहारामा कानून निर्माण गरी सरकार सञ्चालन गर्ने परिस्थिति सिर्जना हुन गई सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफ्ना जनप्रतिनिधिको बहुमतबाट शासन सञ्चालन गर्ने संविधानको आधारभूत मान्यता विखण्डीत हुन जान्छ।

५५. त्यसैगरी संविधानको धारा १६८ बमोजिम गठन हुने सबै मन्त्रिपरिषद्को हकमा धारा १६८ को उपधारा (१०) को व्यवस्था समान रुपले आकर्षित हुन्छ, जहाँ भनिएको छ, "मुख्यमन्त्री र मन्त्री सामूहिक रुपमा प्रदेशसभा प्रति उत्तरदायी हुनेछन र मन्त्रीहरु आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति उत्तरदायी हुनेछन।" यो प्रावधानमा उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री र गठित मन्त्रिपरिषद्को हकमा यो व्यवस्था लागु नहुने वा अन्य कुनै व्यवस्था लागु हुने भनिएको छैन। प्रदेश सभाप्रति उत्तरदायी हुने भनिएको अर्थ प्रदेशसभाको बहुमतको विश्वास सदासर्वदा कायम राखेको वा राख्न सकेको मुख्यमन्त्रीले मात्र प्रदेशसभाप्रति उत्तरदायी हुन सक्ने वा प्रदेशसभाले जवाफदेही वा उत्तरदायी बनाउन खोजेका बखत त्यसको सामना गरी सफलता हासिल गर्न सक्ने हुन्छ। प्रदेशसभाको बहुमतको विश्वास गुमाएको वा अल्पमतमा परेको स्पष्ट देखिएको मुख्यमन्त्री प्रदेशसभाले खोजेका बखत जवाफदेही वा उत्तरदायी बन्न नसक्ने र त्यस्तो मुख्यमन्त्रीले प्रदेशसभाको सामना गर्न नचाहने वा सामना गर्दा बहुमतको विश्वास गुमाउने हुँदा यस्तो अवस्थाको निरन्तरतालाई लोकतन्त्रको वा संसदीय शासन प्रणालीको वा नेपालको संविधानले परिकल्पना गरे बमोजिम प्रदेश सरकार गठन भएको मान्न मिल्ने देखिँदैन। निवेदक तत्कालीन मुख्यमन्त्रीले प्रदेशसभामा आफ्नो बहुमत कायम रहेको दावी रिट निवेदनमा गर्न सकेको देखिँदैन र रिट निवेदकका तर्फबाट बहस गर्नु हुने विद्वान् कानून व्यवसायीहरुबाट समेत सो बमोजिमको दावी नरहेको परिप्रेक्ष्यमा अल्पमतमा रहेको मुख्यमन्त्रीले अल्पमतमा परेको जानकारी प्राप्त गर्नासाथ सोको ३० दिनभित्र धारा १८८ को उपधारा (२) बमोजिम प्रदेश सभाको

बहुमत आफूसँग रहेको प्रमाणित गर्नै पर्ने हुन्छ, अन्यथा सो अगावै पदबाट राजीनामा दिनुपर्ने वा बहुमत प्रमाणित गर्न नसकेमा धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त हुने संवैधानिक व्यवस्थालाई स्वभाविक रुपमा लिनुपर्ने देखिन्छ।

५६. नेपालको संविधानको धारा १६८ को उपधारा (५) को मुख्यमन्त्री प्रदेशसभा गठनका धारा १६८ को उपधारा (१) (२) र (३) बाट मुख्यमन्त्री नियुक्त हुन नसकेको अवस्थामा प्रयोगमा आउने अन्तिम विकल्पको रुपमा संविधान निर्माताले सिर्जना गरेको मौलिक उपाय भएको र यस्तो सरकार प्रदेशसभामा बहुमत सिद्ध गर्न सक्ने प्रदेशसभाको जो सुकै सदस्यको नेतृत्वमा गठन हुन सक्ने संवैधानिक व्यवस्था रहेको र प्रदेशसभा सदस्यहरुले आफू आवद्ध राजनीतिक दलको घेराबाट माथि उठी धारा १६८ को उपधारा (७) बमोजिम प्रदेशसभा विगठन हुन सक्ने अवस्थालाई रोक्नका लागि समेत उपधारा (५) बमोजिमको सरकारको निर्माण गर्न सक्ने व्यवस्था संविधानमा राखिएको हुँदा धारा १८८ को उपधारा (२) यस्तो सरकारको हकमा आकर्षित नहुने भन्ने रिट निवेदक र निजको तर्फबाट बहस गर्नु हुने विद्वान् कानून व्यवसायीहरुको अर्को जिकिर रहेको देखिन्छ। यसैसँग वहाँहरुको तर्क धारा १८८ को उपधारा (२) मा मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा भन्ने प्रावधान रहेकोमा यी दुवै अवस्था धारा १६८ को उपधारा (५) अन्तर्गत नियुक्त मुख्यमन्त्रीको हकमा आकर्षित नहुने र आकर्षित भएमा पनि यी दुवै अवस्था निवेदक मुख्यमन्त्रीको हकमा विद्यमान नरहेको भन्ने समेत जिकिर रहेको पाइन्छ। मुख्यमन्त्रीले प्रतिनिधित्व गरेको दल विभाजनको अवस्था नरहेको र प्रदेशसभाका सदस्यहरुले व्यक्तिगत रुपमा प्रदेश सभासदको हैसियतमा आफूलाई समर्थन गरेको अवस्थामा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएको अवस्था आफ्नो हकमा आकर्षित नै नहुने, राजनीतिक दलले आफूलाई समर्थन नगरी बहुमत प्रदेश सभासद्हरुले आफ्नो सरकारलाई शुरुमा विश्वासको मत दिईसकेको स्थितिमा कुनै दलले समर्थन फिर्ता लिएको भन्ने आधारमा आफ्नो मुख्यमन्त्री पद समाप्त नहुने निवेदकको तर्फबाट जिकिर प्रस्तुत भएको पाइयो।

५७. उल्लिखित प्रश्नको विवेचना गर्न धारा १६८ को उपधारा (५) मा रहेको प्रावधानलाई मसिनो गरी पुनः विवेचना गर्नुपर्ने देखियो। धारा १६८ को उपधारा (५) मा निम्नव्यवस्था रहेको छ, "उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नेछ।" ऐ. धाराको उपधारा (६) मा "उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्ने छ" भनी उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले समेत ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको

मत प्राप्त गर्नुपर्ने व्यवस्थालाई बाध्यात्मक बनाएको छ। उपधारा (५) बमोजिम मुख्यमन्त्री नियुक्त हुन तीनवटा पूर्वावस्थाको विद्यमानता रहेको हुनुपर्ने व्यवस्था सोही उपधाराले गरेको देखिन्छ। पहिलो पूर्वावस्था प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई उपधारा (३) बमोजिम मुख्यमन्त्री नियुक्त भएकोमा सो मुख्यमन्त्रीले नियुक्त भएको मितिले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (५) बमोजिमको मुख्यमन्त्री नियुक्तिको मार्ग प्रशस्त हुने। दोस्रो पूर्वावस्था उपधारा (२) बमोजिमको कुनै सदस्य हुनुपर्ने र तेस्रो पूर्वावस्थाले प्रदेशसभाको विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था हुनुपर्ने देखियो। त्यसो भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था रहेको देखियो। उपधारा (५) बमोजिम मुख्यमन्त्री हुन उपधारा (२) बमोजिमको कुनै प्रदेशसभा सदस्य हुनुपर्ने भन्ने दोस्रो बाध्यात्मक व्यवस्था उपधारा (५) ले गरेको छ। उपधारा (२) भन्नाले धारा १६८ को उपधारा (२) रहेको हुँदा सो बमोजिमको सदस्य भन्नाले कसलाई जनाउँछ भन्नका लागि पुनः धारा १६८ को उपधारा (२) लाई हेर्नुपर्ने देखियो। उपधारा (२) मा भनिएको छ, "उपधारा (१) बमोजिम प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ"।

५८. नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्री बन्ने अवस्था नरहेको स्थितिमा दुई वा दुई भन्दा बढी दलहरुको मिलीजुली सरकार बन्ने र यसरी दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको कुनै पनि सदस्य मुख्यमन्त्री बन्न सक्ने अवस्था ऐ. धारा १६८ को उपधारा (२) मा रहेको अवस्थालाई नै निरन्तरता दिएर उपधारा (५) बमोजिमको सरकारको मुख्यमन्त्री समेत उपधारा (२) बमोजिमको सदस्य भनी संविधानले किटानी गरेको अवस्था हेर्दा दलहरु भित्रकै प्रदेशसभा सदस्य वा दलहरुको समर्थन प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्य उपधारा (५) बमोजिम मुख्यमन्त्री बन्न सक्ने व्यवस्था उपधारा (५) मा रहेको देखियो। उपधारा (५) ले उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा मात्र मुख्यमन्त्री नियुक्त हुन सक्ने भन्ने व्यवस्था गरेको देखिँदा दलहरुको समर्थन रहेको व्यक्ति उपधारा (५) बमोजिम मुख्यमन्त्री भएको मात्र नमिल्ने भन्ने तर्कलाई संविधान सम्मत मान्न मिल्ने देखिँदैन। उपधारा (५) ले उपधारा (२) बमोजिमको कुनै सदस्यले भन्ने व्यवस्था गरेबाट नै उपधारा (२) मा रहेको दलहरुको मिलीजुली वा संयुक्त सरकारको प्रावधानलाई उपधारा (५) ले आत्मासाथ गरेको देखिँदा उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीलाई राजनीतिक दलहरुले समर्थन गरेको नभई राजनैतिक दलको घेराबाट माथि उठी

राजनीतिक दलसँग आबद्ध प्रदेशसभा सदस्यहरुले व्यक्तिगत रुपमा मात्र समर्थन गरेका हुन भन्ने तर्कलाई संविधानको भावना बमोजिमको मात्र मिल्ने देखिँदैन। निश्चय पनि धारा १६८ को उपधारा (५) बमोजिमको प्रदेश सरकार उपधारा (१), उपधारा (२) र उपधारा (३) बमोजिम दलहरुको प्रदेशसभामा उपस्थिति बमोजिम गठन हुने सरकार मध्ये कुनै पनि सरकार गठन हुन नसकेको अवस्थामा प्रदेशसभामा उपधारा (२) बमोजिमको कुनै पनि सदस्यले प्रदेशसभामा बहुमत प्राप्त गर्ने आधार प्रदेश प्रमुख समक्ष पेश गर्न सकेमा निजको अध्यक्षतामा गठन हुने सरकार हो। यस्तो प्रदेशसभा सदस्य प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरु मध्ये कुनै संसदीय दलको नेता मात्र नभएर बहुमत जुटाउन सक्ने कुनै अर्को सदस्य मुख्यमन्त्री हुन सक्ने अवस्थालाई उपधारा (५) ले स्वीकारेको भए पनि त्यस्तो मुख्यमन्त्रीको हैसियत, जिम्मेवारी, दायित्व र प्रदेश सभाप्रति सदासर्वदा उत्तरदायी र जवाफदेही हुनुपर्ने र प्रदेशसभाको विश्वास उसले प्राप्त गरिरहन पर्ने संवैधानिक दायित्वलाई संविधानको कुनै पनि प्रावधानले खुकुलो पारेको नदेखिएको अवस्थामा धारा १८८ को उपधारा (२) को प्रावधान धारा १६८ को उपधारा (५) को मुख्यमन्त्रीको हकमा आकर्षित हुँदैन भन्ने रिट निवेदकको जिकिरलाई संविधान सम्मत मान्न सकिँदैन।

५९. प्रस्तुत संवैधानिक प्रश्नको संवैधानिक इजलासबाटसमेत व्याख्या भईसकेको छ। नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम प्रदेश सरकारको मुख्यमन्त्री नियुक्त हुने प्रावधान र धारा ७६ को उपधारा (५) बमोजिम संघीय सरकारको प्रधानमन्त्री नियुक्त हुने प्रावधानमा समानता रहेको देखिएको र धारा ७६ को उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई कुनै दलसँग आवद्ध प्रतिनिधिसभा सदस्यले आफ्नो विवेक प्रयोग गरी समर्थन गरेमा त्यस्तो सदस्यलाई राजनीतिक दलको ह्विप उल्लघंन गरेको अवस्था रहेछ भने पनि ह्विप नलाग्ने भनी यस अदालतको संवैधानिक इजलासले ०७७-WC-००७१ मा व्याख्या गर्दा त्यस्तो प्रधानमन्त्रीले प्रतिनिधि सभाको विश्वास गुमाएमा वा समर्थन गर्ने दल वा सदस्यहरुले समर्थन फिर्ता गरी धारा ७६ को उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्री अल्पमतमा परेमा त्यस्तो प्रधानमन्त्रीले धारा १०० उपधारा (२) बमोजिम विश्वासको मत लिनु पर्दैन भन्ने व्याख्या गरेको पाइदैन। यस सन्दर्भमा धारा १८८ को उपधारा (२) र धारा १०० को उपधारा (२) प्रावधानको समानतालाई प्रष्ट पार्न धारा १०० को उपधारा (२) को प्रावधानलाई यँहा उधृत गर्नु सान्दर्भिक हुने देखियो। धारा १०० को उपधारा (२) मा भनिएको छ, "प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिन भित्र प्रधानमन्त्रीले विश्वासको मतको लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्न पर्नेछ"। प्रस्तुत रिट निवेदनमा निवेदक केदार कार्कीले गर्नु भएको निवेदन जिकिर विपरीत ०७७-WC-००७१ को फैसलाको प्रकरण ८६ मा धारा ७६ को उपधारा (५) अनुसार "प्रदान

गरिने समर्थन वा व्यक्त गरिने विश्वास दलीय निर्णयको आधारमा पनि गर्न सकिन्छ। साथै प्रतिनिधिसभाका सदस्यहरुले आफ्नो स्वतन्त्र विवेक र बुद्धिमता प्रयोग गरेर पनि समर्थन वा विश्वास व्यक्त गर्न सक्ने देखिन्छ। यसरी दिइएको समर्थन वा विश्वास चिरस्थायी नै हुनुपर्दछ भन्ने पनि हुदैन। अवस्था र परिस्थिति अनुसार दिइएको दलीय वा व्यक्तिगत समर्थन फिर्ता लिन पनि सकिन्छ।" भनी व्याख्या भएबाट धारा १६८ को उपधारा (५) बमोजिम दिने समर्थन समेत दलीय र व्यक्तिगत पनि हुनसक्ने र एकपटक दिएको समर्थन अवस्था र परिस्थिति हेरी दलीय वा व्यक्तिगत रुपमा जहिले सुकै पनि फिर्ता हुनसक्ने अवस्थालाई संविधान विपरीतको मान्न मिल्ने देखिदैन। यसरी समर्थन फिर्ता लिइसकेको अवस्थामा समर्थन फिर्ता भएको तीस दिन भित्र प्रदेश सरकारको मुख्यमन्त्रीको हकमा धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाबाट विश्वासको मत लिनु पर्ने र संघीय सरकारको हकमा प्रधानमन्त्रीले धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधिसभाबाट तीस दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थालाई बाध्यात्मक संवैधानिक दायित्व मान्नुपर्ने देखियो। यसै सन्दर्भमा मिसिल संलग्न प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त रेकर्ड फाइल हेर्दा निवेदक केदार कार्कीलाई मुख्यमन्त्री नियुक्ती गरी पाउन मिति २०८०।०६।२७ मा समर्थन गर्ने ३९ जना प्रदेशसभा सदस्यहरुले निजलाई दिएको समर्थन फिर्ता लिएको भनी मिति २०८०।१२।२६ मा समर्थन फिर्ताको निवेदन माननीय प्रदेश प्रमुखको कार्यालयमा दर्ता गरी सो को बोधार्थ माननीय मुख्यमन्त्री र माननीय सभामुखलाई दिएको देखिन्छ। यसरी ९३ सदस्यीय कोशी प्रदेशसभामा ४७ प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनु भएका निवेदकलाई शुरुमा समर्थन गर्ने ३९ जना संगै थप सदस्यहरु जम्मा ५२ जना प्रदेश सभासदस्यहरुले मिति २०८०।१२।२६ मा समर्थन फिर्ता लिएपछि आफू अल्पमत परेको अवस्थामा धारा १८८ को उपधारा (२) बमोजिम बाध्यात्मक रुपमा विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान एवं संसदीय शासन प्रणालीको सर्वस्वीकार्य मूल्य र मान्यताको पालना निवेदकबाट भएको देखिएन।

६०. अब, विचारणीय रहेको **दोस्रो प्रश्न** धारा १८८ को उपधारा (४) बमोजिमको अविश्वासको प्रस्तावको विकल्पमा प्रदेशसभाबाट संकल्प प्रस्ताव पास गरी धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री परिवर्तन गर्न मिल्छ वा मिल्दैन भन्ने सम्बन्धमा विवेचना गर्नुपर्ने देखियो। निवेदकले आफ्नो रिट निवेदनमा धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरी सकेपछि निजलाई पदबाट हटाउन परेमा धारा १८८ को उपधारा (४) बमोजिम अविश्वासको प्रस्ताव पेश गरी सो प्रस्ताव बहुमतबाट पारित भएपछि मात्र पदमुक्त गर्न मिल्ने, धारा १८८ को उपधारा (२) को सहारा लिएर पदमुक्त गर्न नमिल्ने तर्क गर्नुभएको छ। त्यसैगरी विपक्षीहरुले प्रदेशसभाबाट संकल्प प्रस्ताव पारित गरी सोको आधारमा संकल्प

प्रस्तावलाई अविश्वासको प्रस्तावको विकल्पको रुपमा तैयार पारी गैर संवैधानिक रुपमा आफूलाई मुख्यमन्त्रीको पदबाट पदमुक्त गरिएको हुँदा सो सबै कार्य बदर गरी पाउन समेत माग गर्नुभएको छ। प्रस्तुत दोश्रो विचारणीय प्रश्नको सम्बोधन गर्न संसदीय शासन प्रणालीमा सरकार विरुद्धमा अविश्वासको प्रस्ताव कस्तो अवस्थामा आकर्षित हुन्छ वा हुनसक्छ भन्ने विषयको स्वतन्त्र विवेचना गरी संसदबाट पास हुने संकल्प प्रस्ताव जस्ता प्रस्तावको संवैधानिक हैसियत के हुन्छ भन्ने बारेमा समेत विवेचना गरी निवेदक मुख्यमन्त्रीलाई संकल्प प्रस्तावको आधारमा पदमुक्त गरिएको हो वा होइन भन्ने सम्बन्धमा निष्कर्ष निकाल्नुपर्ने देखिन्छ।

६१. नेपालको संविधानको धारा १०० को उपधारा (४) देखि उपधारा (७) सम्म प्रधानमन्त्री माथि विश्वास छैन भन्ने अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था र धारा १८८ को उपधारा (४) देखि उपधारा (७) सम्म मुख्यमन्त्री माथि विश्वास छैन भन्ने अविश्वासको प्रस्ताव सम्बन्धी हुबहु एकै किसिमको संवैधानिक प्रावधान राखिएको पाइन्छ। रिट निवेदकले धारा १६८ को उपधारा (५) बमोजिमको आफ्नो सरकारका लागि धारा १८८ को उपधारा (२) को विश्वासको मत सम्बन्धी प्रावधान आकर्षित नै नहुने र आफ्नो सरकारलाई हटाउने एउटै प्रावधान धारा १८८ को उपधारा (४) मा रहेको अविश्वासको प्रस्ताव मात्र रहेकोमा सो उपधाराको प्रतिबन्धात्मक वाक्यांशमा तोकिएको समयसिमाका कारण तत्काल आफ्नो सरकार विरुद्धमा अविश्वासको प्रस्ताव पेश हुन नसक्ने भएकाले गैर संवैधानिक ढंगले संकल्प प्रस्तावको सहारा लिई धारा १८८ को उपधारा (२) बमोजिमको विश्वास लिनु भनी संकल्प प्रस्ताव पास गरिएको तर्क लिइएको देखिन्छ। रिट निवेदकले जिकिर लिएको धारा १८८ को उपधारा ४ मा निम्न व्यवस्था रहेको छ, "प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरु मध्ये एक चौथाई सदस्यले मुख्यमन्त्री माथि प्रदेशसभाको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्। तर मुख्यमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्ष भित्र त्यस्तो अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन" भन्ने व्यवस्था रहेको छ।

६२. नेपालको संविधानको धारा १८८ मा प्रदेश सरकारको मुख्यमन्त्री पदमा रहिरहन वा हट्नुपर्ने अवस्थामा आकर्षित हुने "विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था" गरेको पाइन्छ। धारा १८८ ले विश्वासको मत सम्बन्धी व्यवस्थालाई पहिलो प्राथमिकतामा राखी धारा १८८ को उपधारा (१) र उपधारा (२) मा यस सम्बन्धी प्रावधान राखेको छ भने धारा १८८ को उपधारा (४) र सो पछिका प्रावधानमा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था राखिएको छ। उपधारा (४) बमोजिमको अविश्वासको प्रस्तावसँगै अभिन्न अङ्गको रुपमा उपधारा (५) रहेको छ, जसमा उपधारा (४) को अविश्वासको प्रस्तावसँगै मुख्यमन्त्रीको लागि प्रस्तावित सदस्यको नाम समेत

उल्लेख हुनुपर्ने बाध्यात्मक व्यवस्था राखिएको छ। उपधारा (४) र उपधारा (५) लाई साथैं राखेर हेर्दा पहिलो पटक अविश्वासको प्रस्ताव पेश गर्दा न्यूनतम तीनवटा पूर्वशर्तको पालना भएको हुनपर्दछ, पहिलो मुख्यमन्त्री नियुक्त भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेश गर्न मिल्दैन, दोश्रो प्रदेशसभाका एक चौथाई सदस्यले मुख्यमन्त्री माथि प्रदेशसभाको विश्वास छैन भन्ने व्यहोरा सहितको प्रस्ताव हुनुपर्दछ र तेश्रो अविश्वासको प्रस्ताव पेश गर्दा प्रस्तावित नयाँ मुख्यमन्त्रीको नाम साथैं राख्नुपर्नेछ। यसरी पेश भएको प्रस्ताव प्रदेशसभामा कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पास भएमा मुख्यमन्त्री पदमुक्त हुने व्यवस्था उपधारा (६) मा गरिएको छ।

६३. नेपालको संविधान २०७२ जारी भएपछि पटक पटक प्रधानमन्त्री र मुख्यमन्त्रीहरु परिवर्तन भएका उदाहरणहरु रहेपनि अविश्वासको प्रस्तावको माध्यमबाट सरकार परिवर्तन भएको एउटा पनि उदाहरण हामीसँग छैन। यसको पछाडिको कारण पत्ता लगाउन यस सम्बन्धमा रहेको संवैधानिक प्रावधानलाई गहिराइमा पुगेर विश्लेषण गरिनु पर्दछ। साविकको संविधान नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गको संसदीय शासन प्रणालीमा पटक पटक सरकार परिवर्तन भई अस्थिरता पैदा भएको भन्ने आफ्नै उदाहरणलाई मध्यनजर राखी संविधान निर्माताहरुले कम्तीमा २ वर्ष अविश्वासको प्रस्ताव पेश गर्न नपाइने र पेश भएमा बैकल्पिक प्रधानमन्त्री वा मुख्यमन्त्रीको नाम प्रस्ताव हुनुपर्ने गरी धारा १०० को उपधारा (४) र उपधारा (५) सँगै धारा १८८ को उपधारा (४) र उपधारा (५) मा संवैधानिक प्रावधान राखेको भन्ने देखिन्छ। यी प्रावधानलाई नेपालको आफ्नै मौलिक अनुभवको आधारमा राखिएका संवैधानिक व्यवस्था भनी नेपालको संसदीय शासन प्रणालीको मौलिक विशेषता समेत भनिएको भएता पनि प्रधानमन्त्री वा मुख्यमन्त्रीले प्रतिनिधिसभा वा प्रदेशसभामा बहुमत गुमाएको अवस्थामा समेत अल्पमतको सरकारलाई २ वर्षसम्म शासन संचालन गर्न दिन नमिल्ने भएकाले सरकारले संसदमा आफ्नो बहुमत सदासर्वदा कायम राखै पर्दछ भन्ने संसदीय शासन प्रणालीको आधारभूत सिद्धान्तलाई आत्मासाथ गरी धारा १०० को उपधारा (२) र धारा १८८ को उपधारा (२) को प्रावधान संविधानमा राखिएको देखिन्छ। यसबाट हेर्दा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था मूलतः एकल बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री वा मुख्यमन्त्री भई सरकार संचालन भएको अवस्थामा त्यस्तो सरकारसँग प्रतिनिधिसभा वा प्रदेशसभामा बहुमत कायम रहेको देखिरहेको परिस्थितिमा न्यूनतम २ वर्ष त्यस्तो सरकारलाई अनावश्यक दुःख दिएर सरकार संचालनमा बाधा पुऱ्याउन उपयुक्त नहुने भन्ने मान्यताका आधारमा अविश्वासको प्रस्ताव सम्बन्धी संवैधानिक प्रावधानहरु राखिएको देखिन्छ। २ वर्ष पछि पनि एक चौथाई प्रतिनिधिसभा वा प्रदेशसभाका सदस्यहरुले प्रधानमन्त्री वा मुख्यमन्त्री विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता गर्दा भईरहेको प्रधानमन्त्री वा मुख्यमन्त्री अविश्वासको प्रस्ताव पास भई पदमुक्त भएमा

कुन व्यक्ति प्रधानमन्त्री वा मुख्यमन्त्री हुने भन्नेमा समेत पहिल्यै सहमति गरी सो नाम समेत प्रस्ताव गर्नुपर्ने संवैधानिक व्यवस्था भएको देखिन्छ। यसबाट बहुमत प्राप्त स्थिर सरकारलाई हटाई देशमा अस्थिरताको वातावरण सिर्जना हुनबाट रोक्ने चाहना संविधानका निर्माताहरुको रहेको देखिन्छ।

६४. एकल बहुमत प्राप्त सरकारको अलावा पनि विश्वासको मत प्राप्त दुई वा दुई भन्दा बढी दलहरुको संयुक्त वा मिलिजुली सरकार वा सबैभन्दा बढी सदस्यहरु भएको दलको सरकार वा यी कुनै अवस्थाबाट सरकार गठन हुन नसके कुनै सदस्यको नेतृत्वमा गठन भएको सरकारले, गठन भएको ३० दिन भित्र विश्वासको मत प्राप्त गरी सकेपछि विश्वासको मत दिने दल वा सदस्यहरुले निरन्तर विश्वासको मत दिईरहेको अवस्थामा समेत यस्तो बहुमत प्राप्त कुनैपनि सरकारलाई हटाउन संघको हकमा धारा १०० को उपधारा (४) र उपधारा (५) र प्रदेशको हकमा धारा १८८ को उपधारा (४) र (५) को शर्तको पालना गर्नुपर्ने हुन्छ। यसबाट के बुझ्न सकिन्छ भने बहुमत प्राप्त कुनै पनि सरकारलाई काम गर्नबाट कम्तीमा दुई वर्ष बाधा व्यवधान उत्पन्न गर्न नमिल्ने र २ वर्षपछि बहुमत प्राप्त सरकारको विकल्पको खोजी गर्दा समेत नयाँ प्रस्तावित सरकार प्रमुखको नाम प्रस्ताव सहित कम्तीमा १ चौथाई प्रतिनिधिसभा वा प्रदेशसभाका संसद सदस्यले अविश्वासको प्रस्ताव दर्ता गरेको अवस्थामा मात्र उक्त प्रस्तावमा छलफल भई मतदान हुने व्यवस्था संविधानमा राखेको पाइन्छ। यसबाट विश्वास र अविश्वासको प्रस्तावको सम्बन्धमा संविधानले विश्वासको मतलाई प्राथमिकतामा राखी कुनै पनि प्रकारको संघीय वा प्रदेश सरकारसँग बहुमत संसद सदस्यको विश्वास सदासर्वदा कायम रहनुपर्ने र सो अवस्था नरहेको देखिने गरी बहुमत प्राप्त संसदीय दल विभाजित भएमा वा सरकारलाई प्राप्त समर्थन फिर्ता भई सरकारले बहुमत गुमाएको जुनसुकै अवस्थामा सोको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संविधानको व्यवस्था बाध्यात्मक रहेको छ र सरकारसँग बहुमत सांसदहरुको समर्थन रहिरहेको अवस्थाका बीच पनि सरकारका कामकारवाहीका सम्बन्धमा रहेका असन्तुष्टिलाई मुखरित गरी वैकल्पिक सरकार बनाउने प्रयास गर्न सक्ने अवस्थालाई संविधानले स्वीकार गरेपनि सो गर्नको लागि बहुमत कायम रहेको सरकार गठन भएको कम्तीमा २ वर्ष पर्खन पर्ने गरी अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था संविधानमा राखिएको छ। बहुमत कायम रहेको सरकारलाई पहिलो पटक कम्तीमा २ वर्ष निरन्तर काम गर्न दिईनुपर्ने र पहिलो २ वर्षपछि राखिएको अविश्वासको प्रस्ताव असफल भएमा असफल भएको १ वर्षभित्र पुनः अर्को अविश्वासको प्रस्ताव पेश गर्न नसकिने व्यवस्था समेत संविधानमा राखिएको अवस्थाले बहुमत प्राप्त सरकार परिवर्तन गर्ने अनावश्यक गतिविधिलाई निरुत्साहित गर्ने लक्ष्य संविधानले लिएको प्रष्ट देखिन्छ। तर यी कुनैपनि अवस्थामा सरकारसँग बहुमत कायम नरहेको अवस्था सिर्जना

भएमा त्यसको ३० दिन भित्र प्रधानमन्त्री वा मुख्यमन्त्रीले विश्वासको मत लिनैपर्ने संवैधानिक प्रावधानको कार्यान्वयनलाई कुनै पनि बहानामा अन्यथा गर्न सक्ने देखिएन।

६५. प्रतिनिधिसभा तथा प्रदेशसभामा पेश हुने विश्वास र अविश्वासको प्रस्ताव सम्बन्धमा संविधानमा रहेको व्यवस्था यो संविधानको मौलिक व्यवस्था हो होइन भन्ने सम्बन्धमा हेर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ मा विश्वासको मत शिर्षक राखी उपधारा (१) मा "प्रधानमन्त्रीले आफ्नो कार्यकालभित्र कुनै बखत आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रतिनिधिसभामा प्रस्ताव राख्न सक्नेछ।" भन्ने व्यवस्था गरेको देखिन्छ र यो प्रावधानलाई संघीय सरकारको हकमा विद्यमान संविधानको धारा १०० को उपधारा (१) र प्रदेश सरकारको हकमा धारा १८८ को उपधारा (१) ले निरन्तरता दिएको देखिन्छ। अविश्वासको प्रस्तावको सन्दर्भमा २०४७ सालको संविधानको धारा ५९ को उपधारा (२) मा निम्न व्यवस्था रहेको देखिन्छ, "प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्। तर एक अधिवेशनमा एक पटक भन्दा बढी अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन।" यही व्यवस्थालाई सयम सिमा तोकी समयको अन्तराल समेत बढाई बर्तमान संविधानको धारा १०० को उपधारा (४) र धारा १८८ को उपधारा (४) ले निरन्तरता दिएको देखिंदा अविश्वासको प्रस्तावको हकमा रहेको व्यबस्थालाई सम्पूर्णरुपमा यो संविधानको मौलिक प्रयोग भन्न मिल्ने देखिदैन। २०४७ सालको संविधानले प्रतिनिधिसभाका १ चौथाई सदस्यले जुनसुकै बखत अविश्वासको प्रस्ताव दर्ता गर्न सक्ने गरी राखेको व्यवस्थालाई परिवर्तन गरी विद्यमान संविधानले कम्तिमा २ वर्ष अगाडि अविश्वासको प्रस्ताव दर्ता गर्न नसकिने समय सिमा तोकिएको छ भने २०४७ सालको संविधानमा रहेको एक अधिवेशनमा एकपटक भन्दा बढी अविश्वासको प्रस्ताव दर्ता गर्न नसकिने व्यवस्थालाई अविश्वासको प्रस्ताव असफल भएको एक वर्षसम्म अर्को अविश्वासको प्रस्ताव दर्ता गर्न नसकिने समयको अन्तराल तोकिएको देखिन्छ। अविश्वासको प्रस्ताव सम्बन्धमा रहेको उल्लिखित व्यवस्थाको अलावा बर्तमान संविधानको मौलिक प्रयोग भने धारा १०० को उपधारा (५) र धारा १८८ को उपधारा (५) राखिएको छ, जसका कारण अविश्वासको प्रस्ताव दर्ता गर्ने संख्या जुटाई रहँदा प्रस्तावित नयाँ सरकार कसको नेतृत्वमा बन्ने भन्नेमा सहमति जुटाई उक्त सदस्यको नामसमेत प्रस्ताव गरिनुपर्दछ। यस्तो व्यवस्थालाई Constructive vote of no confident भन्ने गरिन्छ।[7] हाम्रो संविधानले अपनाएको Constructive vote of no confidence को यस्तै व्यवस्था जर्मनीको संविधानमा रहेको पाइन्छ। जर्मनीको प्रधानमन्त्रीलाई चान्सलर भन्ने गरिन्छ। जर्मनीमा चान्सलरलाई अविश्वासको प्रस्ताव

[7] हेर्नुहोस्- G.C. Malhotra," Cabinet Responsibility to legislature," Motions of confidence no confidence in Lok sabha and state legislatures Lok sabha, secretariat, Metropolitan,2004

पाससँगै उसको उत्तरधिकारी चयन पछिमात्र पदबाट मुक्त गर्न सकिन्छ। जर्मनीमा पश्चिम जर्मनीको संविधान १९४९ देखि नै यस्तो व्यवस्था राखिएको पछाडि त्यो अगाडिको वाइमर गणतन्त्रमा (Weimar Republic) बहालवाला चान्सरलाई प्रतिपक्षीहरुले बहुमतबाट हटाए पनि अर्को चान्सलरमा सहमति हुन नसक्दा सरकारमा देखिएको अस्थिरताको इतिहासबाट पाठ सिकि नयाँ चान्सलर चयन भएपछि मात्र बहालवाला चान्सलर पद मुक्त हुने अन्यथा उसैले कार्य संचालन गर्ने व्यवस्था रहेको पाइन्छ। यसबाट काम गरिरहेको सरकारलाई अविश्वासको प्रस्तावबाट हटाईसकेपछि नयाँ सरकारको नेतृत्व यो सदस्यबाट हुने भन्ने सुनिश्चितता गर्नैं पर्ने प्रावधानलाई भविष्य अनिश्चिततामा नअलमलियोस र सरकारको नेतृत्वको होडबाजीले अस्थिरताले प्रश्रय नपाओस भन्ने मनसाय संविधान निर्माताहरुमा रहेको देखिन्छ।

६६. विश्वासको मतको हकमा २०४७ सालको संविधानको धारा ५९ को उपधारा (२) मा रहेको प्रावधानलाई वर्तमान संविधानको धारा १०० को उपधारा (१) र धारा १८८ को उपधारा (१) ले निरन्तरता दिएको भएपनि वर्तमान संविधानको धारा १०० को उपधारा (२) र धारा १८८ को उपधारा (२) मा रहेको प्रावधान उक्त संविधानमा रहेको नदेखिएको हुँदा विश्वासको मतका सम्बन्धमा रहेका यी प्रावधानलाई यो संविधानको मौलिक प्रावधान मान्न मिल्ने देखिन्छ। जुनसुकै बखत १ चौथाई प्रतिनिधिसभाका सदस्यले प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव राख्न सक्ने व्यवस्थाले अस्थिरतालाई निम्ता दिएकाले एकपटक विश्वासको मत प्राप्त गरेको सरकार वा बहुमत प्राप्त दलको सरकार विरुद्ध २ वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नदिने संवैधानिक प्रावधान मात्रै राख्दा बीचमा सरकारले बहुमत गुमाएमा अल्पमतको सरकारले निरन्तरता पाउने अवस्थालाई पूर्वानुमान गरी संसदीय शासन प्रणालीको आधारभूत सिद्धान्त र संसदमा बहुमतको विश्वास कायम नरहेको सरकार संचालन हुन नसक्ने व्यवहारिक कठिनाईलाई मध्यनजर राखी वर्तमान संविधानमा धारा १०० को उपधारा (२) र धारा १८८ को उपधारा (२) को प्रावधान राखिएको स्पष्ट हुन्छ। यो संविधानको मूलमर्म एकल बहुमतको सरकार वा एकपटक विश्वासको मत प्राप्त गरेको सरकारले न्यूनतम २ वर्ष काम गर्न पाउनु पर्दछ भन्नेलाई मान्ने हो भने संविधानको धारा १०० को उपधारा (२) र धारा १८८ को उपधारा (२) निरर्थक भएर जान्छ। संविधानको कुनै व्यवस्थालाई निरर्थक र प्रयोगहिन हुने गरी संविधानको व्याख्या हुन सक्दैन। विश्वास र अविश्वासको मतका सम्बन्धमा रहेका धारा १०० र धारा १८८ को प्राथमिकरणको आधारमा यिनीहरुको व्याख्या गर्दै जाँदा समेत सरकार प्रमुखले कुनैपनि समयमा आफ्नो स्वेच्छाले आफ्नो सरकारसँग प्रतिनिधिसभा वा प्रदेशसभाको विश्वास छ भन्ने देखाउनु पर्ने लागेमा विश्वासको प्रस्ताव प्रतिनिधिसभा वा प्रदेशसभामा राख्न सक्ने प्रावधान धारा १०० को उपधारा (१) र धारा १८८ को उपधारा (१) मा रहेको छ भने सोही धाराहरुको

उपधारा (२) मा बाध्यात्मक संवैधानिक प्रावधान राखिएको छ। यो बमोजिम सरकार प्रमुखको दल विभाजित भएमा वा सरकारमा सहभागी दल वा सदस्यले समर्थन फिर्ता लिएमा यस्तो घटना घटेको दिनबाट ३० दिनभित्र सरकार प्रमुखले प्रतिनिधिसभा वा प्रदेशसभामा विश्वासको मतको प्रस्ताव राखी प्रतिनिधिसभा वा प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले यस्तो प्रस्ताव पारित भएमा सरकार प्रमुख र निजको नेतृत्वको सरकारले निरन्तरता पाउँछ, अन्यथा सरकार प्रमुख पदमुक्त हुन्छ। सरकारमा सहभागी दल भन्नाले सो दलमा आवद्ध प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य रहने भन्नेमा द्विविधा मान्नुपर्ने देखिदैन, किनकी कुनैपनि संसदीय दल सांसद सदस्य विना एक्लै अस्तित्वमा रहन सक्दैन। कुनै विषयमा संसदीय दलको ह्विप लाग्ने वा नलाग्ने भन्ने विषयले संसदीय दल र सो दलमा आवद्ध सदस्यहरुलाई अलग अलग विभाजित गरी दुई फरक अस्तित्वका समूह सिर्जना गरेको अर्थ गर्न मिल्दैन। तसर्थ प्रस्तुत रिट निवेदनको सम्बन्धमा बोल्नुपर्दा धारा १६८ को उपधारा ५ बमोजिम नियुक्त मुख्यमन्त्रीले सोही धाराको उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरिसके पछि कुनै दल आवद्ध रहि वा नरही वा दलको निर्णय बमोजिम वा स्वतन्त्र रुपमा मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएका कारण मुख्यमन्त्री अल्पमतमा परेको वा बहुमत प्रदेशसभा सदस्यको समर्थन नरहेको अवस्था सिर्जना भएमा त्यस्तो मुख्यमन्त्रीले धारा १८८ को उपधारा (२) आफ्नो हकमा आकर्षित हुँदैन धारा १८८ को उपधारा (४) बमोजिम अविश्वासको प्रस्तावबाट मात्र आफू पदमुक्त हुने हो भनी गरिएको तर्कलाई संविधानको कुनैपनि प्रावधानले समर्थन गरेको पाइदैन।

६७. नेपालको जस्तै संसदीय शासन प्रणाली अवलम्बन गरेको भारतको संविधानलाई हेर्दा विश्वास र अविश्वासको मत सम्बन्धी हाम्रो संविधानमा रहेको जस्तो व्यवस्था त्यहाँ रहेको पाइदैन। केन्द्र सरकारको हकमा संविधानको धारा ७५ (३) मा रहेको, "The council of ministers shall be collectively responsible to the House of the people" र राज्य सरकारको हकमा धारा १६४ को उपधारा (२) मा रहेको, "The council of ministers shall be collectively responsible to the legislature assembly of the state" भनी केन्द्र सरकार लोकसभा तथा प्रदेश सरकार विधानसभाप्रति जवाफदेही हुनेछन् भन्ने संवैधानिक व्यवस्थाको आधारमा ती सम्बन्धित सभामा सरकारको बहुमत सदासर्वदा कायम रहनुपर्दछ भन्ने मान्यता बमोजिम सरकार संचालन भएको पाइन्छ। संसदीय शासन प्रणालीको मान्यता अनुसार बहुमत सदस्यहरुको समर्थन प्राप्त सदस्यलाई प्रधानमन्त्री वा मुख्यमन्त्रीमा नियुक्त गरिने र आवश्यकता अनुसार प्रधानमन्त्री वा मुख्यमन्त्रीले चाहेमा सम्बन्धित सभा संचालन सम्बन्धी नियमावलीमा भएको व्यवस्था अनुसार विश्वास मत लिने व्यवस्था रहेको पाइन्छ। भारतको केन्द्र सरकारको सम्बन्धमा हेर्दा, यसले सम्पूर्ण समय वा सदासर्वदा लोकसभाको विश्वास आर्जन गरिरहको हुनुपर्दछ। आफूसँग लोकसभाका

सम्पूर्ण सदस्य संख्याको बहुमतको समर्थन प्राप्त छ भन्ने प्रमाणित गर्न विश्वासको मत जित्ने वा अविश्वासको प्रस्ताव असफल गराउनु पर्दछ। भारत स्वतन्त्र भएपछिको इतिहासमा केन्द्रमा प्रधानमन्त्री विरुद्ध २६ पटक अविश्वासको प्रस्ताव र ११ पटक विश्वासको मत लोकसभामा दर्ता भएको देखिन्छ।[8] लोकसभा कार्यसंचालन नियमावली (Rules of procedure and conduct of business in Lok Sabha) को नियम १९८ मा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था रहेको छ, जस अनुसार कुनै एकजना लोकसभा सदस्यले समेत अविश्वासको प्रस्ताव दर्ता गर्न सक्छ, तर त्यस्तो प्रस्तावलाई तत्काल सभामुखले लोकसभा बैठकमा पढेर सुनाएपछि ५० जना सदस्यले समर्थन छ भनी साथ नदिएमा उक्त प्रस्ताव तत्कालै खारेज भई अगाडि बढ्न नसक्ने व्यवस्था नियमावलीमा राखिएको छ। अविश्वासको प्रस्तावले अन्य विचाराधीन प्रस्ताव भन्दा छिटो छलफल तथा मतदानमा प्राथमिकता पाउने भएकाले स्पष्ट बहुमतका साथ चलिरहेका सरकारलाई समेत आरोप लगाउन वा जवाफदेही बनाउन ५० सदस्यसम्मको साथ मिलेमा सरकार विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्ने गरिएको उदाहरण भारतमा रहेको पाइन्छ। ५० जना सदस्यहरुको समर्थन नदेखिएमा यस्तो प्रस्तावभित्र रहेको आरोप वा निन्दाका व्यहोराको बारेमा लोकसभामा पढेरसमेत सुनाइदैन। यदी ५० को संख्या पुरा भएमा मात्र त्यसको व्यहोराबारे जानकारी गराइन्छ। त्यसको कारण एक जना व्यक्तिले प्रस्ताव पेश गर्नासाथ सरकार विरुद्धको आरोप वा निन्दाबारे लोकसभालाई जानकारी गराउन थालिएमा यसले दैनिक गलत परम्परा बसाल्न सक्छ भन्ने तर्कलाई आधार लिइएको पाइन्छ। उदाहरणको लागि प.जवाहरलाल नेहरु भारतका प्रधानमन्त्री रहेका समयमा सरकारसँग प्रचण्ड बहुमत रहेको अवस्थामा २ वटा अविश्वासको प्रस्ताव ३१ अगष्ट १९६१ र ९ नोभेम्बर १९६२ मा पेश भएपनि ५० जना सदस्यहरुको समर्थन नपुगेका कारण दर्ता भएर छलफलमा जान नसकेको देखिन्छ। विश्वास र अविश्वासको दुवै प्रस्ताव पेश हुँदा विश्वासको मतले प्राथमिकता पाई विश्वासको मतको पक्षमा बहुमत नपुगेका कारण बी.पी. सिहको सरकारले राजिनामा गरी अविश्वासको प्रस्तावमा छलफल गर्न आवश्यक नभएको उदाहरण भारतमा देखिन्छ। सरकारको आँखाबाट हेर्दा, विश्वास र अविश्वासको प्रस्तावको उद्देश्य र लक्ष्य एउटै रहेको देखिन्छ। विश्वासको मत सफल गराएर वा अविश्वासको प्रस्ताव असफल गराएर सभामा आफ्नो बहुमत कायम रहेको प्रमाणित सरकारले गर्न सकेमा सरकारले निरन्तरता पाउँछ अन्यथा सरकार प्रमुख पदमुक्त हुने अवस्था सिर्जना हुन्छ।

६८. रिट निवेदकले अविश्वासको प्रस्तावको विकल्पमा प्रदेशसभाबाट संकल्प प्रस्ताव पास गरी आफूलाई मुख्यमन्त्रीबाट पदमुक्त गरिएको कार्य संविधान सम्मत छैन भन्ने जिकिर लिएको सम्बन्धमा विवेचना गर्न निवेदक मुख्यमन्त्रीका विषयमा कोशी प्रदेशसभाले कस्तो संकल्प प्रस्ताव पास गरेको र सो संविधान सम्मत छ वा छैन भन्ने सम्बन्धमा हेर्नुपर्ने

[8] Ibid

देखियो। कोशी प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त कागजात हेर्दा ९३ जना सदस्य रहेको कोशी प्रदेशसभाका ५२ जना सदस्यहरुले हस्ताक्षर गरि मिति २०८०।१२।२६ मा माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी "अधिवेशन वा बैठक बोलाई पाउँ" भनी "कोशी प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू र प्रदेश सरकारका विभिन्न पदाधिकारीलाई संकल्प प्रस्ताव मार्फत आवश्यक निर्देशन दिन तथा अन्य प्रदेश सरकारी अंग तथा निकायलाई समेत निर्देशन वा सन्देश दिन तत्काल प्रदेशसभाको अधिवेशन वा बैठक बोलाउन अत्यन्त आवश्यक देखिएको हुँदा माननीय ज्यूबाट नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम यथासिघ्र प्रदेशसभाको अधिवेशन वा बैठक बस्ने मिति र समय तोकी पाउँन बाञ्छनिय भएकोले हामी तपसिलका सदस्यहरुले यो लिखित निवेदन पेश गरेको छौं।" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। सोही बमोजिम माननीय प्रदेश प्रमुखबाट मिति २०८०।१२।२८ मा निर्णय गरी मिति २०८१।०१।०६ गते बिहिबार दिनको १:०० बजे कोशी प्रदेशसभा हल, विराटनगरमा कोशी प्रदेशसभाको अधिवेशन आह्वान गरेको देखिन्छ।

६९. रिट निवेदनमा कोशी प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन) समेतको संवैधानिक माथि प्रश्न उठाइएको छैन। यो नियमावलीको प्रस्तावनामा नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी प्रदेशसभाले यो नियमावली बनाएको भन्ने व्यहोरा उल्लेख छ। धारा १९४ मा "प्रदेशसभाले आफ्नो कार्य सञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्नका लागि नियमावली बनाउनेछ। त्यसरी नियमावली नबनेसम्म प्रदेशसभाले आफ्ना कार्यविधि आफैं नियमित गर्नेछ।" भनिएको छ। यसबाट प्रदेशसभाले आफ्नो कार्य सञ्चालन गर्ने लगायतका काम कारवाही गर्न आफ्नो लागि आफैं नियमावली बनाउनुपर्ने, यो नियमावली कुनै ऐनले दिएको अख्तियारी बमोजिम नबनी देशको मूल कानून संविधानले दिएको अख्तियारी बमोजिम प्रदेशसभाले निर्माण गर्ने भएकाले प्रदेशसभा संचालनका लागि यसको हैसियत ऐन सरह मान्नु पर्ने देखिन्छ। तसर्थ, यो नियमावली संविधानसँग बाझिएको भन्ने प्रश्न उठी खारेज नभएसम्म संवैधानिक अख्तियारी बमोजिम बनेको नियमावलीमा रहेको प्रावधान बमोजिम भएका काम कारवाहीलाई संविधान सम्मत मान्नुपर्दछ। यो नियमावलीको नियम ७० मा संकल्प प्रस्तुत गर्न सकिने भन्ने शिर्षक अन्तर्गत सोही नियमको उपनियम (१) "यो नियमावलीको अधिनमा रही सार्वजनिक महत्वको देहायको कुनै विषयमा संकल्प पेश गर्न सकिनेछ" भनी सो को (ग) मा "कुनै सन्देश वा निर्देशन दिन" प्रदेशसभामा संकल्प प्रस्ताव पेश हुन सक्ने व्यवस्था रहेको देखिन्छ। यसरी पेश भएको संकल्प प्रस्तावको सूचना पेश गर्ने तरिका, संशोधन सम्बन्धी शर्त, निर्णय र कार्यान्वयन सम्बन्धी व्यवस्था सोही

नियमावलीको नियम ७१ बाट ७९ सम्ममा राखिएको देखिन्छ। नियमावलीका यी कुनै प्रावधानको प्रकृया बिपरीत संकल्प पेश भएको वा नियमावलीको व्याख्याको प्रश्न उठेको वा नियमावलीको परिधि बाहिर गई संकल्प प्रस्ताव पेश भएको वा हुँदै गरेको भन्ने निवेदकलाई लागेको स्थिति भए सो प्रश्न तत्काल कोशी प्रदेशसभाको प्रदेश सभामुख समक्ष राख्न सक्ने अवस्था नियमावलीको नियम १९८ र १९९ मा रहेको देखिएकोमा सो बमोजिमको कुनै कदम निवेदकबाट अघि बढाइएको भन्ने देखिँदैन।

७०. मिति २०८०।१२।२६ मा कोशी प्रदेशसभाका बहुमत भन्दा बढी सदस्यहरुले संकल्प प्रस्ताव मार्फत आवश्यक निर्देशन दिन प्रदेशसभाको अधिवेशन वा बैठक बोलाउन प्रदेश प्रमुख समक्ष निवेदन पेश गरेपछि प्रदेश प्रमुखले अधिवेशन वा बैठक बोलाउनु पर्ने बाध्यात्मक व्यवस्था संविधानको धारा १८३ को उपधारा (३) मा रहेको देखिन्छ। यसमा भनिएको, "प्रदेश प्रमुखले प्रदेशसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेशसभाको सम्पूर्ण सदस्य संस्थाको एक चौथाई सदस्यहरुले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्नेछ। त्यसरी तोकिएको मिति र समयमा प्रदेशसभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ।" यसरी संविधानले तोकेको शर्त पुरा गरी प्रदेशसभाका १ चौथाई वा १ चौथाई भन्दा बढी सदस्यहरुबाट अधिवेशन वा बैठकको आह्वान गर्न प्रदेश प्रमुखसँग माग गरिए बमोजिम कोशी प्रदेशसभाको बैठक बसी संविधानले दिएको अख्तियारी बमोजिम प्रदेशसभाले आफूले आफ्ना लागि बनाएको नियमावली बमोजिम संकल्प प्रस्ताव पेश भएको देखिंदा संकल्प प्रस्ताव पेश भएको हदसम्मको कार्यलाई संविधान विपरीतको मान्न मिल्ने देखिएन। अब निवेदकले जिकिर लिए सरह संकल्प प्रस्तावले अविश्वासको प्रस्तावलाई विस्थापित गरी मुख्यमन्त्रीलाई पदमुक्त गर्नेसम्मको असंवैधानिक कार्य भएको थियो वा थिएन भन्ने हेर्नुपर्ने देखियो।

७१. अविश्वासको प्रस्ताव कस्तो अवस्थामा दर्ता हुने र विश्वासको मत लिनुपर्ने अवस्था सिर्जना भएको अवस्थामा त्यसलाई नजरअन्दाज गरी अविश्वासको प्रस्तावबाट मात्र पदमुक्त हुने दावी सरकार प्रमुखले गर्न नमिल्ने संवैधानिक व्यवस्थाको बारेमा माथिल्ला प्रकरणहरुमा चर्चा गरिएको छ।नेपालको संविधाको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीलाई धारा १८८ को उपधारा (२) बमोजिमको विश्वासको मतको प्रावधान आकर्षित नहुने र धारा १८८ को उपधारा (४) बमोजिमको अविश्वासको प्रस्ताव मात्र आकर्षित हुनेमा कोशी प्रदेशसभाले पास गरेको संकल्प प्रस्तावमा धारा १८८ को उपधारा (२) बमोजिमको विश्वासको मत लिनु वा नयाँ सरकारको लागि मार्ग प्रशस्त गर्नु भन्ने निर्देशन निवेदक मुख्यमन्त्रीलाई दिइएको निर्णय संविधान विपरीत छ भन्ने निवेदकको विभिन्न निवेदन जिकिर मध्येको एक प्रमुख जिकिर रहेको छ। संविधान सम्मत ढंगले कोशी प्रदेश प्रमुखले मिति २०८०।१२।२८ मा अधिवेशन आह्वान गरेको कोशी

प्रदेशसभाको मिति २०८१।०१।०६ मा बस्ने अधिवेशनमा पेश हुने संकल्प प्रस्ताव मिति २०८१।०१।०३ मा प्रदेशसभामा पेश भई कोशी प्रदेशसभाका सभामुख, उपसभामुख, आन्तरिक मामिला तथा कानून मन्त्री लगायत कोशी प्रदेशसभामा रहेका सबै संसदीय दलका प्रदेशसभाका सदस्यहरुको कार्य व्यवस्था समितिको मिति २०८१।०१।०४ को बैठकले संकल्प प्रस्ताव परिमार्जन गर्न दिएको परामर्श समेतको आधारमा मिति २०८१।०१।०५ मा परिमार्जित संकल्प प्रस्ताव पुनः कार्य व्यवस्था समितिमा पेश भई उक्त संकल्प प्रस्तावमा छलफल गर्ने विधि प्रकृया सम्बन्धमा निर्णय भई छलफल र निर्णयका लागि २०८१।०१।०७ को मिति तोकिएको देखिन्छ। मिसिल संलग्न कोशी प्रदेशसभाका माननीय सभामुखको रिडिङ्ग पेपर २०८१।०१।०७ (दोश्रो बैठक) लाई अध्ययन गर्दा सभामुखले "नेपालको संविधानको धारा १८७ (२) तथा कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम प्रस्तावक माननीय रेवती रमण भण्डारी तथा समर्थक माननीय गणेश प्रसाद उप्रेती र माननीय किशोरचन्द्र दुलालले मिति २०८१।०१।०३ गते कोशी प्रदेशसभा सचिवालयमा दर्ता गराउनु भई कोशी प्रदेशसभाको प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन समेत) को नियम ७३ को उपनियम (३) बमोजिमको संशोधित संकल्प प्रस्तावको विषयमा छलफलको कारवाही प्रारम्भ हुन्छ।" भनी छलफल अघि बढाई संकल्प प्रस्तावको सम्बन्धमा १३ जना प्रदेशसभा सदस्यले आफ्नो भनाई राखेको भन्ने देखिन्छ। माननीय सदस्यहरुले संकल्प प्रस्तावको सम्बन्धमा आफ्नो भनाई राखेपछि प्रदेशसभामा उपस्थित निवेदक माननीय मुख्यमन्त्री केदार कार्कीलाई छलफलमा उठेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिन सभामुखबाट अनुमति दिइएको देखिन्छ। निवेदकले आफ्नो निवेदनमा संकल्प प्रस्ताव संविधान विपरीतको भएकाले आफू उक्त छलफलमा सहभागी नभएको र छलफलमा उठेका प्रश्न तथा जिज्ञासाको जवाफ नदिएको भन्ने जिकिर लिएको देखिदैन। यसबाट प्रदेशसभामा संकल्प प्रस्ताव दर्ता भएको, संकल्प प्रस्तावमा के कस्ता विषय राखिएको र संकल्प प्रस्ताव बहुमत प्रदेशसभा सदस्यले पास गरी आफूलाई के कस्तो निर्देश गरेको भन्नेमा निवेदक तत्कालीन मुख्यमन्त्री पूर्ण रुपमा जानकार रहेको भन्नेमा अन्यथा मान्नुपर्ने देखिएन।

७२. माननीय सभामुखको मिति २०८१।०१।०७ को रिडिङ्ग पेपर हेर्दा प्रस्तावको पक्षमा हुन्छ भन्ने ५२ प्रदेशसभा सदस्य रहेको, हुन्न भन्ने माननीयहरुले उठेर गणनामा सामेल हुन नचाहनु भएको र मत दिन्न भन्ने माननीयहरुको संख्या ३ भएकाले कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम २७ को उपनियम (२) बमोजिमको निर्णय भएको व्यहोरा निश्चय भएको हुँदा उक्त संकल्प प्रस्ताव बहुमतले पारित भएको सुनिश्चित गर्दछु भनिएको पारित संकल्प प्रस्तावको व्यहोरा निम्न बमोजिमको रहेको देखिन्छ। "कोशी प्रदेशसभाका बहुमत प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्री माननीय केदार कार्कीलाई दिएको समर्थन मिति

२०८०।१२।२६ मा फिर्ता लिएको अवस्था हुँदा सो मितिबाट नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाको बैठकबाट विश्वासको मत लिन, सरकारको नियमित कार्य बाहेक दिर्घकालीन महत्वका कुनै निर्णय नगर्नु नगराउनु मुख्यमन्त्री/प्रदेश सरकारलाई कोशी प्रदेशसभाको यो बैठकले निर्देश गर्दछ। साथै नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिमको समयभित्र विश्वासको मत नलिएमा, विश्वासको मत प्राप्त नगरेमा वा मुख्यमन्त्रीज्यूले मार्ग प्रशस्त नगरेमा नेपालको संविधानको धारा १६८ बमोजिम नयाँ सरकार गठन गर्ने यो प्रदेशसभा सक्षम रहेको जानकारी सम्बन्धित निकाय तथा पदाधिकारीलाई सूचना प्रवाह गर्न कोशी प्रदेशसभा सचिवालयलाई निर्देश गर्दछ"।

७३. संसदीय शासन प्रणालीमा सरकारको निर्माण संसदमा बहुमत प्राप्त सदस्यको नेतृत्वमा हुने र सरकार प्रमुख र निजको नेतृत्वको मन्त्रिपरिषद् सदासर्वदा संसदप्रति जवाफदेही हुने भएकाले संविधान बमोजिम आह्वान गरिएको संसदको बैठकले कानून बमोजिमको प्रकृया पुरा गरी सरकार प्रमुख समेतको सहभागितामा छलफल गरी सरकार प्रमुखबाट उठेका विषयमा जवाफसमेत दिई प्रस्तावित विषयमा मत विभाजनबाट निर्णय गरी सरकार प्रमुख, समग्र सरकार र सम्बन्धित अन्य पदाधिकारी र निकायलाई निर्देशन दिएको कार्यलाई संविधान कानून विपरीतको मान्न मिल्ने देखिँदैन। कोशी प्रदेशसभाले बहुमतबाट पास गरेको उल्लिखित निर्णय आफैमा प्रष्ट रहेको देखिँदा त्यसमा थप विवेचना गरिरहनु पर्ने देखिँदैन। मुलतः निवेदक मुख्यमन्त्रीलाई कोशी प्रदेशसभाका बहुमत प्रदेशसभा सदस्यले दिएको समर्थन मिति २०८०।१२।२६ मा फिर्ता लिएको अवस्थामा संविधानको धारा १८८ को उपधारा (२) बमोजिमको संवैधानिक दायित्व निर्वाह गर्न मुख्यमन्त्रीलाई स्मरण गराई उक्त उपधारामा उल्लेखित समयसिमा भित्र विश्वासको मत प्राप्त गर्न नसकेमा वा नलिएमा प्रदेशसभा नयाँ सरकार गठन गर्न सक्षम रहेको जानकारी सम्बन्धित सबैलाई दिने प्रदेशसभा सचिवालयलाई निर्देश दिने निर्णय संकल्प प्रस्तावबाट भएको देखिन्छ। शून्य समय बाहेक संसद भित्र कुनै विषयमा छलफल गर्न औपचारिक प्रस्ताव पेश गरी उक्त प्रस्तावमा के कसरी छलफल गर्ने भन्ने बारेमा सभामुख नेतृत्वको कार्य व्यवस्था परामर्श समितिबाट निर्णय भई व्यवस्थित ढङ्गले छलफल गरी निचोडमा पुग्ने गरिन्छ। औपचारिक प्रस्ताव बिना बैठक स्थगन गर्ने, प्रस्ताव वा संशोधन फिर्ता लिने, बधाई दिने वा शोक प्रकट गर्ने, छलफल स्थगित गर्ने, बैठकको अवधि बढाउने लगायतका विषयहरुमा तत्काल प्रस्ताव भई निर्णयार्थ पेश हुन सक्ने देखिन्छ। यस्ता सामान्य विषय भन्दा अलि समय दिएर छलफल गर्नुपर्ने विषयमा सभा संचालन हुनुभन्दा केही घण्टा अगाडी सोही दिन जरुरी सार्वजनिक महत्वको प्रस्ताव सभामुख समक्ष पेश भई त्यसमा छलफल भई सम्बन्धित मन्त्री वा सरकार प्रमुख स्वयंले जवाफ दिने व्यवस्था समेत रहेको देखिन्छ। त्यो सँगै विलम्बकारी प्रस्ताव वा स्थगन प्रस्तावबाट कुनै

विषयमा भईरहेको छलफल केही दिन पछि गर्न वा सदनको निर्धारित कार्यक्रम स्थगन गरी अर्को जरुरी सार्वजनिक महत्वको प्रस्तावमा छलफल गर्न तत्काल प्रस्ताव पेश हुन सक्ने संसदीय परम्परा वा सो सम्बन्धमा नियमावलीमा व्यवस्था रहेको पाइन्छ। यी विषयहरु भन्दा फरक सार्वजनिक महत्वको कुनै विषयमा संसद वा सभाको संकल्प प्रतिवद्धता (commitment) के रहेको छ भन्ने बारेमा निर्णय गर्न आवश्यक परेमा तत्काल प्रस्ताव पेश गरी छलफल गर्ने नभई केही दिन अगाडी प्रस्ताव पेश गरी सो विषयमा आवश्यकतानुसार सभामुखको संयोजकत्वको कार्य व्यवस्था परामर्श समितिमा समेत छलफल हुने र निर्णयको प्रकृया तय गरी तोकिएको विषयमा प्रवेश गर्ने औपचारिक विधि नियमावलीमा तय गरिएको हुन्छ।

७४. कोशी प्रदेशसभामा मिति २०८१।०१।०७ मा छलफल भई मत विभाजनबाट बहुमतले निर्णय गरेको संकल्प प्रस्तावको औपचारिक विधि प्रकृयाका सम्बन्धमा समेत कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १३ मा "संकल्प" शिर्षकमा अलग्गै परिच्छेद अन्तर्गत नियम ७० देखि ७९ सम्म बिस्तृत कार्यविधिको व्यवस्था भएको देखिन्छ। यो नियम नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार बमोजिम कोशी प्रदेशसभाले बनाएको देखिन्छ भने संविधानको धारा १८७ ले प्रदेशसभाको विशेषाधिकार अन्तर्गत प्रदेशसभा भित्र प्रदेशसभा सदस्यहरुले आफ्नो भावना/भनाई अभिव्यक्त गर्ने, कुनै विषयमा लिखत, प्रतिवेदन, मतदान गर्ने लगायतका अधिकार रहने र प्रदेश सभाभित्रको गतिविधि आफैले नियमित गर्ने र प्रदेशसभाको कुनै काम कारवाही नियमित छ, छैन भनी निर्णय गर्ने अधिकार प्रदेशसभालाई मात्र हुने भन्ने संवैधानिक व्यवस्था रहेको छ। धारा १९१ ले बहसमा बन्देज भनी, "नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा प्रदेशसभामा कुनै छलफल गरिने छैन।" भन्ने विषय बाहेक "यस संविधानको अधिनमा रही प्रदेशसभामा पूर्ण वाक स्वतन्त्रता रहनेछ र प्रदेशसभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्ने, थुनामा राख्ने वा निज उपर कुनै अदालतमा कारवाही चलाइने छैन" भन्ने सम्मको विशेषाधिकार धारा १८७ को उपधारा (१) ले प्रदेशसभाको सदस्यहरुलाई सुनिश्चित गरेको परिवेशमा संविधान बमोजिम नियमावलीमा रहेको प्रावधानको पालना गरी संकल्प प्रस्ताव पास गरी मुख्यमन्त्री, सरकार तथा अन्य सरोकारवाला पदाधिकारीलाई निर्देश गर्न नमिल्ने भन्न मिल्ने देखिँदैन। मिति २०८१।०१।०७ मा कोशी प्रदेशसभाबाट बहुमतबाट पास भएको संकल्प प्रस्तावका संकल्प प्रस्तुतकर्ताले आफूले पेश गर्न चाहेको संकल्पको सूचना तीन दिन अगावै सचिवालयमा पेश गरेको देखिएको, संकल्पको विषय नियम ७० को उपनियम (१)(ग) मा रहेको "कुनै सन्देश वा निर्देश दिन" भन्ने प्रावधान बमोजिमको नै देखिएको र नियम

७० देखि ७९ सम्मका प्रावधानको पालना गरी प्रदेशसभाका बहुमत प्रदेशसभा सदस्यहरुले मिति २०८०।१२।२६ मा समर्थन फिर्ता लिएका कारण मुख्यमन्त्री अल्पमतमा परिसकेको अवस्थामा संविधानको धारा १८८ को उपधारा (२) बमोजिम ३० दिन भित्र विश्वासको मत प्राप्त गर्नु र सो गर्न नसकेमा नयाँ सरकारका लागि मार्ग प्रशस्त गर्नु र सो पनि नभएमा प्रदेशसभाको प्रमुख कर्तव्य मध्येको बहुमतको नयाँ सरकार गठन गर्न प्रदेशसभा सक्षम रहेको सन्देश सहितको निर्देशन दिनुलाई संकल्प प्रस्तावको परिधि बाहिरको निर्णय भनी मान्न मिल्ने देखिँदैन। संकल्प प्रस्तावले नयाँ सरकार घोषणा गरेको वा अविश्वासको मतलाई प्रतिस्थापित गरेको भन्ने समेत नदेखिएको र बहुमत प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्रीलाई दिएको समर्थन औपचारिक रुपमा फिर्ता लिएको अवस्थामा धारा १८८ को उपधारा (२) बमोजिम ३० दिनभित्र विश्वासको मत लिनुपर्ने अन्यथा धारा १६९ (१) बमोजिम मुख्यमन्त्रीको पद रिक्त हुने अवस्था सिर्जना हुन जाने हुँदा बहुमत कायम रहेको सरकार विरुद्ध पेश हुने धारा १८८ को उपधारा (४) को अविश्वासको प्रस्तावको सन्दर्भ नै प्रस्तुत रिट निवेदकको हकमा सिर्जना हुने नदेखिएको हुँदा अविश्वासको प्रस्तावको विकल्पमा प्रदेशसभाबाट संकल्प प्रस्ताव पास गरी धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त निवेदक मुख्यमन्त्री परिवर्तन गरेको भन्ने जिकिर नै असान्दर्भिक र औचित्यहीन देखियो। धारा १६८ को उपधारा (५) बमोजिमको मुख्यमन्त्रीले प्रदेशसभामा बहुमत कायम राखी दुई वर्ष कार्य सम्पादन गरिसकेपछि मुख्यमन्त्रीसँग बहुमत प्रदेशसभाको समर्थन प्राप्त भईरहेको अवस्थामा मुख्यमन्त्रीलाई पदमुक्त गराउनु परेमा निश्चय पनि धारा १८८ को उपधारा (४) को प्रावधान बमोजिम अविश्वासको प्रस्तावबाट मात्र पदमुक्त गर्न सकिनेमा मुख्यमन्त्रीलाई बहुमत प्रदेशसभा सदस्यले दिएको समर्थन फिर्ता भएको अवस्थामा धारा १८८ को उपधारा (२) आकर्षित हुने र सोही बमोजिमको काम कारवाही गर्न प्रदेशसभाले मुख्यमन्त्रीलाई निर्देश गरेको प्रदेशसभाका बहुमत सदस्यहरुको संकलपलाई संविधान विपरीतको मान्न मिल्ने देखिएन।

७५. अब रिट निवेदक तथा निजका तर्फबाट बहस गर्नहुने विद्वान कानून व्यवसायीहरुले उठाउनु भएको यो रिट निवेदनको विचाराधीन तेश्रो प्रश्न धारा १६८ को उपधारा (५) बमोजिमको सरकार कायम रहेको अवस्थामा सोही उपधारा बमोजिम अर्को सरकार गठन हुन सक्छ वा सक्दैन भन्ने प्रश्नको विवेचना गर्नुपर्ने देखियो। रिट निवेदकले धारा १६८ को उपधारा (५) बमोजिमको आफ्नो नेतृत्वको सरकार कायम रहेकै अवस्थामा कोशी प्रदेश प्रमुखबाट सोही उपधारा अन्तर्गत अर्को सरकार गठन गरेको कार्य संविधान विपरीत रहेको दावी लिएको देखिन्छ। सिट खाली (Vacant) नै नभएको अवस्थामा यसरी अर्को व्यक्ति सोही पदमा नियुक्त हुन सक्दैन भन्ने प्रश्नसमेत रिट निवेदकका तर्फबाट बहस गर्नुहुने विद्वान कानून व्यवसायीहरुको बहस जिकिर समेत आएको तर्फ इजलासको ध्यानाकर्षण भएको छ। रिट निवेदकले धारा १६८ को उपधारा (५) बमोजिम

मुख्यमन्त्रीमा नियुक्त भई उपधारा (६) मा तोकिए बमोजिम उपधारा (४) बमोजिम मुख्यमन्त्री नियुक्त भएको तीस दिन भित्र विश्वासको मत प्राप्त गरेकोमा विवाद छैन। मिति २०८०।०६।२७ मा मुख्यमन्त्रीमा नियुक्त भएपछि निवेदक साविकको मुख्यमन्त्रीले ९३ सदस्यीय कोशी प्रदेशसभाबाट मिति २०८०।०७।०१ मा ८६ मतका साथ विश्वासको मत प्राप्त गर्नु भएकोमा समेत विवाद रहेको छैन। यसरी विश्वासको मत प्राप्त गरी सरकार संचालन भई रहेको अवस्थामा मिति २०८०।१२।२६ मा कोशी प्रदेशसभाका ५२ जना बहुमत प्रदेशसभा सदस्यले निवेदक मुख्यमन्त्रीलाई मिति २०८०।०७।०१ मा दिएको विश्वासको मत फिर्ता लिएको जानकारी कोशी प्रदेशका प्रदेश प्रमुख, कोशी प्रदेशसभाका सभामुख र स्वयं निवेदक मुख्यमन्त्रीको कार्यालयलाई दिएपछि त्यसको ३० दिन भित्र धारा १८८ को उपधारा (२) बमोजिम निवेदक मुख्यमन्त्रीले विश्वासको मत नलिएको स्थितिमा मुख्यमन्त्री धारा १६८ को उपधारा (५) बमोजिमको मुख्यमन्त्री कायम रहेको मानिने हो वा पदमुक्त भएको मानिने भन्ने प्रश्न प्रस्तुत विवादमा उठेको देखिन्छ।

७६. लोकतान्त्रिक व्यवस्थाको सुन्दरतमः पक्ष भनेको शान्तिपूर्वक सत्ता हस्तान्तरण हुनुलाई मानिन्छ। स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचनको माध्यमबाट बहुमत मतदाताको अभिमत जसको पक्षमा जान्छ उसले तोकिएको समयसम्म देश र जनताको सेवा गर्ने अवसर प्राप्त गर्दछ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने शासन प्रणालीमा बहुमत मतदाताको चयन बमोजिमको व्यक्तिले तोकिएको समयसम्म त्यस्तो अवसर प्राप्त गर्दछ। संसदीय शासन प्रणालीमा व्यवस्थापिका मध्ये प्रत्यक्ष निर्वाचनबाट गठन हुने सभामा बहुमत प्राप्त गर्ने दलको संसदीय दलको नेता वा बहुमत सभासदहरुको समर्थन प्राप्त गरेको सभाको सदस्यले सरकार प्रमुखको जिम्मेवारी निर्वाह गर्ने अवसर प्राप्त गर्दछ। निवेदक मुख्यमन्त्रीको पक्षमा कोशी प्रदेशसभामा बहुमत कायम रहेको अवस्थासम्म निज मुख्यमन्त्री रही निर्बाद रुपमा कार्य संचालन गरेकोमा कुनै विवाद छैन। जब प्रदेशसभाका बहुमत सदस्यहरुले निवेदक/मुख्यमन्त्रीलाई दिएको समर्थन मिति २०८०।१२।२६ मा फिर्ता लिएको औपचारिक जानकारी सम्बन्धित सबै निकायहरुमा गराएपछि निवेदक मुख्यमन्त्रीको हकमा धारा १८८ को को उपधारा (२) आकर्षित हुने विषयमा माथिका प्रकरणहरुमा विस्तृत विवेचना भईसकेको छ। बहुमत कायम रहेको मुख्यमन्त्रीसँग कुनैपनि अवस्थाबाट बहुमत नरहेको अवस्था सिर्जना भएमा नेपालको संविधानले त्यस्तो मुख्यमन्त्रीलाई प्रदेशसभामा आफ्नो बहुमत प्रमाणित गर्न ३० दिनको सम्म समय दिएको छ। जनमतको कदर गर्ने लोकतान्त्रिक पद्धतिलाई विकसित गर्नका लागि ३० दिन भित्र समेत आफूले पुनः बहुमत प्रदेशसभा सदस्यको समर्थन प्राप्त गर्न सक्ने अवस्था छैन भन्ने लागेमा मुख्यमन्त्रीले तत्काल राजिनामा गर्नु श्रेयष्कर मानिन्छ। कतिपय अवस्थामा पुनः वार्ता छलफलबाट नयाँ परिस्थितिको सिर्जना हुने वा भएका सहयोगी दल वा सदस्यहरुका

स्थानमा अरुले साथ दिने वा नीति वा प्राथमिकतामा पुनर्विचार गरी भईरहेको बहुमत सदस्यहरुको समझदारी वा एकताले निरन्तरता पाउन सक्ने अवस्थाको विभिन्न घटनाक्रम विकसित हुन सक्ने संभावनाहरुलाई समेत मध्यनजर राखी संविधान निर्माताहरुले मुख्यमन्त्रीले प्राप्त गरेको बहुमत कायम रहन नसकी मुख्यमन्त्री अल्पमतमा पुगी विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यताको अवस्थामा समेत ३० दिनको मौकाको अवधी प्रदान गरेको देखिन्छ। धारा १८८ को उपधारा (२) को अवस्था सिर्जना भइसकेपछि कुनै मुख्यमन्त्रीले ३० दिन भित्र विश्वासको मत नलिएमा वा पदबाट राजिनामा समेत नगरेमा के हुने भन्ने अस्वभाविक र अकल्पनीय परिस्थिति सामान्यतः स्वस्थ संसदीय लोकतान्त्रिक शासन व्यवस्थामा सिर्जना हुदैन। किनकी संसदीय शासन प्रणालीमा सरकार गठन गर्न जनप्रतिनिधिमूलक सभामा आफ्नो बहुमत कायम रहेको छैन र बहुमत सिद्ध गर्ने संविधानले तोकेको समय सिमा समाप्त हुनु अगावै बहालवाला सरकार प्रमुखले राजिनामा दिन्छ वा सभाको बैठकमा विश्वासको मतको प्रस्ताव राखी आफूले गरेका वा गर्न खोजेका कार्यक्रमहरुका बारेमा आफ्नो मन्तव्य राखी प्रस्तावको विपक्षमा मतदान भएमा संविधान बमोजिम नै पदमुक्त हुने वा सो सँगै वा मतदान हुनु अगावै पदबाट राजिनामा दिई बहुमत प्राप्त गर्नसक्ने अर्को सभाको सदस्यको नेतृत्वमा नयाँ सरकार गठनका लागि स्वस्थ ढंगले मार्ग प्रशस्त गर्ने गर्दछ। नेपालको पछिल्ला उदाहरुणहरुबाट यही प्रकृयाबाट सरकारहरु परिवर्तन भैरहेको परिप्रेक्ष्यमा निवेदक मुख्यमन्त्रीले मिति २०८०।१२।२६ पछाडी आफूसँग कोशी प्रदेशसभामा बहुमत कायम रहेको प्रमाणित गर्न सकेको नदेखिएको मात्र नभई रिट निवेदनमा सो बमोजिमको दावी समेत गर्नसकेको देखिएन।

७७. नेपालको संविधानको धारा १८८ को उपधारा (२) को अवस्था सिर्जना भएको मुख्यमन्त्रीले तोकिएको ३० दिनको समय सिमाभित्र प्रदेशसभामा विश्वासको प्रस्ताव पेश नगरेमा के हुने भन्ने प्रश्नसँगै निवेदक मुख्यमन्त्रीले धारा १६८ को उपधारा (५) बमोजिमको आफ्नो सरकार कायम रहेको अवस्था र पद नै खाली नरहेको स्थितिमा सोही स्थानमा अर्को मुख्यमन्त्रीको नेतृत्वमा नयाँ सरकार गठन हुन नसक्ने तर्क गर्नु भएको देखिन्छ। संसारका कुनै पनि संविधानमा यस्ता अस्वभाविक र अकल्पनीय परिस्थितिको सिधा शब्दमा जवाफ नभेटिए पनि यस्तो अवस्थामा के हुने भन्ने संविधानको शासकीय प्रणालीको सैद्धान्तिक आधार र संविधानमा रहेका यसै प्रश्नसँग सम्बन्धित संवैधानिक प्रावधानबाट यसको सही जवाफ खोजिनु पर्दछ। कस्तो अवस्थामा मुख्यमन्त्री पदमुक्त हुने भन्ने सम्बन्धमा संविधानको धारा १६९ को उपधारा (१) मा संवैधानिक व्यवस्था गरिएको छ। जसअनुसार "(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजिनामा दिएमा, (ख) धारा १८८ बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा (ग) निज प्रदेशसभाको सदस्य नरहेमा, (घ) निजको

मृत्यु भएमा" यी व्यवस्था मध्ये बहुमत प्रदेशसभा सदस्यहरुले दिएको समर्थन औपचारिक रुपमा फिर्ता लिएपछि निवेदक मुख्यमन्त्रीबाट धारा १६९ को उपधारा (१) को (क) बमोजिम राजिनामाको अपेक्षा हुनसक्छ तर राजिनामा व्यक्तिको नितान्त निजी निर्णयको विषय भएकाले त्यसलाई संवैधानिक बाध्यताको विषय मान्न मिल्दैन। तर धारा १८८ को उपधारा (२) ले सोही धाराको उपधारा (१) मा उल्लेख भए सरह विश्वासको मत लिने वा नलिने भन्ने स्वविवेकीय अधिकार मुख्यमन्त्रीलाई दिएको छैन। उपधारा (२) मा ३० दिनभित्र विश्वासको मतको लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्नेछ भनिएको छ। विश्वासको मत लिनुपर्ने अवस्था परिसकेपछि कुनै मुख्यमन्त्रीबाट विश्वासको मतको प्रस्ताव पेश हुँदैन भन्ने संविधान विपरीतको स्थितिको परिकल्पना संविधान निर्माताले गरेको हुदैन। प्रस्ताव पेश गर्नुपर्नेमा प्रस्ताव पेश नभएमा विश्वासको मत प्राप्त हुन नसक्ने अवस्था रहेको हुँदा प्रस्ताव पेश नगरिएको हो भन्ने स्वतः अनुमान गर्नुपर्ने हुन्छ। प्रस्ताव नै पेश नभएपछि प्रस्ताव बहुमतले पास हुने वा नहुने भन्ने अवस्थाको सिर्जना नै नहुने स्थितिमा पदमा निरन्तर कायम रहने भन्ने अर्थ लगाउँदा संविधान असफलता तर्फ अघि बढ्ने हुँदा त्यो अवस्थालाई स्वस्थ संवैधानिक अभ्यास मान्न सकिन्न। यस्तोमा संविधानको व्याख्या संविधानलाई जिवन्तता दिने दिशातर्फ लैजानेगरी गर्नुपर्ने हुँदा विश्वासको प्रस्ताव राख्नुपर्ने समयसिमा भित्र विश्वासको मतको प्रस्ताव पेश नगरिएमा त्यसलाई विश्वासको मत प्राप्त गर्न नसक्ने स्थितिका कारण उक्त संवैधानिक प्रावधानको स्वेच्छाले परित्याग गरेको मान्नु पर्ने हुन्छ। जसको परिणाम स्वरुप त्यस्तो मुख्यमन्त्री धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त हुन्छ। निवेदक मुख्यमन्त्रीको हकमा समेत यही अवस्था सिर्जना भएको छ। यसरी धारा १८८ को उपधारा (२) बमोजिम ३० दिनभित्र विश्वासको प्रस्ताव राखी विश्वासको मत लिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको परिस्थितिमा सो बमोजिम विश्वास प्रस्ताव नराखेको कारण धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त भएको स्थितिलाई धारा १६९ को उपधारा (१) को खण्ड (ख) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था मान्नुपर्ने देखियो। धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको प्रस्ताव पेश गरी विश्वासको प्रस्ताव पारित भएपछी मात्र मुख्यमन्त्रीमा निरन्तरता रहन सक्नेमा विश्वासको प्रस्ताव नै पेश नभई ३० दिनको समय सिमा समाप्त भई धारा १८८ को उपधारा (३) बमोजिम मुख्यमन्त्री पदमुक्त भई सकेको कारण धारा १६९ को उपधारा (१) को खण्ड (ख) बमोजिम मुख्यमन्त्रीको पद रिक्त भएको देखिन्छ। यसरी मिति २०८०।१२।२६ को ३० दिन पछि बाट निवेदक मुख्यमन्त्रीको हैसियत धारा १६९ को उपधारा (३) बमोजिम कामचलाऊ मुख्यमन्त्रीमा रुपान्तरित भएको देखिँदा धारा १६८ को उपधारा (५) बमोजिमको मुख्यमन्त्री कायम रहेको अवस्था नरहेको स्थितिमा अर्को मुख्यमन्त्री नियुक्त हुन नसक्ने भन्ने निवेदन

जिकिरसँगै निवेदकका तर्फबाट बहस गर्नुहुने विद्वान कानून व्यवसायीहरुको बहस जिकिरसँग सहमत हुन सकिएन।

७८. अब, निरोपण गर्नुपर्ने चौथो प्रश्न कोशी प्रदेशका प्रदेश प्रमुखले मिति २०८१।०१।२६ मा नयाँ सरकार गठनका लागि गरिएको आहान र सो बमोजिम गरिएको मुख्यमन्त्रीको नियुक्ति संविधान सम्मत छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा प्रदेश सरकार गठनका सम्बन्धमा प्रदेश प्रमुखलाई नेपालको संविधानले प्रदान गरेको अधिकार र कर्तव्यका सम्बन्धमा विवेचना गर्नुपर्ने देखियो। नेपालको संविधानको धारा १६३ मा प्रदेश प्रमुख सम्बन्धी व्यवस्था गरेको छ र सोही धाराको उपधारा (१) मा प्रदेश प्रमुख प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा रहने व्यवस्था गरेको छ। प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारको सम्बन्धमा धारा १६६ मा प्रावधान राखिएको छ। सो धाराको उपधारा (१) मा "प्रदेश प्रमुखले यो संविधान वा कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ" भनिएको छ। संविधानले प्रदेश प्रमुखलाई मात्र प्रदान गरेको अधिकारलाई कसरी छुट्टाउने भन्ने सम्बन्धमा हेर्दा सोही धाराको उपधारा (२) मा निम्न व्यवस्था रहेको छ, " उपधारा (१) बमोजिम अधिकारको प्रयोग गर्दा वा कर्तव्यको पालना गर्दा यो संविधान वा कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक प्रदेश प्रमुखबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य प्रदेश मन्त्रिपरिषद्को सिफारिश र सम्मतिबाट हुनेछ। त्यस्तो सिफारिश र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ।" यो व्यवस्था राष्ट्रपतिको काम, कर्तव्य र अधिकारको सम्बन्धमा धारा ६६ को उपधारा (२) सँग हुबहु मिल्ने देखिन्छ। यो संवैधानिक प्रावधान केही परिमार्जन र नियन्त्रण सहित नेपालको अधिराज्यको संविधान २०४७ को धारा ५३(२) को प्रावधानसँग मिल्ने देखिन्छ।तत्कालिन राष्ट्र प्रमुख श्री ५ का सम्बन्धमा उक्त प्रावधानमा भनिएको थियो " श्री ५ बाट मात्र वा मौसुफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिबक्सने भनी किटानी साथ व्यवस्था भएकोमा बाहेक यो संविधान बमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरु मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सनेछ। यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत जाहेर हुनेछ"। २०४७ सालको संविधानमा श्री ५ बाट मात्र गर्ने कार्यमा धारा २८ (२) मा राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने अधिकार र श्री ५ को स्वविवेकमा धारा १२१ मा रहेको राजप्रसाद सेवाका कर्मचारी सम्बन्धी नियम बनाउने अधिकार रहेको देखिन्छ र सो बाहेकका कुनै पनि काम श्री ५ ले मात्र वा श्री ५ को स्वविवेकमा गर्ने भन्ने संवैधानिक व्यवस्था उक्त संविधानमा रहेको पाइदैन।वर्तमान संवैधानिक राष्ट्रपति वा प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था हेर्दा २०४७ सालको संविधानमा तोकिए जस्तो राष्ट्रपति वा प्रदेश प्रमुखले आफूले मात्र वा आफ्नो स्वविवेकमा गर्ने भनी किटानीसाथ कुनै पनि काम,

कर्तव्य र अधिकार नेपालको संविधानमा भएको पाइदैन। यसबाट नेपालको संविधानले पूर्ण संवैधानिक वा आलंकारिक राष्ट्र प्रमुख र प्रदेश प्रमुखको व्यवस्थालाई आत्मसात गरेको देखिए पनि प्रधानमन्त्री वा मुख्यमन्त्री नियुक्तिका सम्बन्धमा राष्ट्रपति वा प्रदेश प्रमुखबाट आवश्यक निर्णय गर्नुपर्ने देखिन्छ।

७९. नेपालको संविधानको धारा १६६ को उपधारा (१) र उपधारा (२) मा व्यवस्थित प्रावधानहरुको रोहबाट हेर्दा प्रदेश सरकार गठनका सम्बन्धमा प्रदेश प्रमुखले कुनै निकाय वा पदाधिकारीको सिफारिस बमोजिम निर्णय गर्नुपर्ने हो वा प्रदेश मन्त्रिपरिषद्को सिफारिस बमोजिम निर्णय गर्नुपर्ने हो भन्ने प्रश्न सिर्जना हुनसक्छ। प्रदेश प्रमुखले मात्र वा निजको स्वविवेकमा कुनै पनि कार्य प्रदेश प्रमुखले गर्न नमिल्ने संविधानको मर्म र भावना बमोजिम कार्य गर्दा प्रदेश सरकार गठनका सम्बन्धमा प्रदेश प्रमुखले बहाल रहेको मन्त्रिपरिषद्को सल्लाह र सम्मति बमोजिम निर्णय लिने हो वा सरकार गठनका लागि संविधानमा भएको व्यवस्था बमोजिम कसैको सिफारिशमा आधारित भएर निर्णय गर्नुपर्ने हो भन्ने प्रश्नको समेत संविधानसम्मत निराकरण गर्नुपर्ने हुन्छ। निर्वाचन पछि प्रदेश सरकार गठन गर्दा बहालवाला मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा मुख्यमन्त्रीको सिफारिसमा निर्णय गर्नुपर्दछ भन्ने हो भने आफ्नो बहुमत नरहेमा वा आफु मुख्यमन्त्री नहुने अवस्थामा फरक सल्लाह वा सिफारिश हुनसक्ने परिस्थितिको समेत सिर्जना हुनसक्ने हुँदा संविधानले तोकेको बाध्यात्मक शर्तको पालना गरी प्रदेश प्रमुखले सरकार गठनका सम्बन्धमा आह्वान गर्नुपर्ने र मुख्यमन्त्री नियुक्त गर्नुपर्ने अवस्थाका कारण स्वविवेकमा निर्णय गर्न नमिल्ने भएपनि प्रदेशसभा सदस्यहरुको समर्थन र भावनालाई मध्येनजर राखी संविधान बमोजिम विवेकसम्मत निर्णय गर्नु पर्ने हुन्छ। यस बमोजिम हेर्दा संविधानले बहुमत प्राप्त संसदीय दल वा बहुमत प्राप्त गर्न सक्ने मिलिजुली सरकार वा सबैभन्दा ठूलो संसदीय दल वा बहुमत प्रदेशसभा सदस्यहरुको समर्थन प्राप्त व्यक्तिको सुनिश्चितता गरी प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नुपर्ने संवैधानिक व्यवस्था धारा १६८ मा रहेको देखिन्छ। यसलाई प्रदेश प्रमुखको संविधानले तोकेको संवैधानिक कर्तव्य मानिनु पर्दछ। धारा १६८ को उपधारा (१) बमोजिम मुख्यमन्त्री नियुक्त गर्दा प्रदेश प्रमुखले प्रदेशसभामा रहेका राजनीतिक दलहरुमध्ये प्रदेशसभामा एकल बहुमत प्राप्त गरेको दलको जानकारी निर्वाचन आयोगबाट प्राप्त गरी सो दलको संसदीय दलबाट संसदीय दलको नेता चयन गरेको आधिकारिक जानकारी प्राप्त गरेको हुनुपर्दछ। यस्तो सरकार प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेताको नेतृत्वमा गठन हुने भएकाले यस्तो सरकारको मुख्यमन्त्री ऐ. धाराको उपधारा (४) बमोजिम ३० दिनभित्र विश्वासको मत दिनुपर्ने बाध्यात्मक प्रावधानबाट बाँधिएको छैन।

८०. नेपालको संविधाको धारा १६८ को उपधारा (१) बमोजिमको मुख्यमन्त्री नियुक्त हुन नसकेमा उपधारा (२) बमोजिमको सरकार गठनको लागि मुख्यमन्त्री नियुक्त गर्न

प्रदेशसभा भित्र रहेका दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा प्रदेशसभा भित्र बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यको खोजी प्रदेश प्रमुखले गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। दुई वा दुई भन्दा बढी दलहरुको समर्थन रहेपनि सो समर्थनले प्रदेशसभामा बहुमत पुग्ने अवस्था नदेखिएमा त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुख बाध्य रहेको देखिदैन। यो अवस्थालाई प्रदेश प्रमुखले स्वविवेकले निर्णय गरेको नमानी संवैधानिक कर्त्तव्यको पालना गरेको अर्थमा बुझिनुपर्दछ। दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्रदेशसभाका सदस्यको समर्थन सहितको दावी प्रति सुनिश्चित हुन प्रदेश प्रमुखले आफ्नो रोहवरमा बहुमत सदस्यहरुको सनाखत गराउने निर्णय गरेमा यसलाई संविधानले तोकेको जिम्मेवारी पूरा गर्न चालिएको विवेक सम्मत निर्णय मान्नुपर्दछ। उपधारा (२) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले उपधारा (४) बमोजिम ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनु पर्ने बाध्यात्मक व्यवस्था रहेको छ। उपधारा (२) बमोजिमको सरकार गठन गर्न दुई वा दुई भन्दा बढी दलहरु असफल भएको अवस्थामा उपधारा (३) बमोजिम प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था रहेको छ। यसरी हेर्दा उपधारा (१) र उपधारा (३) बमोजिमको मुख्यमन्त्री नियुक्तिका सम्बन्धमा संविधानको प्रावधान आफैमा प्रष्ट भएकाले प्रदेश प्रमुखले निर्वाचन आयोगले बुझाएको निर्वाचनको परिणामको आधारमा बहुमत प्राप्त संसदीय दल वा सबैभन्दा धेरै प्रदेशसभा सदस्यहरु रहेको संसदीय दलले चयन गरेको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने हुन्छ। यसमा निर्वाचन आयोगले देखाएको परिणाम र सम्बन्धित संसदीय दलले नेता चयनमा लिएको निर्णय प्रदेश प्रमुखका लागि सिफारिशको रुपमा रहने देखिन्छ। उपधारा (२) को मुख्यमन्त्री नियुक्तिको हकमा निर्वाचन आयोगले देखाएको मत परिणामले संसदीय दलहरुको उपस्थिति र परिणाम संख्यालाई प्रष्ट पार्दछ भने दलहरु मिलेर कुन प्रदेशसभा सदस्यको नेतृत्वमा सरकार गठन हुने भनी बहुमत प्रदेशसभा सदस्यहरुको समर्थन सहितको सिफारिश बमोजिम बहुमतको सुनिश्चितता गरी प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नुपर्ने हुन्छ। उपधारा (२) बमोजिमको मुख्यमन्त्रीले समेत उपधारा (४) बमोजिम ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्दछ।

८१. नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले प्रदेशसभाबाट ३० दिन भित्र विश्वासको मत प्राप्त गर्न नसकेमा सामान्यत सरकार गठनका सबै प्रयास असफल भई उपधारा (७) बमोजिम प्रदेशसभा विघटन गरी ६ महिना भित्र नयाँ प्रदेशसभाको निर्वाचनमा जानुपर्ने अवस्था सिर्जना हुनेमा सो अवस्था रोक्न नेपालको संविधानले धारा १६८ को उपधारा (५) को व्यवस्था गरी उपधारा (२) बमोजिमको कुनैपनि सदस्यले प्रदेशसभाका सम्पूर्ण सदस्य संख्याको बहुमत प्रदेशसभा सदस्यहरुको समर्थन प्राप्त गर्न सक्ने अवस्था प्रदेश प्रमुख समक्ष देखाउन सकेमा धारा १६८ को

उपधारा (५) को अन्तिम विकल्प रोजी प्रदेशसभा विघटन गरी मध्यावधी निर्वाचन रोक्नुपर्ने संवैधानिक व्यवस्था बमोजिम नयाँ सरकारको गठन गर्नुपर्ने व्यवस्था वर्तमान संविधानले गरेको देखिन्छ। उपधारा (५) बमोजिमको मुख्यमन्त्रीले समेत उपधारा (४) बमोजिम मुख्यमन्त्री नियुक्त भएको ३० दिन भित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।यसरी सरसर्ती हेर्दा, उपधारा (२) र उपधारा (५) बमोजिम मुख्यमन्त्री नियुक्तिको प्रकृया र अवस्थामा धेरै नै समानता भेटिन्छ। दुवै प्रावधानमा संसदीय दलको नेता नै मुख्यमन्त्री हुनुपर्ने प्रावधान राखेको देखिदैन। बहुमत सदस्यहरुको समर्थन रहेको प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्न सक्ने व्यवस्था यी दुवै प्रावधानमा राखिएको छ। एउटा आधारभुत फरक भनेको उपधारा (२) मा दलहरुको निर्णयबाट मुख्यमन्त्री नियुक्त हुने प्रदेशसभा सदस्य तोकिने अवस्था रहेको देखिन्छ भने उपधारा (५) मा उपधारा (२) बमोजिमको दलको कुनै सदस्यले दलहरुको निर्णयले नेता नछानिएको अवस्थामा समेत प्रदेशसभाका बहुमत सदस्यहरुको समर्थन जुटाउन सकेमा मुख्यमन्त्री नियुक्त हुनसक्ने अवस्थालाई स्वीकारेको देखिन्छ। यही संवैधानिक व्यवस्थाका कारण निवेदक केदार कार्की कोशी प्रदेशसभा नेपाली काँग्रेस संसदीय दलको नेता नभएर वा संसदीय दलले औपचारिक समर्थन नगरेको अवस्थामा पनि कोशी प्रदेशसभा, नेपाल कम्युनिष्ट पार्टि (एमाले) संसदीय दलमा आवद्ध प्रदेशसभा सदस्यहरु तथा नेपाली काँग्रेस संसदीय दलमा आवद्ध केही प्रदेशसभा सदस्यहरुको समर्थनमा प्रदेशसभामा बहुमत पुऱ्याउन सफल भएका कारण, सो बहुमत पुगेको संख्या सनाखत गराई प्रदेश प्रमुखबाट मिति २०८०।०६।२७ मा कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनु भएको देखिन्छ। यसबाट प्रदेश प्रमुखले धारा १६८ को उपधारा (२) वा उपधारा (५) बमोजिम मुख्यमन्त्री नियुक्त गर्दा बहुमत प्रदेशसभा सदस्यहरुको समर्थन सहित दावी पेश गर्ने विवेकसम्मत समय सिमा तोकी बहुमत प्राप्त प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने संवैधानिक प्रावधान रहेको देखिंदा प्रदेश प्रमुखले स्वविवेकले आफूखुशी निर्णय गर्ने नभई बहुमत प्रदेशसभाको समर्थन प्राप्त व्यक्तिलाई उपधारा (२) वा उपधारा (५) बमोजिम मुख्यमन्त्री नियुक्त गर्नुपर्ने संविधानको प्रावधान बमोजिमको कार्यको सुनिश्चितता गर्न संविधान बमोजिम विवेकसम्मत निर्णय लिनुपर्ने देखिन्छ।

८२. उल्लिखित पृष्ठभूमीमा कोशी प्रदेश प्रमुखले मिति २०८१।०१।२६ मा नयाँ मुख्यमन्त्री नियुक्त गर्दा संविधानको सीमा उल्लङ्घन भयो भएन अथवा उक्त निर्णय संविधानसम्मत थियो वा थिएन भन्नेमा निर्णय गर्नुपर्ने देखियो। माथिका विभिन्न प्रकरणहरुमा चर्चा गरिए बमोजिम निवेदक मुख्यमन्त्री केदार कार्कीलाई दिएको समर्थन बहुमत प्रदेशसभा सदस्यहरुले मिति २०८०।१२।२६ मा औपचारिक रुपमा फिर्ता लिईसकेपछि निवेदक तत्कालिन मुख्यमन्त्रीले ३० दिनभित्र धारा १६८ को उपधारा (२) बमोजिम विश्वासको मत लिन प्रकृया आरम्भ गर्नुपर्नेमा सो गरेको देखिदैन। विश्वासको मत लिनु पर्ने

बाध्यात्मक संवैधानिक प्रावधानका बावजुद विश्वासको मत नलिएमा त्यस्तो मुख्यमन्त्री धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त भई धारा १६९ को उपधारा (१)(ख) को स्थिति सिर्जना भई मुख्यमन्त्रीको पद रिक्त भई त्यस्तो मुख्यमन्त्रीको हैसियत धारा १६९ को उपधारा (३) बमोजिमको काम चलाउ मुख्यमन्त्रीमा रुपान्तरित हुने र सोही अवस्था निवेदकको हकमा मिति २०८०।१२।२६ को ३० दिन पछिबाट उत्पन्न भएको सन्दर्भ समेत माथिका प्रकरणहरुमा विवेचना भैसकेको छ। कोशी प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त कागजातहरु हेर्दा, मिति २०८०।१२।२६ गतेका दिन कोशी प्रदेश प्रमुखलाई सम्बोधन गरी प्रदेशसभा सदस्यहरुको तर्फबाट ४ वटा निवेदन दर्ता भएको देखिन्छ। सर्वप्रथम ९३ सदस्यीय कोशी प्रदेशसभाका ५२ जना बहुमत सदस्यहरुले हस्ताक्षर गरी कोशी प्रदेश सरकार माननीय मुख्यमन्त्री र प्रदेश सरकारका विभिन्न पदाधिकारीलाई संकल्प प्रस्ताव मार्फत आवश्यक निर्देशन दिन नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम यथासिघ्र प्रदेशसभाको अधिवेशन वा बैठक बस्ने मिति र समय तोकी पाउँन निवेदन दर्ता भएको देखिन्छ। दोश्रो मिति २०८०।०६।२७ मा निवेदक मुख्यमन्त्रीमा नियुक्त हुँदाका बखत समर्थन गर्ने ३९ जना प्रदेशसभा सदस्यहरुले ४ वटा विभिन्न आधार र कारण खोली मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको निवेदन दर्ता गरी सोको बोधार्थ माननीय मुख्यमन्त्री र माननीय सभामुखलाई समेत दिएको देखिन्छ। तेश्रो अर्को वैकल्पिक सरकारको गठन सम्बन्धमा भन्ने विषय राखी ५२ जना प्रदेशसभा सदस्यहरुले प्रदेशसभा सदस्य नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता मा. हिक्मत कुमार कार्कीको नेतृत्वमा वैकल्पिक सरकार गठनका लागि दावी प्रस्तुत गर्दछौं भन्ने रहेको देखिन्छ।चौथो, सोही मिति २०८०।१२।२६ मा ५२ जना प्रदेशसभा सदस्यहरुले निवेदक मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको भनी माननीय सभामुख, कोशी प्रदेश सभालाई सम्बोधन गरी यसको बोधार्थ माननीय प्रदेश प्रमुख र माननीय मुख्यमन्त्रीलाई समेत दिएको भन्ने देखिन्छ। यी निवेदनहरुको परिप्रेक्ष्यबाट हेर्दा निवेदक मुख्यमन्त्रीसँग प्रदेशसभाका बहुमत सदस्यहरुको समर्थन नरहेको भन्ने प्रष्ट भईसकेको देखिन्छ। तर धारा १८८ को उपधारा (२) बमोजिम ३० दिन भित्र विश्वासको मतप्राप्त गर्न संविधानले प्रदान गरेको समय सिमा निवेदक मुख्यमन्त्रीसँग रहेका कारण त्यस समय सिमा अगावै प्रदेश प्रमुखबाट नयाँ मुख्यमन्त्रीको नियुक्तिको प्रकृया आरम्भ भएको देखिँदैन।

८३. उल्लिखित निवेदनहरु मध्ये प्रदेश प्रमुखले बाध्यात्मक रुपमा तत्कालै पालना गर्नैपर्ने धारा १८३ को उपधारा (३) बमोजिम प्रदेशसभाका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले प्रदेशसभाको अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्ने आवेदन गरेमा सो बमोजिम मिति र समय तोक्ने निर्णय मिति २०८०।१२।२८ मा गरी मिति २०८१।०१।०६ गते विहिबार दिनको १:०० बजे कोशी प्रदेश सभाहलमा कोशी

प्रदेशको अधिवेशन आह्वान भएको देखिन्छ। यो अधिवेशन कोशी प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम माननीय मुख्यमन्त्री र प्रदेश सरकारका विभिन्न पदाधिकारीलाई संकल्प प्रस्ताव मार्फत आवश्यक निर्देशन दिने भन्ने व्यहोरा अधिवेशन माग गर्दाको निवेदन र प्रदेश प्रमुखले गरेको निर्णयबाट प्रष्ट देखिएको छ। संविधानको प्रावधानको प्रकृया पुरा भएपछि आह्वान भएको अधिवेशन र नियमावलीको प्रकृया पुरा गरी पेश भएको संकल्प प्रस्तावलाई निवेदक स्वयंले तत्काल संविधान विपरीतको कदम भनी कँहीकतै चुनौति दिएको समेत देखिंदैन। अपितु: निवेदक तत्कालीन मुख्यमन्त्रीले संकल्प प्रस्ताव माथि भएको छलफलमा सहभागी भई छलफलमा माननीय प्रदेशसभा सदस्यहरुले उठाएका प्रश्न र जिज्ञाशाहरुको जवाफ दिएपछि प्रस्ताव माथि मतदान भएकोमा प्रस्तावको पक्षमा 'हुन्छ' भन्ने प्रदेशसभा सदस्यहरुको संख्या ५२ रहेको, हुन्न भन्ने कोही नरहेको र मतदानमा सहभागी नहुने ३ जना प्रदेशसभा सदस्यहरु रहेको हुँदा ९३ सदस्यीय प्रदेशसभाको बहुमत सदस्यहरुबाट संकल्प प्रस्ताव पास भएको घोषणा कोशी प्रदेशसभाका सभामुखले मिति २०८१।०१।०७ मा गर्दा निवेदक मुख्यमन्त्री स्वयं प्रदेशसभामा उपस्थित रहेको कोशी प्रदेशसभाका सभामुखको सभाको बैठकको रिडिङ्ग पेपरले समेत देखाएको छ। प्रदेश सरकार गठन वा विघटन गर्ने वा मुख्यमन्त्रीलाई विश्वासको मत दिने वा नदिने संवैधानिक हैसियत रहेको संविधानको धारा १६८ को उपधारा (१०) बमोजिम मुख्यमन्त्री सदासर्वदा उत्तरदायी हुनुपर्ने कोशी प्रदेशसभाका बहुमत सदस्यहरुले "मुख्यमन्त्री केदार कार्कीलाई दिएको समर्थन मिति २०८०।१२।२६ मा फिर्ता लिएको अवस्था हुँदा सो मितिबाट नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाको बैठकबाट विश्वासको मत लिन, सरकारको नियमित कार्य बाहेक दिर्घकालीन महत्वका कुनै निर्णय नगर्न नगराउन मुख्यमन्त्री/प्रदेश सरकारलाई कोशी प्रदेशसभाको यो बैठक निर्देश गर्दछ। साथै नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिमको समय भित्र विश्वासको मत नलिएमा, विश्वासको मत प्राप्त नगरेमा वा मुख्यमन्त्रीज्यूले मार्ग प्रशस्त नगरेमा नेपालको संविधानको धारा १६८ बमोजिम नयाँ सरकार गठन गर्न यो प्रदेशसभा सक्षम रहेको जानकारी सम्बन्धित निकाय तथा पदाधिकारीलाई सूचना प्रवाह गर्न कोशी प्रदेशसभा सचिवालयलाई निर्देश गर्दछ।" भनी पास गरेको संकल्प प्रस्तावको जानकारी कोशी प्रदेशसभा सचिवालयले माननीय प्रदेश प्रमुखलाई मिति २०८१।०१।१० मा पत्रमार्फत गराएको र सो पत्र प्रदेश प्रमुखको कार्यालयमा मिति २०८१।०१।१६ दर्ता भई सोही मितिमा आवश्यक कार्य गर्ने आदेश प्रदेश प्रमुखबाट भएको देखिन्छ। यसको अलाबा यो पत्रको व्यहोरा समेत उल्लेख गरी मिति २०८१।०१।२६ मा कोशी प्रदेशसभा सचिवालयले कोशी प्रदेश प्रमुखको कार्यालयमा पठाएको पत्र प्रदेश प्रमुखको कार्यालयमा सोही मितिमा दर्ता भई "संकल्प

प्रस्तावमा उल्लेखित अवधिभित्र कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम १२८ बमोजिम मुख्यमन्त्रीको तर्फबाट विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव यस सचिवालयमा दर्ता हुन नभएको व्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। कोशी प्रदेशसभा सचिवालयबाट प्राप्त यी दुई पत्रहरु तथा प्रदेशसभाका ५२ जना बहुमत प्रदेशसभा सदस्यहरुले निवेदक मुख्यमन्त्रीलाई दिएको समर्थन मिति २०८०।१२।२६ मा फिर्ता लिएको औपचारिक जानकारी प्राप्त भएको र प्रदेशसभाबाट सोही विषयको आधारमा पास भएको संकल्प प्रस्ताव समेतको आधारमा नयाँ सरकार गठनको आह्वान प्रदेश प्रमुखबाट भएको देखिन्छ।

८४. कोशी प्रदेश प्रमुखले मिति २०८१।०१।२६ मा नयाँ सरकार गठनको आह्वान गर्दा आफ्नो स्वविवेकले वा संविधानको उल्लङ्घन गरी भएको भन्ने उक्त निर्णयको व्यहोराबाट देखिँदैन। प्रदेश सरकारको गठन र सरकारको निरन्तरताको सम्पूर्ण अधिकार बोकेको प्रदेशसभाको बहुमत सदस्यहरुको निर्णयको आधारमा प्रदेश प्रमुखबाट नयाँ सरकारको आह्वान भएको देखिन्छ। उक्त निर्णयलाई यो स्थानमा पुनःउल्लेख गर्नु सान्दर्भिक देखियो। निर्णयमा भनिएको छ, "नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम माननीय मुख्यमन्त्री केदार कार्कीको नेतृत्वमा मिति २०८०।०६।२७ गते गठन भएको कोशी प्रदेश सरकारलाई कोशी प्रदेशका बहुमत सदस्यहरुको विश्वासको मत प्राप्त भएकोमा मिति २०८०।१२।२६ गते कोशी प्रदेशसभाका ५२ जना सदस्यहरुले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको सम्बन्धी निवेदन प्राप्त भएको र कोशी प्रदेशसभा सचिवालयको च.नं. ३३५ मिति २०८१।०१।१० गतेको पत्र मार्फत कोशी प्रदेशसभामा पेश भएको संकल्प प्रस्ताव बहुमतले पारित भएको साथै उक्त सचिवालयको च.नं. ३५० मिति २०८१।०१।२६ गतेको पत्र मार्फत संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको तीस दिनभित्र प्रदेशसभाबाट मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता हुन नआएको जानकारी प्राप्त भएको हुँदा नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकार गठन गर्नको लागि कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने कोशी प्रदेशसभाका कुनै सदस्यलाई मिति २०८१।०१।२८ गते शुक्रबार अपरान्ह ५:०० बजे भित्र आफ्नो दावी पेश गर्न आह्वान गर्ने निर्णय गरेको छु।" यो निर्णय सम्पूर्ण रुपमा प्रदेशसभामा भएको निर्णय र प्रदेशसभाका बहुमत प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएपछि निवेदक मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत प्राप्त नगरेको भन्ने प्रदेशसभाबाट जानकारी भएपछि मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखको संवैधानिक दायित्व पूरा गर्नका लागि भएको देखिन्छ। प्रदेश प्रमुखले आफूलाई स्वविवेकले मुख्यमन्त्री परिवर्तन गर्ने इच्छा जागृत भएको आधारमा वा मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त गर्ने पर्याप्त समय उपलब्ध

नगराई हतारमा हठातमा निर्णय गरेको भन्ने समेत देखिँदैन। मिति २०८१।०१।२६ मा नयाँ सरकार गठनको आह्वानपछि पनि निवेदकसँग कोशी प्रदेशसभाका बहुमत सदस्यहरुको समर्थन प्राप्त रहेको अवस्थामा पुनः मुख्यमन्त्रीमा दाबी गरी सरकार गठन गर्न पाउने हकबाट प्रदेश प्रमुखले निवेदकलाई वञ्चित गरेको भन्ने समेत देखिँदैन। प्रदेशसभामा बहुमत प्रदेशसभा सदस्यहरुले समर्थन नरहेको औपचारिक जानकारी प्राप्त भई सकेपछि संविधानले स्वीकार नगरेको अल्पमतको सरकारलाई तीस दिन भन्दा बढी निरन्तरता दिन नमिल्ने संविधानले तोकेको समय सिमाको उल्लङ्घन हुन नदिने र बहुमत प्रदेशसभा सदस्यहरुको समर्थनमा वैकल्पिक सरकारको स्थापना हुन सक्ने सम्भावनाको खोजी गर्नुपर्ने दायित्व संविधान बमोजिम प्रदेश प्रमुखको नै रहेको अवस्थामा सो लाई सहजीकरण गर्न प्रदेश प्रमुखबाट कोशी प्रदेशसभाका निर्णयहरुमा आधारित भएर गरिएको मिति २०८१।०१।२६ को निर्णयलाई संविधान वा संसदीय शासन प्रणालीको मूल्यमान्यता विपरीतको मान्न मिल्ने देखिएन।

८५. संसदीय शासन प्रणालीमा सरकारसँग बहुमत सांसदहरुको समर्थन छ छैन भनी वैधताको परीक्षण गर्ने एक मात्र सर्वोत्कृष्ट स्थान भनेकै जनप्रतिनिधिमूलक सभा हो। विश्वासको मतको प्रस्तावमा छलफल भएको नभए तापनि कोशी प्रदेशसभामा निवेदक मुख्यमन्त्री समेतको सहभागितामा भएको संकल्प प्रस्ताव माथि मिति २०८१।०१।०७ मा भएको छलफल र मतदानमा बहुमत प्रदेशसभा सदस्यहरुले धारा १८८ को उपधारा (२) ले तोकेको समयसिमा भित्र विश्वासको मत प्राप्त गर्न अन्यथा मार्ग प्रशस्त गर्न निवेदक मुख्यमन्त्रीलाई निर्देश गरेको स्पष्ट देखिएको छ। उक्त प्रस्ताव विफल भएको भए मुख्यमन्त्रीसँग प्रदेशसभाका बहुमत सदस्यहरुको समर्थन कायम रहेको स्वतः प्रमाणित हुन जानेमा सो भएको देखिँदैन। सरकार विरुद्ध संकल्प प्रस्ताव पास हुँदैमा मुख्यमन्त्रीले राजिनामा गर्नुपर्दछ भन्ने संसदीय शासन प्रणालीको स्थापित मान्यता नरहेपनि संकल्प प्रस्तावले दिएको संविधान सम्मत निर्देशनको पालन नगरी मिति २०८०।१२।२६ मा बहुमत प्रदेशसभा सदस्यहरुले दिएको समर्थन फिर्ता लिई सकेपछि संविधानको धारा १८८ को उपधारा (२) बमोजिम ३० दिन भित्र विश्वासको मत लिनु भन्ने प्रदेशसभाले दिएको निर्देशनको पालन नगरेको अवस्थालाई संवैधानिक मर्यादाको उल्लङ्घन कै रुपमा लिनुपर्ने हुन्छ। राज्य सरकारको बहुमत छ छैन भन्ने विषयको परीक्षण गर्ने स्थल राज्यको विधान सभा मात्र हो र विधान सभामा सरकारसँग बहुमत छ छैन भनी परीक्षण नगरी राज्यमा राष्ट्रपति शासन लागू गर्ने गभर्नर (प्रदेश प्रमुख) को सिफारिश संविधान सम्मत छैन भन्ने विषयमा भारतको सर्वोच्च अदालतको नौ सदस्यीय संवैधानिक इजलासले S.R. Bommai and others V Union of India and other, (1994) 3 SCCI, मा लामो व्याख्या गरेको छ। मुख्यमन्त्रीले विधान सभामा बहुमत प्रमाणित गर्छु भन्दा सो अवसर नदिई गर्भनरले राष्ट्रपति शासनको लागि सिफारिस गरेको संविधान सम्मत छैन

भनी त्यहाँ व्याख्या भएको छ भने, प्रस्तुत निवेदनका निवेदक मुख्यमन्त्रीलाई प्रदेशसभामा विश्वासको मत लिन भनी प्रदेशसभाले निर्देश गर्दा समेत निजले सो गरेको देखिँदैन। उल्लेखित S.R. Bommai को मुद्दामा भएका व्याख्याका केही अंश प्रस्तुत विवादमा समेत सान्दर्भिक भएकाले उद्दृरण गरिएको छ, "In all cases where the support to the Ministry is claimed to have been withdrawn by some legislators, the proper course for testing the strength of the Ministry is holding the test on the floor of the House. That alone is the constitutionally ordained forum for seeking openly and objectively the claims and counterclaims in that behalf. The assessment of the strength of the Ministry is not a matter of private opinion of any individual, be he the Governor or the President. It is capable of being demonstrated and ascertained publicly in the House" यो व्याख्यामा भनिएको छ- जुनसुकै अवस्थामा पनि जब सरकारलाई दिएको समर्थन केही सभासदहरुले फिर्ता लिन्छन, सरकारको बहुमतको परीक्षण विधान सभाको बैठकमा नै हुनुपर्दछ। पक्ष विपक्षका दावीहरुको खुला र वस्तुगत रुपमा परीक्षण गर्ने त्यो एकमात्र संवैधानिक स्थान हो। सरकारको शक्तिको मूल्यांकन (बहुमत छ छैन) को परीक्षण कुनै पनि व्यक्तिको धारणा चाहे त्यो गर्भनर को होस् वा राष्ट्रपति होस् निजहरुबाट हुन सक्दैन। सरकारको शक्तिको परीक्षण सार्बजनिक रुपमा सबैले देखे र महशुस गर्ने गरी विधानसभामा हुनुपर्दछ।

८६. यसैगरी सोही मुद्दामा भएको व्याख्यामा भनिएको छ, "wherever a doubt arises whether the Council of Ministers has lost the confidence of the House, the only way of testing it is on the floor of the House except in an extraordinary situation where because of all-pervasive violence, the Governor comes to the conclusion and records the same in his report that for the reasons mentioned by him, a free vote is not possible in the House" यसबाट अझ स्पष्ट पार्दै भनिएको छ, जुनसुकै बेला जब मन्त्रिपरिषद्ले विधानसभाको विश्वास गुमाएको आशंका पैदा हुन्छ, त्यसको परीक्षण गर्ने एकमात्र उपाय विधानसभाको बैठकमा हुन्छ। यसको अपवाद भनेको डरलाग्दो हिंसात्मक अवस्थाको विशेष कारणबाट विधानसभामा स्वतन्त्र मतदान हुन सक्दैन भन्ने गर्भनरको रिपोर्टलाई मात्र मात्र सकिन्छ भनिएको छ। प्रस्तुत निवेदनका रिट निवेदक मुख्यमन्त्रीको हकमा विश्वासको मत प्राप्त गर्ने ३० दिनको अबसर रहेको, बहुमत प्रदेशसभा सदस्यहरुले दिएको समर्थन फिर्ता लिई सरकार अल्पमतमा रहेको र प्रदेशसभा स्वयंले प्रस्ताव पारित गरी विश्वासको मत लिनुहोस्, अन्यथा संविधान बमोजिम मार्ग प्रशस्त गर्नुहोस् भनी अनुरोध गर्दा समेत संविधान र संसदीय शासन प्रणालीको आधारभूत मान्यता विपरीत मुख्यमन्त्री आफ्नो सरकारले निरन्तरता पाउनु पर्दछ भनी लिएको दाबी स्वीकार्य हुन नसक्ने देखिएको परिप्रेक्ष्यमा निजी विचार वा धारणमा आधारित नभई संवैधानिक व्यवस्था र कोशी प्रदेशसभाका बहुमत सदस्यहरुको निर्णयको आधारमा कोशी प्रदेशका प्रदेश प्रमुखले नयाँ सरकार गठन गर्ने मिति २०८१।०१।२६ मा गरेको निर्णय संविधानसम्मत छैन भन्न मिल्ने देखिएन।

८७. रिट निवेदकका तर्फबाट धारा १६८ को उपधारा (५) बमोजिमको सरकार गठन भई सोही धाराको उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरी सकेपछि अर्को मुख्यमन्त्रीको नियुक्ति सोही उपधारा (५) बमोजिम हुन सक्दैन भन्ने प्रश्नसमेत उठेको देखिन्छ। यस सम्बन्धमा विगतमा कोशी प्रदेश सरकार गठनका सम्बन्धमा उठेको विवादमा यस अदालतको पूर्ण इजलासबाट ०८०-WF-०००१ को मुद्दामा मिति २०८०।०४।११ मा व्याख्या भइसकेको देखिन्छ। उक्त मुद्दामा निर्णय दिनुपर्ने दोस्रो प्रश्न नै "नेपालको संविधानको धारा १६८(२) बमोजिम सरकार गठन भई धारा १६८(४) बमोजिम विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन भै आएको क्रममा पछि विकसित घटनाक्रमको सन्दर्भमा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम अर्को सरकार गठन गर्न मिल्छ वा मिल्दैन" भनिएकोमा व्याख्या गरी अर्को सरकार गठन गर्न मिल्छ भनिएको छ। यस मुद्दामा व्याख्या गर्दा रविराज भण्डारी समेत वि. प्रधानमन्त्री श्री मनमोहन अधिकारी समेत ने.का.प. स्वर्ण जयन्ती विशेषाङ्क २०५२ पृष्ठ १ र शेर बहादुर देउवा समेत वि. राष्ट्रपतिको कार्यालय ने.का.प. संवैधानिक इजलास खण्ड २०७९ नि.नं.००२८ पृष्ठ ६२ मा भएको विकल्प रहेसम्म संसद भित्रैबाट सरकार गठनको प्रक्रिया गरिनु पर्दछ भन्ने मान्यता राखिएको विषयहरुलाई समेत उल्लेख गरिएको छ। प्रस्तुत निवेदनसँगको विवादमा निवेदक मुख्यमन्त्रीले धारा १६८ को उपधारा (५) बमोजिम सरकार गठन गरी उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन गरिरहेको अवस्थामा मुख्यमन्त्रीलाई समर्थन गरेका प्रदेशसभामा बहुमत सदस्य संख्या रहेका प्रदेशसभा सदस्यहरुले समर्थन फिर्ता लिएपछि निवेदक मुख्यमन्त्रीले धारा १८८ को उपधारा (२) बमोजिम ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनु पर्नेमा सो नलिएका कारण संवैधानिक विचलन पैदा भएको स्थितिमा सोही विन्दुबाट धारा १६८ को उपधारा (५) अन्तर्गतबाट बहुमत प्रदेशसभा सदस्यहरुको समर्थनमा अर्को मुख्यमन्त्री नियुक्त भई सरकार गठन भई धारा १६८ उपधारा (४) बमोजिम विश्वासको मतसमेत प्राप्त गरिसकेको अवस्थालाई संविधान सम्मत छैन भन्न मिल्ने देखिएन।

८८. अब, निरुपण गर्नुपर्ने अन्तिम प्रश्न, रिट निवेदनको माग बमोजिमको आदेश जारी हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा विचार गर्दा माथिका प्रकरणहरुमा गरिएको व्याख्या विवेचनाहरुको आधारबाट हेर्दा निवेदक तत्कालीन मुख्यमन्त्री केदार कार्की नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम मुख्यमन्त्रीमा नियुक्त भई कोशी प्रदेशसभाका बहुमत सदस्यहरुको समर्थनमा धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरी कार्य सञ्चालन गरिरहेको अवस्थामा ९३ सदस्यीय कोशी प्रदेशसभाको बहुमत ५२ प्रदेशसभा सदस्यहरुले मिति २०८०।१२।२६ मा आफूहरुले दिएको समर्थन फिर्ता लिएको स्थितिमा ३० दिनभित्र नेपालको संविधानको धारा १८८

को उपधारा (२) बमोजिम निवेदकले प्रदेशसभाबाट विश्वासको मत लिनु पर्ने संवैधानिक बाध्यता रहेको भएपनि सो बमोजिम निजले विश्वासको मत लिएको देखिएन। प्रदेशको मुख्यमन्त्री सदासर्वदा प्रदेशसभाप्रति उत्तरदायी रहने नेपालको संविधानको धारा १६८ को उपधारा (१०) को व्यवस्था रहेकोमा संविधानले तोकेको समय सिमाभित्र विश्वासको मत प्राप्त गर्न नसकिरहेको मुख्यमन्त्री प्रदेशसभाप्रति उत्तरदायी र जवाफदेही हुन सक्ने नदेखिएको र तोकिएको समय सिमाभित्र विश्वासको मत प्राप्त गर्न नसक्ने मुख्यमन्त्री धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त हुने संवैधानिक व्यवस्था रहेको अवस्थामा धारा १६९ को उपधारा (१) को खण्ड (ख) को अवस्था सिर्जना भई मुख्यमन्त्रीको पद रिक्त भएको स्थितिमा कोशी प्रदेश प्रमुखबाट मिति २०८१।०१।२६ मा नयाँ सरकार गठनको आव्हान भई कोशी प्रदेशसभाको ५२ जना सदस्यहरुको समर्थनमा नयाँ सरकार गठन भई प्रत्यर्थी मध्येका हिक्मत कुमार कार्की संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भई निज मुख्यमन्त्रीले ९३ सदस्यीय कोशी प्रदेशसभामा ५७ जना प्रदेशसभा सदस्यहरुको समर्थनमा संविधानको धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरिसकेको मिसिल संलग्न कागजातबाट देखिएको हुँदा निवेदकको माग बमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी फैसलाको प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू।

कुमार रेग्मी
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

अब्दुल अजीज मुसलमान
न्यायाधीश

नहकुल सुवेदी
न्यायाधीश

इजलास अधिकृतः- भुपाल भण्डारी (उप-सचिव)/ बिकेश महर्जन (शाखा अधिकृत)
कम्प्यूटर टाईपः- विकेश गुरागाई/ अमिर रत्न महर्जन/ पुजा कंडेल

इति सम्वत् २०८१ साल असार महिना ११ गते रोज ३ शुभम् ------------------------।